# पर्वत जिल्लाको पुरातात्त्विक र सांस्कृतिक अध्ययन

त्रिभुवन विश्वविद्यालय

मानविकी तथा समाजशास्त्र संकाय अन्तर्गत

नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व केन्द्रीय विभाग

स्नातकोत्तर तहका लागि प्रस्तुत शोधपत्र


शोधकर्ता

राजेश परियार

रोल नं. २८००७४

त्रि.वि.दर्ता नं.:– ६-१-४८-२४१-२००३

नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाडौँ


फागुन, २०६९

(क)




पर्वत जिल्लाको पुरातात्त्विक र सांस्कृतिक अध्ययन - राजेश परियार २०६९

# त्रिभुवन विश्वविद्यालय
# नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व केन्द्रीय विभाग
# कीर्तिपुर, काठमाडौँ

## शोधनिर्देशकको सिफारिसपत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा समाजशास्त्र सङ्काय अन्तर्गत नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व विषयमा स्नातकोत्तर उपाधिको आंशिक परिपूर्तिका लागि **राजेश परियार**ले मेरो निर्देशनमा **'पर्वत जिल्लाको पुरातात्त्विक र सांस्कृतिक अध्ययन'** शीर्षकमा शोधपत्र तयार गरेका हुन् । म निजको कार्यबाट सन्तुष्ट छु । अतः प्रस्तुत शोधपत्र परीक्षण मुल्याङ्कनका निमित्त सिफारिस गर्दछु ।

**मितिः– २०६९-०९-०९**

(मदन कुमार रिमाल)

**सह–प्राध्यापक**

**शोधनिर्देशक**

# कृतज्ञता

'**पर्वत जिल्लाको पुरातात्त्विक र सांस्कृतिक अध्ययन**' शिर्षकको प्रस्तुत शोधग्रन्थ त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय, नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व केन्द्रीय विभाग अन्तरगत स्नातकोत्तर उपाधिको आंशिक परिपूर्तिका लागि तयार पारिएको हो ।

यस शोधको प्रारम्भ देखि नै शोधनिर्देशकको रूपमा रहेर मलाई सहयोग र प्रोत्साहन गर्नुहुने सह–प्राध्यापक मदनकुमार रिमाल प्रति हार्दिक कृतज्ञ छु । गुरूले गर्नु भएको सुझाव र सल्लाहको कारण नै यो शोधको आकार बन्न सकेको छ । यसका साथै विभागीय प्रमुख सह–प्राध्यापक डा. धनबहादुर कुँवर ज्यूले पुऱ्याउनु भएको सहयोग अमूल्य रहेको  छ ।

यस शोधको स्थलगत अध्ययनका क्रममा विवरण उपलब्ध गराएर महत्वपूर्ण सहयोग गर्नुहुने; खौलाज्ञादीकोटका पुजारी श्री धुर्वलाल सुवेदी, मोदीवेणी नृसिंह मन्दिर संरक्षण समितिका अध्यक्ष श्री गोपालदास वैरागी, जीताकोट भूमेपूजा संरक्षण समितिका अध्यक्ष श्री जुद्ध बहादुर के.सी., पाङ् मुक्तिनारायण मन्दिरका स्वामी श्री नारायण आचार्य, मल्लाज, माझफाँट निवासी श्री थल बहादुर घर्ती क्षेत्री, काफलचौर उ.मा.वि.का शिक्षक श्री शंकर गुरूङ् , यस्तै दुर्लुङ्कोटको व्यवस्था बाँधेको पत्र उपलब्ध गराएर अत्यन्तै महत्वपूर्ण सहयोग गर्नुहुने कोटका पुजारी श्री नारायण आचार्य, शोधका क्रममा सल्लाह र सुझाव दिएर सहयोग गर्नुहुने त्रि.वि. इतिहास विभागका प्रा.डा. राजाराम सुवेदी र पाङ्को प्राचीन सभ्यताका फोटाहरू उपलब्ध गराएर सहयोग गर्नुहुने पुरातत्त्व विभागका श्री भाष्कर ज्ञवाली प्रति हार्दिक आभारी छु ।

शौक्षिक समय सीमामा रहेर गरिएको यस शोधमा विभिन्न स्थानबाट विभिन्न व्यक्तिहरूले प्रत्यक्ष अप्रत्यक्ष गर्नुभएको सहकार्यको परिणाम स्वरूप प्राप्त यस '**पर्वत जिल्लाको पुरातात्विक र सांस्कृतिक अध्ययन**' शीर्षक शोधले पर्वत जिल्लाको पुरातात्त्विक अध्ययनको शुरुआत गरेको छ ।

**राजेश परियार**

**शोधार्थी**

# विषयसूची

पृष्ठ संख्या

शोधनिर्देशकको सिफारिस पत्र क

शोधपत्रको स्वीकृत पत्र ख

कृतज्ञता पत्र ग

विषयसूची घ–छ

नक्सा

अध्याय एक

**शोध परिचय** **१–७**

१.१ परिचय १

१.२ समस्याकथन २

१.३ अध्ययनको उद्देश्य ३

१.४ पूर्वसाहित्य समीक्षा ३

१.५ अध्ययनको क्षेत्र ६

१.६ अध्ययनको सीमा ६

१.७ अध्ययन विधि ६

१.८ अध्ययनको महत्व ६

१.९ अध्याय विभाजन ७

अध्याय दुई

**पर्वत जिल्लाको भौगोलिक तथा ऐतिहासिक परिचय र जनजीवन** **८–१९**

२.१ भौगोलिक परिचय ८

२.२ ऐतिहासिक परिचय ९

२.३ जनजीवन १६

अध्याय तीन

**पुरातात्त्विक र सांस्कृतिक स्थलहरू** **२०–२६**

३.१ पाङ २०

३.२ खौलाङ्गादीकोट २२

३.३ जुम्लिठाना (माझठाना) २२

३.४ छेउठाना २३

३.५ पुरानो ज्ञादीठाना २३

३.६ अर्जिकोट २३

३.७ दुर्लुङकोट २३

३.८ लिमिभुमेकोट २४

३.९ जिताकोट २४

३.१० मोदीवेणी २५

३.११ धनेश्वर शिवालय २६

**अध्याय चार**

**पुरातात्त्विक वस्तुहरू २७–६९**

४.१ पाङबाट प्राप्त पाषाण औजार २७

४.२ कला २७

४.२.१ मूर्तिकला २८

४.२.१.१ नेपालमा मूर्तिकलाको विकासक्रम २९

४.२.१.२ अध्ययन क्षेत्रमा प्राप्त मूर्तिकला ३२

४.२.१.२.१ धनेश्वर शिवालयका मूर्तिहरू ३२

४.२.१.२.२ मोदीवेणी शिवालयको विष्णु ३४

४.२.१.२.३ पाङबाट प्राप्त भग्न नारीमूर्ति ३५

४.२.१.२.४ जुम्लिठाना देवीस्थानको मूर्ति ३५

४. २.२ वास्तुकला ३६

४.२.२.१ मन्दिर वास्तुकला ३७

४.२.२.२ नेपालमा मन्दिर वास्तुकलाको विकासक्रम ३८

४.२.२.२.१ तलेशैली ४१

४.२.२.२.२ शिखरशैली ४५

४.२.२.३ अध्ययन क्षेत्रमा प्राप्त मन्दिर वास्तुकला ४८

४.२.२.३.१ पर्वत सदरमुकाम कुश्मास्थित धनेश्वर शिवालय ४८

४.२.२.३.२ मोदीवेणीस्थित नृसिंह मन्दिर ४९

४.२.२.३.३ जुम्लिठाना देवीस्थान ५०

४.२.२.३.४ मोदीवेणीस्थित वैरागीहरू बस्ने अखाडा ५०
४.२.३ किल्ला वास्तुकला ५१
४.२.३.१ नेपालमा किल्ला वास्तुकलाको विकासक्रम ५२
४.२.३.२ अध्ययन क्षेत्रमा रहेका किल्लाहरू ५५
४.२.३.२.१ खौलाज्ञादीकोट ५५
४.२.३.२.२ जुम्लिठाना ( माझठाना) ५६
४.२.३.२.३ छेउठाना ५७
४.२.३.२.४ पुरानो ज्ञादीठाना ५७
४.२.३.२.५ अर्जिकोट ५८
४.२.३.२.६ लिमिभूमेकोट ५९
४.२.३.२.७ जीताकोट ६०
४.२.३.२.८ दुर्लुङकोट ६०
४.२.४ मृण्मयकला ६२
४.२.४.१ नेपालमा मृण्मयकलाको विकासक्रम ६२
४.२.४.२ अध्ययन क्षेत्रमा प्राप्त मृण्मयकला ६४
४.२.४.२.१ पाङबाट प्राप्त मृण्मयकला ६४
४.२.४.२.२ खौलाज्ञादीकोटबाट प्राप्त मृण्मयकला ६४
४.३ मोदीवेणीस्थित मानव निर्मित गुफा ६४
४.४ मुद्रा ६५
४.४.१ नेपालमा मुद्राको विकासक्रम ६५
४.४.२ पर्वतका राजा कीर्तिबम मल्लद्वारा प्रसारित ताम्रपत्रमा अङ्कित मोहोर छाप ६८
४.४.२.१ उर्दूलिपि विहीन मोहोर छाप ६८
४.४.२.२ उर्दूलिपि अङ्कित मोहोर छाप ६८

**अध्याय पाँच**

**उपसंहार** **७०–१११**

**परिशिष्ट १** - ऐतिहासिक सामाग्री अभिलेख खण्ड ७४–७५
**परिशिष्ट २** - ऐतिहासिक सामाग्री पत्र खण्ड ७६–७७
**सन्दर्भग्रन्थ सूची** ७८–८१
**स्थलगत अध्ययनमा विवरण दिने व्यक्तिहरू** ८२

चित्रसूची ८३–८४
चित्रफलक ८५–१११

# अध्याय एक

# शोध परिचय

## १.१ परिचय

पुरातत्त्व शब्द प्राचीन ग्रीक भाषाको *Archaios* र *Logos* भन्ने दुई अलग शब्दको संयुक्त रूप *ArchaeoLogy* को रूपान्तरित शब्द हो । यस शब्दको अर्थ क्रमशः *ancient* र *knowledge* भन्ने हुन्छ । नेपालीमा पुरातत्त्व शब्द अर्थ पनि पुरानो र ज्ञान भन्ने नै हुन्छ, यसर्थ अंग्रेजीको '*ArchaeoLogy*' र नेपालीको 'पुरातत्त्व' दुवै शब्दको अर्थ पुरानो ज्ञान भन्ने हुन्छ । यसले मानव विगतका भौतिक अवषेशहरूको अध्ययन गर्छ । पुरातत्त्व मानवसँग सम्बन्धित छ; जसले विगतका मानव सभ्यताको अध्ययन गर्छ । त्यस्तै कोलिन तथा पावल वहानका अनुसार पुरातत्त्वले विगत सभ्यताको बारे अध्ययन गर्नका लागि तत्कालीन सभ्यताले विकास गरी छाडेका भौतिक अवशेषहरू भवन, औजार, लगायत अन्य पुरावस्तुको प्राप्यका आधारमा विगतको संस्कृति र समाजका बारे आकलन गर्दछन् भनेका छन् ।[1] पुरातत्त्वले पुरानो मानव लिखित सभ्यतालाई समेत प्रमाणिक बनाउन खोजी गरी सभ्यताको पहिचान तथा पुनः निर्माण गर्ने कार्य गर्छ । यस प्रकारका कार्य पुरातत्त्वमा अन्वेषण र उत्खननको माध्यमबाट सम्पन्न गरिन्छ । यी दुबै काम विभिन्न विधि र साधनको सहयोग लिएर गरिन्छन् । यस अध्ययनमा अन्वेषण मात्र हुने भएको हुनाले अन्वेषणबारे सामान्य जानकारी गराइन्छ ।

अंग्रेजी भाषामा *Exploration* शब्दको अर्थ अन्वेषण हुन्छ । अन्वेषण शब्द विशेष गरी पुरातत्त्वको क्षेत्रमा प्रयोग भएको देखिन्छ । यसर्थ पुरातात्त्विक अन्वेषण भन्नाले पुरातात्त्विक वस्तु तथा स्थलहरूको खोजी वा पहिचान गर्नु भन्ने बुझिन्छ । यस प्रसङ्गमा ओ.जि.यस.क्रोफोर्ड नामक विद्वान्ले भन्नु भएको छ ,"अन्वेषण गर्ने व्यक्ति भनेर त्यसलाई मात्र मान्न सकिन्छ; जसले पृथ्वीको माथिल्लो सतहमा रहेका माटाका भाँडाका टुक्राहरू, पाषाण उपकरणहरू तथा अन्य मानव निर्मित पुरावशेषहरूलाई घुमीघुमी खोजी गर्दछ र त्यसको विवरण तयार पार्छ ।"[2] त्यसो त ब्रिटिस विद्वान्हरू यसलाई स्थलगत पुरातत्त्व समेत भन्दछन् ।[3] बाहिरी सतहमा देखिने पुरावशेषहरूको संकलन र विवरण तयार पार्ने काम यस भित्र पर्दछ । मानव निर्मित बाहेक मानवद्वारा प्रयोग गरिएका शंख, अस्थिपञ्जर आदि सामाग्रीहरू पहिचान, वर्गीकरण, संरक्षण, विश्लेषण, तुलना र परीक्षणबाट मानव सभ्यताको खोज गरिन्छ । अन्वेषणको मुख्य काम नै यही हो । पुरातत्त्वमा अन्वेषण ज्यादै नै महत्वपूर्ण काम हो । यसले लुप्त मानव सभ्यता र संस्कृतिलाई प्रकाशमा ल्याउन पुरातात्त्विक वस्तुहरू प्राप्त गर्ने ,स्थलहरू खोजी र पहिचान गर्ने, उत्खनन कार्यलाई व्यवस्थित गर्ने, उत्खनन लागतको पूर्वानुमान गर्ने स्थलगत तथा वस्तुहरूको संरक्षण गर्ने काम गर्छ ।

पर्वत जिल्लामा प्राचीनकालदेखि नै मानव संस्कृतिका प्रमाणहरू प्राप्त भएका छन् । केही विद्वान्हरूले लिच्छवि राजा मानदेवलाई हाँक दिने मल्लपुरी कालीगण्डकीको आसपासमा हुनुपर्ने

[1] कोलीन र पाउल वाहन, **आर्क्योलजी : थ्योरी, मेथड यण्ड प्राक्टिस्** , ( लन्डन,थोमस तथा हड्सन लिमिटेड, सन् २०००), पृ.११ ।

[2] महेशकुमार आचार्य, **प्रागइतिहास र पुरातत्त्वको सामान्य परिचय**, ( काठमाण्डौ : रत्न पुस्तक भण्डार, वि.सं.२०५६), पृ.१०१ ।

[3] **ऐजन** ।

उल्लेख गरेको हुनाले यो मल्लपुरी यसै जिल्ला निकट हुनसक्ने देखिन्छ । यसका साथै पूर्वमध्यकालीन अरमुडीको राज्य, धवलस्रोतपुर, मंग्वर विषय आदि गण्डकीप्रस्रवण क्षेत्रका[4] हुनाले यो जिल्ला रहेको भूगोल पनि यिनै विषयका भूगोलमा हुने देखिन्छ । मध्यकालमा यो क्षेत्र खश मल्ल राज्य र यसबाट विकसित बाइसे र चौबीसे राज्यबाट शासित हुन पुगेको थियो । यसै क्रममा चौबीसे मध्येकै पर्वत राज्यको नामबाट बन्न गएको वर्तमान पर्वत जिल्ला वि.सं. २०१८ सालमा विकसित १४ अञ्चल ७५ जिल्लाको अवधारणा अनुसार बनेको एक मध्यपहाडी जिल्ला हो । वि.सं. २०३१ सालसम्म गण्डकी अञ्चलको हिस्सा रहेको पर्वत जिल्ला २०३२ साल पछि धवलागिरी अञ्चलमा समावेश भएको थियो ।[5] चौबीसे पर्वत राज्यको नामबाट पर्वत हुन पुगे पनि हालको यो जिल्लामा मध्यकालीन चौबीसे राज्य पर्वत, सतहूँ, कास्की, नुवाकोट र पैयूँका क्षेत्रहरूको संयोजन रहेको देखिएकाले यस पर्वत जिल्लामा मध्यकालीन भौतिक प्रमाण रहेको हुनसक्ने देखिएको छ । चौबीसे राज्यका भौतिक प्रमाण प्राप्त भएमा जिल्ला पुरातात्विक दृष्टिले महत्त्वपूर्ण हुने देखिन्छ । यस्तो संयोजन रहेको वर्तमान पर्वत जिल्लामा पुरातात्विक खोज नभएको परिस्थिति र यहाँको पुरातात्विक सम्भावनालाई स्वीकार गर्दै यो पुरातात्विक अन्वेषण थालिएको हो । शैक्षिक समयसीमा, वैज्ञानिक उपकरणको अभाव, उत्खनन कार्यको स्वीकृति नलिएको अवस्था र आर्थिक अभाव जस्ता कारणबाट सीमित क्षेत्रमा रहेर सम्पन्न गरिने छ । अन्वेषण विवरणात्मक भए पनि यसले भविष्यको पुरातात्विक क्रियाकलापलाई सहज बनाउन सहयोग गर्ने छ । नेपालमा वि.सं. २००९ सालमा पुरातत्त्व विभागको स्थापनापछि आधिकारिक ऐनमार्फत आफ्नो क्रियाकलापहरू सञ्चालन गर्न थाल्यो ।[6] तर नेपालमा पुरातात्विक क्रियाकलाप यस भन्दा अघि नै भएका थिए । विभागको जन्मपछि वि.सं. २०१३ सालमा प्राचीन स्मारका ऐन जारी भयो । यही संशोधन सहित जारी ऐन २०६५ अनुसार १०० वर्ष पुराना वस्तुहरू पुरातात्त्विक वस्तुअन्तर्गत पर्दछन् । यस शोधमा यसै ऐनमा आधारित रहेर पुरावस्तुको पहिचान गरी विवरण संकलन गरिनेछ ।

### १.२ समस्या कथन

पर्वत जिल्लाको पाङमा प्राचीन संस्कृतिको प्राप्ति र मध्यकालमा विकशित चौबीसे राज्यका भौतिक अवशेषको प्राप्तिले पर्वत जिल्लामा प्राचीनकालदेखि नै मानव बसोवास हुँदै आएको देखिन्छ । पर्वत जिल्ला मध्यकालीन सतहुँ, कास्की, पर्वत, नुवाकोट र पैयूँ जस्ता चौबिसे राज्यको सङ्गम स्थलका रुपमा रहेको देखिन्छ । मध्यकालदेखि आधुनिककालसम्म पनि निरन्तर रुपमा राज्य तथा जनताद्वारा निर्मित यहाँ रहेका पुरातात्विक तथा सांस्कृतिक सम्पदाका दृष्टिले महत्त्वपूर्ण क्षेत्र हुन सक्ने देखिन्छ । छरिएर रहेका यी वस्तुहरू व्यवस्थित अध्ययनको अभावमा प्रायः लुप्त हुने अवस्थामा पुगेका छन् । पुरातात्विक तथा सांस्कृतिक महत्वका वस्तुहरू हुनु तर खोजी नहुनु नै यस अध्ययनको प्रमुख समस्या हो । यस अध्ययनका समस्याहरूलाई निम्नानुसार उल्लेख गरिन्छ :–

---

[4] जगमान गुरूङ, **नेपालको राष्ट्रिय समिकरणको परिप्रेक्ष्यमा गण्डकीप्रस्रवणक्षेत्रका तीर्थस्थलहरुको विश्लेषणत्मक अध्ययन,** (काठमाण्डौः नेपाल र एसियाली अनुसंधान केन्द्र,वि.सं.२०६१), पृ.१६–१७ ।

[5] श्री ५ को सरकार सूचना विभाग, **मेची देखि महाकाली,**( भाग ३),( काठमाण्डौः सञ्चार मन्त्रालय , वि.सं.२०३१),पृ.४ ।

[6] आचार्य, **पूर्ववत्** ,( पादटिप्पणी सं.२), पृ.१२१ ।

(क) पर्वत जिल्लाभित्र रहेका पुरातात्त्विक र सांस्कृतिक वस्तुहरूको अध्ययन नहुनु ।

(ख) पर्वत जिल्लामा रहेको क्षेत्रीय इतिहास र पुरातत्त्वको महत्व ओझेलमा पर्नु ।

(ग) पर्वत जिल्लाको इतिहास वैज्ञानिक ढङ्गबाट प्रकाश पार्ने कार्य नहुनु ।

### १.३ अध्ययनको उद्देश्य

मध्यकालीन चौबीसे राज्य पर्वतबाट नामकरण भएको वर्तमान पर्वत जिल्ला मध्यकालमा विकसित चौबीसे राज्यहरूको क्रिडास्थल रहेको देखिएको छ । यस पर्वत जिल्लामा तत्कालिक चौबीसे राज्य सतहूँ, पर्वत, नुवाकोट, कास्की र पैँयूका क्षेत्रहरू समेटिन पुगेको साहित्यिक साक्षहरूको अध्ययनले देखाएका छन् । एउटै जिल्लामा मध्यकालीन चौबिसे राज्यको संयोजन हुनुले हालको पर्वत जिल्लामा उल्लेखित चौबिसे राज्य र जनताद्वारा निर्माण गरिएका भौतिक अवशेषहरु हुने हुनाले यस अध्ययन अझै महत्वपूर्ण हुने देखिन्छ । यस अध्ययनको उद्देश्यलाई निम्नानुसार उल्लेख गरिन्छ :–

(क) पुरातात्त्विक तथा सांस्कृतिक अध्ययन गर्ने ।

(ख) पर्वत जिल्लामा रहेको क्षेत्रीय इतिहास र पुरातत्त्वको महत्त्वलाई प्रकाशमा ल्याउने ।

(ग) वैज्ञानिक ढङ्गबाट जिल्लाको इतिहास तयार पार्ने ।

### १.४ पूर्वसाहित्य समीक्षा

कुनैपनि विषयमा अध्ययन गर्दा उक्त विषय निकट वा विषय सम्बन्धित पहिले भएका शोध; प्रकाशित, अप्रकाशित साहित्यहरूको मह्त्वपूर्ण भूमिका रहन्छ । हालसम्म पर्वत जिल्लामा पुरातात्विक दृष्टिले अध्ययन नभएको परिप्रेक्षमा यस '**पर्वत जिल्लाको पुरातात्त्विक र सांस्कृतिक अध्ययन'** शीर्षक अध्ययनको लागि सहयोगी हुने देखिएकाले निम्न ग्रन्थकारका ग्रन्थहरूलाई पूर्वसाहित्य समीक्षाको लागि संलग्न गरिएको छ ।

टेकबहादुर श्रेष्ठद्वारा लिखित **पर्वत राज्यको ऐतिहासिक रूपरेखा** (काठमाडौं : नेपाल र एसियाली अनुसन्धान केन्द्र, वि.सं.२०५९) एउटा महत्वपूर्ण ग्रन्थ हो । यस ग्रन्थमा श्रेष्ठले मध्यकालीन चौबीसे राज्य अन्तरगत पर्ने पर्वत राज्यको ऐतिहासिक पक्षलाई प्रकाश पार्ने काम गरेका छन् । पर्वत राज्यको राजवंश सीमाना र तत्कालीन राज्यहरूले गरेका भौतिक तथा अभौतिक निर्माणबारे समेत यस ग्रन्थमा उनले उल्लेख गरेका छन् । तत्कालीन शासन व्यवस्था र सामाजिक सम्बन्धका कारण विकसित सांस्कृतिक सभ्यताको समेत चर्चा गरेका छन् । प्रतापी नारायणमल्लले आफ्नो पर्वत राज्यको सीमाना पूर्वमा सेती नदीसम्म कायम गरेको कुरा यसै ग्रन्थका सहयोगले खुल्न आएको हो । तत्कालिक पर्वत राज्य उत्तर दक्षिणको व्यापारिक मार्गमा पर्ने हुनाले आर्थिक दृष्टिकोणबाट समेत सबल राज्यको रूपमा आफूलाई स्थापित गरी चौबीसे राज्यको नेतृत्व गर्न सक्ने सबल राज्यको रूपमा चिनिने कुरा यसै ग्रन्थबाट खुलेको छ । तत्कालिक पर्वत राज्यका धेरैजसो क्षेत्रहरू हाल बाग्लुङ र म्याग्दी जिल्लामा पर्दछन् । यस राज्यको राजधानी वेणी, ढोरलथाना हालको पर्वत जिल्लाको भूगोल भित्र पर्दैनन् । यस ग्रन्थमा यिनै स्थानहरूको विशेष चर्चा पाइन्छ । तैपनि मोदी नदी पर्वत राज्यको पूर्वी सीमाना रहेको कुरा यस ग्रन्थमा उल्लेख

हुनाले वर्तमान जिल्लामा पर्ने क्षेत्रका बारेमा केही धारणा बनाउन सकिने देखिन्छ । यसका साथै छिमेकी व्यवस्थाबारे समेत प्रकाश पार्ने काम यस ग्रन्थमा भएको छ ।

यस्तै डिल्लीराज शर्माको **नेपालको किल्ला वास्तुकला,** ( काठमाडौं : नेपाल र एसियाली अनुसंधान केन्द्र, वि.सं.२०५५) अर्को एक महत्वपूर्ण ग्रन्थ हो । यस ग्रन्थले किल्ला वास्तुकलाको व्युत्पत्ति र महत्वबारे प्रकाश पार्दै पौराणिक, प्राचीन र ऐतिहासिक कालखण्डको विवेचना गरेको छ । ग्रन्थले प्राचीन इजिप्सियन सभ्यतादेखि सिन्धु सभ्यता, वैदिक सभ्यता, रामायण, महाभारत र विभिन्न उपनिषद् कालमा विकसित किल्ला वास्तुकलाको महत्व र स्वरूप बारे प्रकाश पार्ने काम गरेको छ । ग्रन्थमा नेपालका महत्वपूर्ण किल्लाहरू जसलाई प्रयोगका दृष्टिले अझै मिहिन पारेर किल्ला अनुरूप बनेका दरबार र लडाईका लागि प्रयोग गरिएका किल्लाको विवेचना गरिएको छ । यति हुँदा हुदै पनि नेपाल भित्र कति किल्लाहरू परे होलान् जसको यहाँ उल्लेख नभए होला । यस ग्रन्थले नेपाली किल्ला वास्तुकलाको वस्तुगत र विषयगत विवेचना सहित थप खोजका लागि बाटो खुला गरिदिएको छ ।

जगमान गुरूङको **नेपालको राष्ट्रिय समिकरणको परिप्रेक्षमा गण्डकी प्रश्रवण क्षेत्रका तीर्थस्थलहरूको विश्लेषणात्मक अध्ययन,** (काठमाडौंः नेपाल र एसियाली अनुसंधान केन्द्र, वि.सं.२०६१ असार १ गते) अर्को उपयोगी ग्रन्थ हो । ग्रन्थ गण्डकी प्रश्रवण क्षेत्रसँग सम्बन्धित रहेको छ । ग्रन्थले सांस्कृतिक सम्पदाका रूपमा रहेका तीर्थस्थलहरूको अत्यन्तै सरल, सहज र गहन रूपमा प्रकाश पार्ने काम गरेका छ । अत्यन्तै बृहत् विषयको जडबाटै विवेचना गर्नु सानोतिनो काम होइन । ग्रन्थले गण्डकी प्रश्रवण क्षेत्रका महत्वपूर्ण तीर्थस्थलहरूको अभिलेखीकरण गर्ने काम गरेको छ । यसको सहयोगले वर्तमान पर्वत जिल्लाभित्र पर्ने महत्वपूर्ण सांस्कृतिक तथा पुरातात्विक स्थलहरूको ऐतिहासिक तथा सामाजिक पक्षबारे समेत जानकारी प्राप्त गर्न सकिएको छ ।

यसैगरी राजाराम सुवेदीको **गण्डकी अञ्चलको ऐतिहासिक विवेचना** (गण्डकी सामाजिक गुठी स्मारिका २०६५, बर्ष १, अङ्क १) लेख अत्यन्तै महत्वपूर्ण रहेको छ । लेखले वर्तमान गण्डकी अञ्चलका तत्कालिक चौबीसे राज्यहरूको ऐतिहासिक परिचय दिने काम गरेको छ । गण्डकी अञ्चलका तात्कालिक राज्य कास्की, सतहूँ, भिरकोट, नुवाकोट, गोरखा, ढोर, मनाङ, लमजुङ राज्यको राज्यव्यवस्था, राज्य सीमानाका साथै राजधानीकाबारे समेत यस लेखले विवेचना गरेको छ । लेखमा यस क्षेत्रको समग्र पूर्वमध्यकालीन सभ्यता पन्नग विषय र जिग्लोद्गम विषयको समेत यहाँ उल्लेख छ । यस क्षेत्रको प्राचीनता, मानव सभ्यताको वितरण, फैलावट र राज्य व्यवस्थाको बारे प्रकाश पार्ने काम गरिएको छ । यस लेखकै सहयोगले तत्कालिक सतहुँ राज्यको सितकालिक राजधानी ऐतवम खानको पालामा ज्ञादीचौरमा बनाएको खुल्न आएको हो । साथै तत्कालिक नुवाकोट र कास्की राज्यका क्षेत्रहरू वर्तमान जिल्लाभित्र पर्ने कुरा जानकारी भएको छ । तैपनि यस लेखमा मध्यकालीन यी राज्यका भौगोलिक सीमानाबारे विवाद देखिएको छ । लेखमा नुवाकोट राज्यको क्षेत्रको उल्लेख गर्दा पञ्चासे र डहरेलेकको क्षेत्र हो भनिएको छ । तर यो विषय अमिल्दो देखिएको छ किनभने ऐतिहासिक कालमा पञ्चासे लेकको दक्षिणपश्चिम सतहूँ राज्य पर्ने देखिएको छ । तैपनि गण्डकी क्षेत्रको ऐतिहासिक अध्ययनका लागि यो लेख अत्यन्तै महत्वपूर्ण रहेको छ ।

त्यस्तै धनवज्र वज्राचार्यद्वारा लिखित **लिच्छविकालका अभिलेख** (काठमाडौं : नेपाल र एसियाली अनुसंधान केन्द्र, वि.सं.२०५३ असार) नामक ग्रन्थ विशेष महत्वपूर्ण रहेको छ । नेपाली इतिहास

अध्ययन र लेखनका लागि खजाना सावित वज्राचार्यको यो उत्कृष्ट ग्रन्थ हो । उनको लिच्छविकालका अभिलेख ग्रन्थ नेपाली प्राचीन इतिहास मात्र नभएर सिङ्गो प्राचीनकालको सामाजिक व्यवस्था अध्ययनका लागि अत्यन्त प्रमाणिक ग्रन्थ हो । यस ग्रन्थमा १९० ओटा अभिलेख सङ्ग्रह गरिएका छन् । ग्रन्थ इतिहासको लागि मात्र नभएर पुरातत्त्व, समाजशास्त्र लगायत प्राचीन नेपालको सिङ्गो दस्तावेज हो । यसै ग्रन्थको सहायोगले लिच्छवी राजा मानदेवले स्वतन्त्र हुन खोज्ने गण्डकी पारीको मल्लपुरीलाई दमन गरेको कुरा जानकारीमा आएको छ । उक्त मल्लपुरी ग्रन्थकारले यतै कालीगण्डकी नदीको आसपास हुन सक्ने कुरा समेत उल्लेख गरेका छन् ।

यस्तै धनवज्र वज्राचार्यकै **गोपालराजवंशावलीको ऐतिहासिक विवेचना,** (काठमाडौं : नेपाल र एसियाली अनुसंधान केन्द्र, वि.सं.२०६६) ग्रन्थमा पूर्वमध्यकालीन नेपाल राज्यको केन्द्रका साथै बाहिरका अधिनस्थ राज्यहरूको बारेमा बृहत् चर्चा गरिएको छ । पूर्वमध्यकालीन प्रभावशाली अधिनस्थ राज्यहरू गण्डीगुल्म, जिग्लोद्‌गम, पन्नगविषय, मंग्वरविषय, धवलस्रोतपुर, पञ्चावतदेश विषयका बारे उल्लेख गरिएको छ । जसको मदतले उल्लेखित राज्यहरू वर्तमान गण्डकी प्रश्रवण क्षेत्रमा विकसित थिए भन्ने स्पष्ट हुन्छ । यसबाट पूर्वमध्यकालीन यी राज्यहरूको फैलावट वर्तमान जिल्लामा समेत हुने हामी सहजै अनुमान लगाउन सक्छौं । यसको मदतले यस भेगमा व्यवस्थित राज्यको विकास प्राचीनकालबाटै भएको देखिएको छ ।

परमेश्वरीलाल गुप्तद्वारा लिखित **क्वाईन्स्** ( न्यू दिल्ली : नेश्नल बुक्स् ट्रस्ट, सन् १९६९ ) मुद्रा अध्ययनका लागि महत्वपूर्ण ग्रन्थ हो । ग्रन्थमा मुद्राबारे यसको व्युत्पत्ति र भारतवर्षमा भएका मुद्रा विकासका चरणहरूलाई समेत उल्लेख गरिएको छ । यसमा वैदिक सभ्यतामा विकसित मुद्रादेखि भारतमा शासन गर्ने विभिन्न राजवंशद्धारा प्रसारित मुद्राहरूको समेत चर्चा गरिएको छ । यसको सहयोगले प्राचीनकालिक नेपाली मुद्राबारे समेत अनुमान लगाउन सकिन्छ ।

रमेश ढुङ्गेलको रचना **प्राचीन अर्थव्यवस्था,** (काठमाडौं : शारदाप्रसाद ढुङ्गेल, वि.सं.२०४३) प्राचीन मुद्रा अध्ययनका लागि निकै नै महत्वपूर्ण ग्रन्थ हो । पाँच अध्यायमा विभाजित ग्रन्थमा ग्रन्थकारले अर्थशास्त्रीय दृष्टिबाट प्राचीन अर्थव्यवस्थाको चर्चा गरेका छन् । विश्वमा विकसित प्राचीन सभ्यतामा प्रचलित प्राचीन मुद्राबारे चर्चा गर्दै ग्रन्थकारले भौतिक प्रमाणविहीन वैदिक सभ्यतामा समेत मुद्राको प्रचलनका प्रमाणहरूलाई प्रस्तुत गरेका छन् । यो ग्रन्थ मूल रूपमा नेपालको प्राचीन लिच्छविकालसँग सम्बन्धित भए पनि विश्वमा विकसित मौद्रिक व्यवस्थाको चरणबद्ध चर्चा गरेको हुनाले मुद्राको प्राचीन स्वरूपबारे समेत ज्ञान भएको छ । लिच्छविकालीन विनिमय व्यवस्था तथा त्यसबेला प्रचलित विभिन्न मुद्राहरूलाई यस ग्रन्थले समेटेको छ । यसका साथै तत्कालिक समयमा छिमेकी देशसँगको व्यापारिक सम्बन्धलाई समेत यस ग्रन्थमा उल्लेख गरिएको छ ।

यस्तै रोनाल्ड एम. बर्नियरद्वारा लिखित **द नेप्लिज प्यागोडा,** ( न्यू दिल्ली : यस. चन्द यण्ड कम्पनी लिमिटेड, सन् १९७९ ) अर्को महत्वपूर्ण ग्रन्थ हो । हिन्दु मन्दिर वास्तुकला मध्ये तले शैलीका वास्तुकला जुन दक्षिण र दक्षिणपूर्व एसियामा पाइए पनि नेपालमा आफ्नैपनमा विकसित यो शैलीको मन्दिरका यस ग्रन्थमा बृहत् विवेचना गरिएको छ । नेपालमा विकसित यो शैलीको उद्‌भवका साथै यसको छिमेकी शैलीसँग तुलनात्मक अध्ययन समेत यस ग्रन्थमा गरिएको छ ।

मन्दिर वास्तुकला भारतमा विकास भए पनि तले शैलीको यो अलग विशेषता भएको नेपाली तले शैलीमा आफ्नो पहिचान भएको सत्य पक्षलाई यस ग्रन्थले उल्लेख गरेको छ ।

## १.५ अध्ययनको क्षेत्र

पर्वत जिल्ला पुरातात्त्विक दृष्टिले महत्वपूर्ण हुने सम्भावनालाई पुष्टि गर्न यस जिल्लामा विगत मानवले निर्माण गरेका भौतिक पुरावशेषका रूपमा रहेका विभिन्न किल्ला, मन्दिर, धार्मिक तीर्थस्थलहरू, पाषाण औजारको प्राप्तिलाई प्रमाणका रूपमा लिन सकिन्छ । जुन यस अध्ययनको विषयका रूपमा रहेका छन् ।

यस अध्ययनको क्षेत्रको रूपमा मध्यकालीन सतहूँ राज्यको शीतकालीन राजधानी ज्ञादी, जुम्लीठाना, पाङ, दुर्लुङकोट, मोदीवेणी, धनेश्वर शिवालय, अर्जिकोट, थापाठाना जिताकोट र लिमिभूमेकोट रहनेछन् ।

## १.६ अध्ययनको सीमा

यस अध्ययन अन्तर्गत पर्वत जिल्ला भित्र रहेका पुरातात्त्विक स्थल, सम्पदा र वस्तुहरूको अन्वेषण यसको पहिलो सीमा मानिने छ । अन्वेषण पनि पारम्परिक र वैज्ञानिक गरी दुई पद्धति अपनाएर गर्ने गरिन्छ । पारम्परिक पद्धति भन्नाले स्थानीयलोक धारणा, इतिहास आदिको सहयोग लिएर पुरातात्त्विक वस्तु तथा स्थलहरूको पहिचान गरिन्छ । सामान्य रूपमा स्थलगत रूपमा पृथ्वीको बाहिरी सतहमा प्राप्त पुरावस्तुहरूको संकलन र तिनीहरूको विवरण तयार पार्ने गरिन्छ । वैज्ञानिक पद्धति अनुसार बैज्ञानिक उपकरण र सामग्रीहरूको सहयोग लिएर वैज्ञानिक ढङ्गवाट विधूतीय र चुम्बकीय परीक्षण एवं हवाई चित्रको सहयोग आदिबाट अन्वेषण कार्य गरिन्छ । हाल व्यवसायिक पुरातत्त्वको विकासले झन छिटो छरितो वैज्ञानिक उपकरणहरूको विकास भएका छन् । यो अध्ययन शिर्षक अनुसार मूलतः पारम्परिक पद्धतिमा आधारित रहेर अन्वेषण गरिनेछ । पुरातत्त्व शास्त्रले भौतिक प्रमाणहरूको सहयोगमा विगत सभ्यताको पुनःनिर्माण गर्ने काम गर्दछ । यो विषय अत्यन्तै जटिल तथा खर्चिलो हुन्छ । यसका लागि दक्ष जनशक्ति, आधुनिक प्रविधि र प्रशस्त धनको आवश्यकता पर्दछ । यसकारण यस अध्ययनमा उपकरणको अभाव, आर्थिक अभाव, उत्खनन कार्यको स्वीकृति नलिएको अवस्था जस्ता कारणले गर्दा अन्वेषण मात्र हुनेछ । यस अध्ययनमा उत्खनन पर्ने छैन । यही नै यस अध्ययनको सीमा हुनेछ ।

## १.७ अध्ययन विधि

कुनै पनि विषय वा वस्तुबारे होसियारीपूर्वक गरिने तथ्य सहितको खोज नै अनुसन्धान हो । अनुसन्धान प्राथमिक र द्वितीयक गरी दुई प्रकारका स्रोतहरूको प्रयोग गरेर सम्पन्न गरिन्छ । परम्परागत अन्वेषण हुने यस अध्ययनमा पनि दुवै स्रोतहरूको प्रयोग हुनेछन् । यस अन्वेषणमा प्राथमिक स्रोतका लागि स्थलगतरूपमा भ्रमण, अन्तरवार्ता जस्ता विधि अपनाइने छ । त्यस्तै विषय सहयोगी विभिन्न प्रकाशित अप्रकाशित कृतिहरू, लेखहरूबाट द्वितीयक स्रोत संकलन गरिनेछ ।

### १.८ अध्ययनको महत्त्व

शोधकार्य आफैंमा महत्वपूर्ण हुन्छ । कुनै पनि विषय, क्षेत्रलाई बाहिर ल्याउन र स्पष्ट धारणा बनाउन यसले महत्व राख्दछ । यस अध्ययनले पर्वत जिल्लाका पुरातात्त्विक वस्तुहरूको पहिचान गरी प्रकाशमा ल्याउने काम गर्नेछ । यस अध्ययनका महत्त्वहरूलाई निम्नानुसार उल्लेख गरिएको छ :–

(क) पर्वत जिल्लाको पुरातात्त्विक र सांस्कृतिक खोजी हुने ।

(ख) पर्वत जिल्लामा रहेको क्षेत्रीय इतिहास, पुरातत्व र सांस्कृतिक महत्वको प्रचार हुने ।

### १.९ अध्याय विभाजन

यस अध्ययनलाई सहज र व्यवस्थित गर्न निम्नानुसार अध्याय विभाजन गरिएको छ :–

**अध्याय एक**

यस अध्ययनमा पर्वत जिल्लाको पुरातात्त्विक र सांस्कृतिक अध्ययन गरिने हुनाले अध्याय एकमा शोध परिचय रहनेछ । यस अन्तर्गत पुरातत्व र पुरातत्व विषयमा अन्वेषणबारे सामान्य चर्चा गरिएको छ । यसको साथै यस अध्यायमा अध्ययनको समस्याकथन, अध्ययनको उद्देश्य, पूर्वसाहित्य समीक्षा, अध्ययनको सीमा, अध्ययन विधि, अध्ययनको महत्व र अध्याय विभाजन गरिएको छ ।

**अध्याय दुई**

अध्याय दुईमा अध्ययन क्षेत्रको भौगोलिक तथा ऐतिहासिक परिचय र जनजीवनवारे चर्चा गरिएको छ ।

**अध्याय तीन**

यस अध्यायमा अध्ययन क्षेत्रमा प्राप्त पुरातात्त्विक र सांस्कृतिक महत्वका स्थलहरूको परिचयको साथै पुरातात्विक स्थल र वस्तु हुनुको कारण समेत दिइएको छ ।

**अध्याय चार**

यस अध्यायमा अध्ययन क्षेत्रमा प्राप्त पुरातात्त्विक र सांस्कृतिक वस्तुहरूलाई विशेषताका आधारमा पाषाण औजार, मूर्तिकला, वास्तुकला, किल्लावास्तुकला, मृण्मयकला, मानव निर्मित गुफा, मुद्रा भनी अलग्गै उपशिर्षकमा राखेर यिनीहरुको सामान्य सैदान्तिक परिचय सहित विवरण प्रस्तुत गरिएको छ । यस अध्ययनमा वास्तुकला अन्तर्गत मन्दिर वास्तुकलालाई समेटिएको छ भने मुद्राका छापलाई पनि मुद्रा मानिने हुनाले मध्यकालीन चौबीसे राज्य पर्वतका राजा कीर्तिबम मल्लका नामबाट प्रसार भएका ताम्रपत्रमा देखिने मोहोरछापका आधारमा मुद्राको वारेमा चर्चा गरिएको छ ।

**अध्याय पाँच**

यो अध्याय समग्र अध्ययनको निश्कर्ष र सारसंक्षेप पनि हो ।  यसका साथै यस अध्यायमा सुझाव सल्लाहलाई पनि समावेश गरिएको छ । यसबाट पछि हुने अध्ययनलाई समेत सहयोग गर्नेछ ।

## अध्याय दुई

# पर्वत जिल्लाको भौगोलिक तथा ऐतिहासिक परिचय र जनजीवन

## २.१ भौगोलिक चिनारी

पर्वत नेपाल अधिराज्यको पश्चिमाञ्चल विकाश क्षेत्रमा पर्ने एक मध्यपहाडी जिल्ला हो । यसको पूर्वमा कास्की र स्याङजा जिल्लासँग सीमाना जोडिएको छ । पश्चिम तर्फ कालीगण्डकीले वाग्लुङ र म्याग्दी जिल्ला सँग सीमा जोडेको छ । त्यस्तै उत्तर तर्फ म्याग्दी र दक्षिणमा स्याङजा र गुल्मी जिल्लाले छोएका छन् । यस जिल्ला नेपालका ७५ जिल्ला मध्ये चौंथो सानो जिल्लाको रुपमा रहेको छ । यो भौगोलिक विविधताले भरिएको एक रमणीय जिल्लाको रूपमा पनि चिनिन्छ ।

विश्व मानचित्रमा पर्वत २८$^{O}$ ००' १९'' देखि २८$^{O}$ २३' ५९'' अक्षांश र ८३$^{O}$ ३३' ४०'' देखि ८३$^{O}$ ४९' ३०'' देशान्तरमा रहेको छ । [7] उँचाईका हिसावले समुन्द्रि सतहबाट ५२० मिटरदेखि ३,३०९ मिटरसम्मको भू-भाग यस जिल्लामा पर्दछ । [8] यस जिल्लाका रमणीय लेकाली चुचुराहरूमा उत्तरी भागमा पर्ने हम्पाल र लोप्रेका लेकहरू, मध्यभागका पञ्चासे, डहरे तथा दक्षिणी भागका चिसापानी र गोर्ल्याङ्गका लेकहरू पर्दछन् । जहाँ शिशिरमा हिउँले ढाकिरहने र वसन्तमा लेकाली जडीवुटी, वन्यजन्तु र लालीगुराँसजस्ता सुन्दर फुलहरुले सिंगारिरहेका हुन्छन् । यी चुचुराहरुबाट उत्तरी क्षेत्रमा देखिने हिमश्रृङ्खला र टाढा–टाढाका मनमोहक दृष्य तथा बिहानीको सूर्योदयको सुन्दरता अलौकिक नै लाग्दछ । धौलागिरी हिमश्रृङ्लाको दक्षिणी काखमा अवस्थित जिल्लामा उँचाईको दृष्टिले गर्दा हावापानीमा पनि विविधता पाइन्छ । यहाँ दक्षिण पश्चिमी मनसुनी वायुको प्रभाव परेको छ ।[9] यहाँ रहेका डहरे, पञ्चासे, हम्पाल, चिसापानी, गोर्ल्याङ, माटेको लेक जस्ता लेकहरुमा हिउँदमा हिउँ पर्ने गर्छ, भने बेंशी टारहरुमा गर्मी याममा बढी गर्मी हुने गर्दछ । यस जिल्लाको उँचाईको विविधता अनुसार हावापानी, तापक्रम र वर्षामा पनि विभिन्नता पाइन्छ । जिल्लालाई भौगोलिक बनावटका आधारमा लेकाली प्रदेश, पहाडी प्रदेश र बेशीटार प्रदेशमा बाँड्न सकिन्छ ।[10]

समून्द्र सतहदेखि ४,८८० मिटर देखि २,१३५ मिटर सम्मको भू-भाग लेकाली प्रदेशमा पर्दछ ।[11] यस भागमा खसु, गुराँस, ठिग्रे, गोब्रेसल्लो आदिका रूख पाइन्छन् । हिउँदमा कहिलेकाहिँ हिउँ पर्ने गर्छ । जिल्लाका हम्पाल, माटे, चिसापानी, गोर्ल्याङ्, पञ्चासे, डहरेका लेक यसै प्रदेशमा पर्दछन् । यी लेकहरू जडिबुटी प्राप्तिका दृष्टिले समेत महत्वपूर्ण छन् ।

यस्तै, लेकाली भन्दा तल्लो समुन्द्र सतहदेखि २,१३५–९१२ मिटर सम्मको उँचाईको भू–भाग पहाडी प्रदेशमा पर्दछ ।[12] यस भागमा ओखर, चिलाउने, कटुस, आदिका रुख पाइन्छन् । यहाँ

---

[7] जि.वि.स. को कार्यालय पर्वत, **पर्वत जिल्लाको संक्षिप्त चिनारी ( ब्रोसर), सूचना तथा अभिलेख केन्द्र, पर्वत,** (२०६७), पृ. सं. नभएको ।

[8] **ऐजन** ।

[9] श्री ५ को सरकार, सूचना तथा संचार मन्त्रालय, सूचना विभाग, **मेचीदेखि महाकाली, ( भाग ३),** (काठमाडौ : वि.सं.२०३१), पृ.४४१ ।

[10] **ऐजन** ।

[11] **ऐजन** ।

[12] सूचना विभाग, **पूर्ववत्,** (पादटिप्पणी सं. ३ ),पृ.१४१ ।

हावापानीका दृष्टिले बसोवासका लागि उपयुक्त हुन्छ । पहाडको ढलानका कारण भने जीवन कष्टकर छ । यसै भागका थुम, टाकुराहरूमा तत्कालिन राज्यहरूका किल्लाहरू रहेका छन् ।

पहाडी प्रदेशदेखि तल्लो बसेको भू–भाग वेंशीटार प्रदेशमा पर्दछ । यो प्रदेश समून्द्र सतहदेखि ७६० मिटर सम्मको उँचाईमा रहेको हुन्छ ।[13] उँचाईको कारण यस भागमा केहि गर्मी हुन्छ । नदी र तालबाट बनेका यस्ता बेशीटारहरू खेतीयोग्य पनि हुन्छन् । पहिले चरनको रुपमा रहेका यस्ता भू–भागहरू हाल खेतीपाती र बसोवासका केन्द्र बन्नपुगेका छन् । जिल्लाका मल्लाज, पाङ, धाइरिङ, अर्मादी, ज्ञादी, बाच्छा, फलेवास, विहादी, कुश्मा आदि यस प्रदेशमा पर्दछन् । यहाँ साल, सीसै, चिलाउने, खयर, धायर आदि रुखहरू पाइन्छन् ।

क्षेत्रफलका हिसावले पर्वत सानो जिल्ला भए तापनि लेक र बेसीँमा हावापानीको भिन्नता, माटोको विविधता, धरातलीय स्वरुप र मोहडामा ठूलो अन्तर रहेकोले कृषि उत्पादनमा ताजा तरकारी, विभिन्न तरकारीको बीऊ, अदुवा, आलु, अलैंची, कफी, बेसार र फलफूलमा अमीलो जातिका, लप्सी, केरा, लीची, आरु, ओखर र नास्पाति लगायतका कृषिउपजहरू उत्पादन हुन सक्दछन् । यहाँका बेसीँका समतल फाँटहरुमा उन्नत जातको खाद्यन्नको विस्तार गरी प्रचुर मात्रामा लाभ लिन सकिने सम्भावना रहेको छ एकातिर भने अर्कोतिर पशुपालनका दृष्टिले बाखा, कुखुरा, बंगुर, खरायो र गाईभैंसी नै व्यवसायका मुख्य आधार हुन् । यस जिल्लामा पहाडहरू तामा, फलाम, औद्योगिक रङ जस्ता महत्वपूर्ण खनिजका लागि सम्भावनायुक्त छन् । स्लेट ढुङ्गाका खानी, फलामखानी र तामाखानी रहेको ऐतिहासिक प्रमाण पाइन्छ तर हाल यहाँबाट स्लेट ढुङ्गा, बालुवा र गीटी मात्र निकासी भइरहेका छन् ।

यो अत्यन्तै राम्रो र प्रचुर सम्भावना भएको जिल्ला भित्र पर्दछ । सदरमुकाम शिवालय गाउँ विकास समितिस्थित कुश्माको गुप्तेश्वर गुफा, कटुवाचौपारीको अलपेश्वर गुफा, बर्राचौरको सितलपाटी गुफा, लुङ्खुको चनौटे भीरमुनीको ढाउँडुङ्गेको गुफा र पाङको भुवनेश्वरी गुफा यस जिल्लाका प्रसिद्ध गुफाहरू हुन् भने धार्मिक तथा पर्यटकीय दृष्टिले मोदिवेणीको नरसिंह मन्दिर, दुर्लुङ गा.वि.स.को दुर्लुङकोट, सेतिवेणीको शालिग्राम शिला, धाइरिङको भूमे, लुङ्खु र पाङराङको चिसापानी देवीको मन्दिर, ठूलीपोखरीको बाटुलेचौर, बेउलीबासको पैंयुकोट र धुँवाकोटको ऐतिहासिक दरवार तथा किल्ला, माझफाँटको कर्णेलको दरवार तथा लुङ्खुको मेलढुङ्गा महत्वपूर्ण मानिन्छन् ।

## २.२ ऐतिहासिक परिचय

गण्डकी प्रस्रवण क्षेत्रका सात धारामध्ये पश्चिमी सीमा रहेको प्रसिद्ध कालीगण्डकी नदीको काखमा उत्तर दक्षिण लम्बवत भएर रहेको जिल्लाको नामकरणबारे विभिन्न धारणा रहेका छन् । शाब्दिक अर्थमा पर्वत भन्नाले पहाड भन्ने बुझाउँछ भने लौकिक धारणा अनुसार हिमालय पर्वतकी छोरी पार्वती सँग यसलाई जोडेको पाईन्छ ।[14] सदरमुकाम कुश्मालाई पहिलेका मानिसहरू कुशूमपुर भन्ने गर्दथे भन्ने भनाई समेत यहाँ प्रचलित रहेको छ । कालान्तरमा कुशूमपुरबाट नाम विस्तारै रुपान्तरित भै यस ठाउँको नाम कुश्मा हुन पुगेको हो भन्ने स्थानीय लोक परम्परा रहेको छ । साहित्यमा गण्डकी गर्भदेशलाई पारकोटका नामले सम्वोधन गरिन्थ्यो

[13] **ऐजन**, पृ.४४२ ।

[14] षडानन्द पौड्याल,"पाङको परिचयात्मक मूल्य : शिक्षा र साहित्य" **स्वर्ण महोत्सव स्मारिका पाङधैरेनी उच्च मा. वि.,** ( वि.सं. २०६६), पृ.४२ ।

।[15] सोमवंशी सुचिराश्वका छोरा पारले किल्ला जमाएको हुनाले पारकोट हुनपुगेको पारकोट र यिनै राजा पारका छोरा ठूला शिवभक्त नीपले शिवको आराधना गरी नेपाल देश बनाएको गण्डकी महात्म्यमा उल्लेख छ ।[16] जिल्लाको वर्तमान अर्मादीमा रचना गरिएको मानिने यस ग्रन्थमा निश्चनै यहीँको पारकोटको वयान गरेको हुनुमा  सत्यता देखिन्छ । यस कथाले समेत पर्वत जिल्लाको प्राचीनताबारे अझै स्पष्ट हुन मद्दत गरेको छ । मर्स्याङदी देखि प्यूठान सम्मको भू–भाग बाह्र मगरातका नामले कहलाएको हुँदा[17] यो जिल्ला पनि बाह्र मगरातमा पर्नु स्वाभाविक छ । वि.सं.१११७ को एक ताम्रपत्रमा मंग्वर विषयको उल्लेख पाइन्छ ।[18]त्यसमा नेपाल मण्डलमा अधिपतिका रूपमा शिवदेवको उल्लेख छ भने मंग्वर विषयको अधिपतिका रुपमा रामदेवको उल्लेख पाइन्छ । मंग्वर शब्द वर्तमान मगर शब्दको पूर्वरुप हो भन्ने स्पष्ट देखिन्छ ।[19] संस्कृत भाषाबाट बृहत् खोज नहुँदा सम्म मोदी, मल्याङदी, होश्राङ्दी आदि स्थान तथा खोलानाला विशेष नाम मगर भाषासँग सम्बन्ध राख्ने देखिन्छ । मगर भाषामा डी वा दी ले पानी वा नदीलाई बुझाउँछ ।[20] प्रायः रिडी देखि पश्चिम तर्फ डी र पूर्व तर्फ दी को प्रयोग भएको देखिएको छ ।

उल्लेखित साहित्यका अतिरिक्त पुरातात्त्विक बस्तुहरुबाट पनि पर्वत जिल्लाको प्राचीन इतिहासको विषय अझ प्रष्ट हुन्छ । जिल्लाको पाङमा प्राचीन संस्कृतिका अवशेषको प्राप्तिले जिल्लामा प्राचीनकाल देखिनै मानब बसोवासको पुष्टि हुन्छ । यस जिल्लास्थित कालीगण्डकी नदीका विभिन्न ठाउँका घाटहरुमा वैष्णव सम्प्रदायका अखाडाहरु, मन्दिर,आदि रहेका छन् । यो नदी प्राचीनकालदेखि नै उत्तर दक्षिणको व्यापारिक मार्गको साथै प्रसिद्ध दामोदरकुण्ड, मुक्तिनाथ तीर्थ जाने बाटो पनि भएको हुनाले यो क्षेत्र प्रसिद्ध थियो ।

प्राचीनकालमा लिच्छवि राजा मानदेवले गण्डकीपारिको मल्लपुरीलाई दमन गरेको विवरण वि.सं.५२१ को चाँगु अभिलेखमा उल्लेख छ ।[21] सो मल्लपुरी यसै क्षेत्र तिर पर्ने र कालीगण्डकी नदी नै राजा मानदेवले तरेको गण्डकी हो भन्ने कुरा धनवज्र वज्राचार्यले उल्लेख गरेका छन् । अर्कोतर्फ कास्की जिल्लाको सेती नदीलाई समेत गण्डकी भनिएको पाइन्छ ।[22] नेपाल खाल्डोमा लिच्छवि शासन कायम रहँदा यस क्षेत्रमा अधिनस्थ स्थानिय सामन्तबाट शासित रहेको देखिएको छ । जिल्ला देखि पश्चिम वाग्लुङ बजारमा मानाङ्क मुद्रा र जुम्लाबाट लिच्छवि लिपि अंकित

---

[15] जगमान गुरुङ, **नेपालको राष्ट्रिय समिकरणको परिप्रेक्षमा गण्डकी प्रस्रवण क्षेत्रका तीर्थस्थलहरुको विश्लेषणात्मक  अध्ययन**,( काठमाण्डौ : नेपाल र एशियाली अनुशन्धान केन्द्र, वि. सं. २०६१), पृ.१२ ।

[16] **ऐजन** ।

[17] सूचना विभाग, **पूर्ववत्** ,( पादटिप्पणी सं. ३) , पृ.४४२ ।

[18] धनवज्र वज्राचार्य, **गोपालराजवंशावलीको ऐतिहासिक विवेचना** ,( काठमाण्डौ : नेपाल र एशियाली अनुसन्धान केन्द्र, वि.सं.२०६४), पृ.१८ ।

[19] **ऐजन** ।

[20] सूचना विभाग, **पूर्ववत्,**, ( पादटिप्पणी सं. ३), पृ.४४२ ।

[21] wgjh| jh|frfo{, **लिच्छविकालका अभिलेख**,( काठमाण्डौ : नेपाल र एशियाली अनुसन्धान केन्द्र, वि.
सं.२०५३), पृ.९ ।

[22] मदन रिमाल“ प्राचीन मल्लपूरीको खोजी चुनौती र सम्भावना” **नेप्लिज कल्चर भोलम ११**,( कीर्तिपुर : संस्कृति केन्द्रीय विभाग, त्रि. वि.,वि.सं.२०६८), पृ.३८ ।

माटाका चैत्य प्राप्त भएबाट यो कुराको पुष्टि हुन्छ ।[23] यसको सहयोगबाट यस जिल्लामा पनि लिच्छवि शासन रहेको सजिलै अनुमान लगाउन सकिन्छ ।

विक्रमको सातौँ – आठौँ शताब्दी पछि लिच्छवि शासनका कमजोरीको फाइदा उठाउँदै केन्द्र बाहिर स्वतन्त्र राज्यहरू स्थापना हुनपुगेको देखिन्छ । यसै प्रसङ्गमा लिच्छविकालको अन्त्य तिर कास्मिरका राजा जयापीड विनयदित्यले नेपालका राजा अरमुडीको राज्यमा आक्रमण गर्दा अरमुडीले कालीगण्डकीको पूर्वी किनारमा आई बाँधबाँधी जयपिडा आदिलाई पक्रेको कुरा काश्मिरी कवि, इतिहासकार कल्हणले आफ्नो राजतरंगिनीमा उल्लेख गरेका छन् ।[24] यी कास्मिरी राजा जयसिंहको शासनकाल वि.सं.११४५–११५७ सम्मको हुनाले अरमुडीको शासनकाल पनि त्यसै समयको हुनुपर्ने देखिएको छ .[25] हाल जिल्लाको सदरमुकामदेखि पश्चिम अरमादी नामक स्थानलाई राजा अरमुडीसँग केही विद्वान्हरुले शाब्दिक रूपका आधारमा निकट देखाउन खोजेको पाइन्छ । यो स्थान सोहि प्रसङग अनुसार कालीगण्डकीकै पूर्वी किनारमा नै रहेको भए पनि यो स्थलमा राजा अरमुडीलाई संकेत गर्ने त्यस्तो कुनै भौतिक संरचना देख्न पाईंदैन । अरमुडीको शासनकाल पछि यो क्षेत्र पुनःकेन्द्रको अधिनस्थ क्षेत्र बन्नपुगेको देखिन्छ । यस क्षेत्रमा केन्द्रका अधिनस्थ प्रभावशाली विषयहरू मंग्वर विषय, गण्डीगुल्म विषय, जिग्लोद्गम विषय, पन्नग विषय, धवलस्रोतपुर, यसै जिल्ला निकट पूर्वमध्यकालीन विषयहरू भएको विभिन्न स्रोतबाट खुल्न आएको छ । वर्तमान पर्वत जिल्ला नै तत्कालिन जिग्लोद्गम विषय हो भन्ने केही विद्वान्हरूको भनाई पाईन्छ ।[26] महासामन्त रामदेवको विजयराज्यमा धवलस्रोतपुरमा वि.सं.११५६ मा कमलपाणीले लेखेको आर्योष्णीषविजयधारिणी प्राप्त भएको छ ।[27] त्यस्तै वि.सं. १२३० मा महासामन्त रत्नदेवको विजयराज्य धवलस्रोतपुरमा पण्डित रत्नपाणीले लेखेको चरकसंहिताको साथै रत्नदेवकै विजयराज्य धवलस्रोतपुरमा शैवाचार्य राजगुरु श्रीधरले लेखेको क्रियाकालगुणोत्तर नामक ग्रन्थ प्राप्त भएका छन् ।[28] यहाँ उल्लेखित धवलस्रोतपुरलाई वर्तमान धौलागिरि हिमालको काखको क्षेत्र मानिएको छ ।[29] यदि धवलस्रोतपुर धौलागिरि काखको क्षेत्र भए पर्वत जिल्ला पनि स्वतः धवलस्रोतमा पर्ने भयो । एवं प्रकारले यस क्षेत्रमा केन्द्रबाट अधिनस्थ सामन्तहरुको शासन विक्रमको १३ औं शताब्दीको पूर्वार्द्धसम्म रहेको देखिन्छ ।[30]

विक्रमको १२ औं शताब्दीको पूर्वार्द्धमा कर्णाली क्षेत्रमा नागराजले खस राज्यको स्थापना गरी विशाल नेपाल राज्यलाई टुक्राई दिन्छन् ।[31] यिनका वंशज जीतारी मल्ल त वि.सं. १३४४

---

[23] सूचना विभाग, **पूर्ववत,** , (पादटिप्पणी सं. ३), पृ.४४२ ।

[24] टेकबहादुर श्रेष्ठ, **पर्वत राज्यको ऐतिहासिक रुपरेखा**, ( काठमाडौं : नेपाल र एसियाली अनुसन्धान केन्द्र
त्रि.वि., वि.सं.२०५९), पृ.१६ ।

[25] **ऐजन** ।

[26] राजाराम सुवेदी,“ गण्डकी अञ्चलको ऐतिहासिक विवेचना”**गण्डकी सामाजिक गुठी स्मारिका** ,( वि. सं.२०६५), पृ.१६८ ।

[27] गुरुङ, **पूर्ववत्** ,( पादटिप्पणी सं.९), पृ. १६ ।

[28] **ऐजन** ।

[29] **ऐजन** ।

[30] **ऐजन**, पृ. १७ ।

[31] श्रेष्ठ, **पूर्ववत्** , (पादटिप्पणी सं.१८ ),पृ.१५ ।

देखि १३४६ सम्म तीनपल्ट सम्म नेपाल उपत्यकामा आक्रमण गरी आफ्नो प्रभूत्व जमाउन निकै सफल भएका थिए ।[32] त्यस्तै, १५ औं शताब्दीको उत्तरार्द्धमा विशाल खस राज्य टुक्रिएर बाईसे र चौबीसे राज्य स्थापना भए ।[33] कर्णाली प्रदेशमा बाईसी र गण्डकी प्रदेशमा चौबीसे राज्यका नामले चिनिन थाले ।[34] गण्डकी प्रदेशमा विकसित यी चौबीसे राज्य मध्ये शाह वंशीय राज्य विशेष सवल राज्य थिए । जसलाई इतिहासको भाषामा आठटिका शाही पनि भनिन्छ ।[35] शाह बंशका आदिपूर्खा जैन खानले सेन र मल्ल राज्यको बिच पाल्पाको हाराहारीमा उत्तर लसर्घाको डाँडामा आफ्नो अजेय किल्ला खडा गरे ।[36] लसर्घामा किल्ला जमाई त्यहाँ आलमदेवीको स्थापना गरे पछि जैनखानले घलेहरूलाई जितेर आफ्नो राज्य बढाएका थिए ।[37] जैनखानका छोरा सूर्यखानको मृत्यु पछि उनका जेठा छोरा खाञ्चा खानले भिरकोट कान्छा छोरा मिचाखानले नुवाकोट राज्य स्थापना गरे ।[38] त्यस पछि भिरकोटबाट गर्हौं र ढोर राज्य स्थापना भए भने नुवाकोटबाट कास्की र सतौं राज्य स्थापना भए ।[39]

त्यसै समयतिर कर्णाली प्रदेशका बाईसे राज्य मध्ये रुकुमका राजा डोरजेका माईला छोरा आनम्मले वि.सं. १४९३ तिर पर्वत राज्यको स्थापना गरेको देखिन्छ ।[40] धौलागिरि हिमालको दक्षिणी काखमा हालका वाग्लुङ, पर्वत, म्याग्दी जिल्ला र डोल्पा जिल्लाका केही भागमा विशाल पर्वत राज्य फैलिएको थियो ।[41] यसै पर्वत राज्यको नामलाई वि. सं. २०१८ सालमा अञ्चल र जिल्ला विकाशमा देशलाई विभाजन गर्दा यस राज्यकै नामलाई यथावत राखिएको थियो ।[42] तत्कालिन पर्वत राज्यकै नामबाट यस जिल्लाको नाम रहन गए तापनि यसको वर्तमान भौगोलिक क्षेत्र पर्वत राज्यबाट मात्र बनेको छैन । प्रारम्भिक चरणमा ऐतिहासिक साहित्यिक स्रोतको अध्ययनबाट तत्कालिन अन्य चौबीसे राज्यका क्षेत्र समेत यस जिल्लामा समेटिएको देखिएको छ । उक्त राज्यहरुमा सतौं(सतहूँ) ,नुवाकोट, कास्की, पैयूँ र पर्वत राज्य देखिन आएका छन् । अब, वर्तमान जिल्लामा पर्न गएका यी राज्यहरूका क्षेत्रबारे सामान्य विवेचना गरौं,

## पैयूँ राज्य

चौबीसे राज्य मध्ये पैयूँ राज्य पनि एक हो ।[43] यो राज्य हालको पर्वत जिल्लाको दक्षिणी क्षेत्रमा फैलिएको थियो । यो राज्य हालका लुँखुदेउराली, होस्राङ्दी, उरामपोखरा, शालिग्राम,

---

32 श्रेष्ठ, **पूर्ववत्**, (पादटिप्पणी,सं.१८),पृ.१५ ।
33 **ऐजन**,पृ.१७ ।
34 **ऐजन** , पृ.१८ ।
35 गुरुङ, **पूर्ववत्** ,( पादटिप्पणी सं.९), पृ.२० ।
36 **ऐजन** ।
37 **ऐजन**, पृ. १९ ।
38 **ऐजन**,पृ.१९ ।
39 **ऐजन** ।
40 श्रेष्ठ, **पूर्ववत्** ,(पादटिप्पणी सं. १८), पृ.३२ ।
41 सूचना विभाग, **पूर्ववत्** ,( पादटिप्पणी सं.३), पृ.१८ ।
42 **ऐजन**, पृ ४३९ ।
43 यस राज्यको विवरण **गाउँ विकाश समिति प्रोफाईल उरामपोखरा** , वि.सं. २०६८ बाट लिइएको हो ।

टकलाक, रानीपानी, बर्राचौर, बाच्छा, सरौंखोला, भोर्ले, हुवास, त्रिवेणी, वालाकोट, भोक्सिङ लगायतका क्षेत्रहरुमा फैलिएको थियो ।

पैयूँ राज्य प्राचीनकालमा लिच्छविद्धारा शासित क्षेत्र थियो भन्ने स्पष्ट भैसकेको छ । वि.सं. १५०२ मा चारथरी मगरले भारतको घाँसपानी बासीगाउँबाट राजपूत रामसिंह शेनलाई ल्याएर राजा बनाएका थिए । यसबाट के देखिन्छ भने रामसिँह सेन नै पैयूँ राज्यको पहिलो राजा थिए । वि.सं. १५०२ मा स्थापना भएको पैयूँ राज्य वि.सं. १८४२ सालमा बहादुर शाहको पालामा नेपाल राज्यमा गाभिन पुग्यो । पैयूँ राज्यको राजधानी बेउलीवास र होस्राङदी गा.वि.स.को सीमानामा रहेको छ । पैयूँ राज्यको मुख्य राजधानी पैयूँकोट १६४३ मिटर र अर्को लुरिङकोट १७२३ मिटरमा रहेका छन् । लुरिङ्कोट उरामपोखरा, बहाकीठाँटी र बर्राचौरको सीमानामा पर्दछ ।

पैयूँका राजा अकबरसिंह सेनले आफ्ना भाईलाई लुरिङ्कोटमा शासन गर्न पठाएका थिए । पैयूँ राज्यको दक्षिणी फाँट फुलबारी रहेको थियो जहाँ हतियार भण्डारण गरिन्थ्यो । हाल यो हुवास गा.वि.स. अन्तर्गत पर्दछ । पैयूँ राज्यको गृष्मकालीन राजधानी पैयूँकोट थियो भने शीतकालीन शासन फूलबारीबाट सञ्चालन हुन्थ्यो । फूलबारीमा हाल नायब साहेबको मन्दिर रहेको छ । जहाँ बारुदखाना रहेको र एकीकरणको बेला नायब साहेबले आगो लागाई आत्मदाह गरेको किंबदन्ती पाइन्छ ।

## सतहूँ राज्य

कालीगण्डकी र मोदी नदीको पूर्व यो राज्य फैलिएको थियो । इतिहासमा यो राज्य २००० सतहूँका नामले प्रसिद्ध थियो ।[44] आठटिका शाह खानदान नुवाकोटका राजा मिञ्चा खानका माईला छोरा शिरबम खानले वि.सं. १५१० तिर सतहूँ राज्यको स्थापना गरेको बुझिन्छ ।[45]

यस राज्यको पूर्व कास्की र नुवाकोट , पश्चिममा पर्वत, उत्तरमा कास्की र पर्वत राज्य पर्दथे भने दक्षिणमा भिरकोट र गह्रौं राज्य पर्दथे ।[46] यो राज्य वर्तमान जिल्लाको ज्ञादी क्षेत्रसम्म फैलिएको थियो भन्ने कुरा हालसम्म पनि यहाँ सतहूँज्ञादी भन्ने नाम प्रचलित हुनुले प्रष्ट हुन्छ । यसै ज्ञादी क्षेत्रको वितलबमा सतहूँका राजा शिरबमखानले आफ्ना कुलगुरुलाई बसोबासका लागि बिर्ता जग्गाको व्यवस्था गरिदिएका थिए भन्ने विबरण पाइन्छ ।[47] यस स्थलमा हाल पनि त्यसै वंशका पौड्यालहरूको बसोवास रहेको पाइन्छ । हालका पिपलटारी, कटुवाचौपारी, ठूलिपोखरी, खौलालाँकूरी गा.वि.स. बृहत् ज्ञादी क्षेत्रमा पर्दछन् भने मुख्य ज्ञादी भनेर कटुवाचौपारी र पिपलटारी गा.वि.स.लाई चिनिन्छ । यसको सहयोगले तत्कालीन सतहूँ राज्यमा उल्लेखित गा.वि.स. बाहेक अन्य छिमेकी गा.वि.स.का क्षेत्र समेत पर्ने देखिन्छ । वि.सं. १५७५ मा राजा भएका ऐतबम खानले आफ्नो शीतकालीन राजदरबार सतहूँकोटबाट ज्ञादीचौरमा सारेको उल्लेख पाइन्छ ।[48] यस राज्यका अन्तिम राजा दीर्घराज शाह थिए ।[49] यिनको पालामा वि.सं. १८२८ मा

[44] श्रेष्ठ, **पूर्ववत् ,** (पादटिप्पणी सं. १८), पृ. १७७ ।
[45] सुवेदी ,**पूर्ववत् ,**(पादटिप्पणी सं. २०), पृ. १८५ ।
[46] **ऐजन** ।
[47] **ऐजन** ।
[48] **ऐजन** ।

पर्वतका राजा कीर्तिबम मल्लले चौबिसे सेना एकत्र गरि गोर्खालिी फौजलाई नराम्रो सँग हराएका थिए ।[50] त्यस युद्धमा गोर्खाली ५०० जवानको मृत्यु हुनुको साथै केहरसिँह बस्नेत र काजी बंशराज पाण्डे कैद गरी पर्वत लगिएको थियो ।[51] वि.सं. १८४२ आषाढ ७ गते सतहूँ राज्यले नेपालको अधिनता स्वीकार गर्न पुग्यो ।[52] यसरी चौबीसे राज्य सतहूँ सदाको निम्ति नेपाल राज्यको एक हिस्सा बन्न पुग्यो ।

## नुवाकोट राज्य

नुवाकोट राज्यको स्थापना वि.सं. १५१० मा राजा मिञ्चाखानले गरेका हुन् ।[53] यस राज्यलाई एकीकरणपूर्व ६००० नुवाकोट भनिन्थ्यो ।[54] उनका जेठा छोरा भक्ति खान पुर्खौलीमा रहे भने शिरबम खानले सतहूँ राज्यको स्थापना गरे । त्यस्तै कान्छा छोरा चित्र खानले कास्कीमा आफ्नो ठकुराईको स्थापना गरेका थिए ।[55] आँधीखोलाको मुहानमा पर्ने यो राज्य अन्तर्गत प्रसिद्ध पञ्चासे र डहरेको  लेक पर्ने उल्लेख पाइन्छ ।[56] तर यो प्रसङ्ग अमिल्दो देखिएको छ । किनभने वर्तमानका प्रसिद्ध पञ्चासे र डहरे को बिचभागमा मध्यकालीन सतहूँ राज्य पर्ने देखिएको छ । पञ्चासे तत्कालिन सतहूँ राज्यको उत्तर र डहरे दक्षिणमा पर्ने देखिन्छन् । यसकारण यो नुवाकोट राज्य आँधीखोलाको मुहान डहरेको क्षेत्र हुनु ज्यादा सत्य देखिन्छ । पञ्चासे र डहरेका दुबै लेक नुवाकोट राज्यमा पर्न सक्ने सम्भावना देखींदैन ।

यस राज्यको पूर्वमा ढोर, पशिचममा सतहूँ र पर्वत राज्य पर्दथे त्यस्तै, दक्षिणमा भिरकोट र गर्हौं पर्दथे भने उत्तरमा सतहूँ र कास्की राज्य पर्दथे ।[57] यस राज्यलाई पल्लो नुवाकोट पनि भनिन्थ्यो ।[58] आठटिका शाह राजाहरू राज्यमध्ये नुवाकोट प्राकृतिक स्रोतमा कमजोर र सैन्यबलमा पनि निर्धो मानिन्थ्यो ।[59] वि.सं. १५९९मा नुवाकोटमा माणिक शाही राजा भएका थिए ।[60]यी राजाको पालामा मल्याङदी खोलामा कुलोकाटी सिँचाई गर्ने व्यवस्था गर्नुको साथै कार्किनेटामा आवादी बढाएको विवरण पाइन्छ ।[61] यस आधारमा वर्तमान जिल्लाका थापाठाना, कार्किनेटा, भँगरा, लगायतका गा.वि.स. तत्कालीन नुवाकोट राज्यमा पर्ने देखिन्छन् ।

---

[49] **ऐजन,** पृ.१८७ ।
[50] श्रेष्ठ, **पूर्ववत्** ,( पादटिप्पणी सं. १८), पृ.७१ ।
[51] श्रेष्ठ, **पूर्ववत्,** (पादटिप्पणी सं.१८ ), पृ.७१ ।
[52] सुवेदी, **पूर्ववत्** , ( पादटिप्पणी सं.२०), पृ.१८७ ।
[53] **ऐजन** , पृ. १८८ ।
[54] **ऐजन** ।
[55] **ऐजन**, पृ. १८८ ।
[56] **ऐजन** ।
[57] **ऐजन** ।
[58] **ऐजन** ।
[59] **ऐजन** ।
[60] **ऐजन**,  पृ.१८९ ।
[टज्ञ] **ऐजन** ।

वि.सं.१८४० फागुन २० गते नेपाली सेनाले आक्रमण गरी नुवाकोट राज्यलाई सदाको निम्ति नेपाल राज्यमा गाभ्ने काम सफल भयो ।[62] यसरी नुवाकोट राज्य नेपाल राज्यमा मिल्न पुग्यो ।

## कास्की राज्य

कास्की राज्यको स्थापना वि.सं.१५२५ तिर कुलमण्डन शाहले गरेका थिए ।[63] यो राज्य चौबीसे राज्य मध्ये निकै बलियो राज्य थियो । यसको पूर्वमा तनहूँ, लमजुङ पश्चिममा सतहूँ राज्य पर्दथे भने उत्तर तर्फ पर्वत, मुस्ताङ् र लमजुङ राज्य पर्दथे त्यस्तै दक्षिणमा ढोर र नुवाकोट राज्य पर्दथे ।[64] उत्तर तर्फका क्षेत्रमा पर्वत र लमजुङ्ले बेलाबेलामा दुख दिने गर्दथे ।[65] पर्वते राजा प्रतापीनारायण मल्लको पालामा पर्वतले आफ्नो राज्यको सीमाना कास्कीको सेती नदीसम्म बनाएको उल्लेख पाइन्छ ।[66] पर्वतका अन्तिम राजा कीर्तिबम मल्लको पालामा समेत कास्कीको पाउँदुरसम्म पकड रहेको देखिन्छ ।[67]

कास्की राज्यमा राजनीतिक तथा प्रशासनिक व्यवस्थाको सूत्रपात गर्ने श्रेय राजा कुलमण्डन शाहलाई जान्छ । यिनले राज्यलाई सुरक्षित पार्ने ध्येयले विभिन्न किल्ला कोटहरुको निर्माण गरेका थिए । यिनैले पर्वतका राजगुरुका सन्तान पद्‌मपाणि पाध्यालाई आफ्ना कुलगुरु मानेर कास्की ल्याएका थिए ।[68] यस राज्यका प्रख्यात राजाहरूमा कुलमण्डन शाह, राजशाह, र सिद्धिनारायण शाहको नाम विशेष अग्रपङ्तिमा आउँछ । कुलमण्डन शाहले पकुवा राम्जाकोट र तिलाहारकोटको पनि निर्माण गराएका थिए ।[69]यी स्थानहरू हाल पर्वत जिल्लामा पर्दछन् । यस विवरणबाट के देखिन्छ भने, हाल जिल्लाका चित्रे, राम्जादेउराली, तिलाहार, पकुवा लगायतका क्षेत्रहरू तत्कालीन कास्की राज्यको देखिन्छन् । वि.सं. १८४२ जेष्ठ महिनामा सिद्धिनारायण शाहको समयमा नेपाली सेनाले कास्की माथि सदाको लागि विजय प्राप्त गर्न सफल भयो ।[70]

## पर्वत राज्य

चौबीसे राज्यको नेतृत्व गर्न सक्ने सवल राज्य पर्वतको स्थापना विक्रमको पन्ध्रौं शताब्दी अर्थात्, वि. सं.१४९३ तिर भएको देखिन्छ ।[71] यस राज्यलाई १६००० पर्वत पनि भनिन्थ्यो ।[72]

---

[टद] **ऐजन**, पृ.१९० ।
[टघ] सुवेदी, **पूर्ववत्** , (पादटिप्पणी सं.२०), पृ.१७० ।
[टढ] **ऐजन** , पृ.१७० ।
[टछ] **ऐजन** ।
[टट] श्रेष्ठ , **पूर्ववत्** , (पादटिप्पणी सं. १८ ), पृ. ४२ ।
[टठ] **ऐजन**, पृ.१६९ ।
[टड] सुवेदी, **पूर्ववत्** ,(पादटिप्पणी सं. २० ), पृ.१७० ।
[टढ] **ऐजन** ।
[ठण] **ऐजन**, पृ. १७४ ।
[71] श्रेष्ठ, **पूर्ववत्** , (पादटिप्पणी सं. १८ ), पृ. ३४ ।

यस राज्यमा डोल्पाका केही भाग र वाग्लुङ, पर्वत र म्याग्दी जिल्लाका विशाल भागहरूमा संगठित थियो ।[73] हालसम्मको खोजका आधारमा पर्वत राज्यको संस्थापक रूकुमका राजा डोरजेका माईला छोरा आनम्म देखिएका छन् । यिनले निसिभूजीका भूजेलहरूको सहयोग लिएर पर्वतको दक्षिण पश्चिम पर्ने अर्णाकोट कब्जा गरी पर्वत राज्यको स्थापना गरेको देखिएको छ ।[74]यी आनम्म पछि कीर्तिबम मल्लसम्मले पर्वत राज्यमा शासन गरेको देखिन्छ ।

यस राज्यको पूर्वमा कास्की र सतहूँ राज्य पर्दथे भने पश्चिममा रूकुम, जुम्ला पर्दथे त्यस्तै, उत्तरमा भोट र दक्षिणमा प्यूठान, गुल्मी, गलकोट, धुर्कोट आदि राज्य पर्दथे ।[75] वि.सं. १५९० तिर प्रतापीनारायण पर्वतका राजा भएका थिए ।[76] यिनका तीनभाई छोरा मध्ये जेठा जितारी मल्ल, माईला राजमल्ल र कान्छा कल्याण मल्ललाई क्रमशः गलकोट, पर्वत र कास्कीकोट राज्य बाँडेको खुल्न आएको छ ।[77] राजमल्लको पाँच पुस्ता पछि मलेबमले पर्वत राज्यमा वि.सं.१७४३ तिर शासनमा आउँदा दाना, ढोरलथाना, पाङ, र मल्लाजमा समेत दरबार निर्माण गरी राजगरेको विवरण प्राप्त छ ।[78] कीर्तिबम मल्लको समयमा वि.सं. १८४३ आश्विन ४ गते नेपाली सेनाले दक्षिण र पूर्वबाट आक्रमण गरेर सदाको निम्ति नेपाल राज्यमा गाभ्यो ।[79] यस लडाईंमा पर्वतको रक्षार्थ वाग्लुङ्मा धर्मराज मल्ल र दुर्लुङ्मा भीमदत्त मल्लले सैन्य बल सम्हालेर लडेका थिए ।[80] यसरी चौधौं पुस्तामा आएर मल्लवंशीय शासनको अन्त्य हुनपुग्यो ।

एकीकरण पछि कीर्तिबम मल्लका छोरा नरसिंह मल्लको मृत्युपछि यिनका जेठा छोरा राजविक्रम र कान्छा विक्रमार्कलाई वि.सं. १८७५ मा भारतको मदनीपुरबाट ल्याई भीरकोटको सखाममा खर्चपानी दिई भीमसेन थापाले राखेको बुझिन्छ ।[81] यसका साथै राजबिक्रमलाई वि.सं.१८९४ मा नेपाल सरकारको अधिनस्थ रजौटाको रुपमा जिल्लाको पाङमा बस्ने व्यवस्था मिलाई दिएको देखिएको छ ।[82] यस वंशजको हालसम्म पनि यहाँ बसोवास रहेको पाईन्छ ।

यस राज्यको पूर्वी सीमाना मोदी नदी भएको हुनाले जिल्लाको आधाजसो भाग यसै राज्यको देखिन्छ । हालको सदरमुकाम भएको शिवालय गा.वि.स. देखि उत्तर–पश्चिमका चुवा, दुर्लुङ,तिलाहार, देउराली, खुर्कोट, पाङ, मल्लाज, भुकताङ्ले आदि सबै गा.वि.स तत्कालिन पर्वत राज्यको पकड क्षेत्र रहेको देखिन्छ ।

## २.३ जनजीवन

---

[72] सूचना विभाग, **पूर्ववत्** ,( पादटिप्पणी सं. ३), पृ.१८ ।
[73] **ऐजन** ।
[74] श्रेष्ठ, **पूर्ववत्** , (पादटिप्पणी सं. १८) , पृ. ३३ ।
[75] सूचना विभाग, **पूर्ववत्** , (पादटिप्पणी सं. ३ ), पृ.४५१ ।
[76] पौड्याल, **पूर्ववत्** ,(पादटिप्पणी सं.८), पृ.४२ ।
[77] **ऐजन** ।
[78] **ऐजन** ।
[79] **ऐजन** ।
[80] सूचना विभाग, **पूर्ववत्** , (पादटिप्पणी सं.३), पृ.४५१ ।
[81] श्रेष्ठ, **पूर्ववत्** , (पादटिप्पणी सं. १८), पृ.८३ ।
[82] पौड्याल, **पूर्ववत्** ,(पादटिप्पणी सं.८), पृ.४२ ।

राजनैतिक विभाजनका आधारमा पर्वत जिल्लालाई दुई निर्वाचन क्षेत्र, ११ ओटा ईलाका र ५५ वटा गाउँ विकास समितिमा विभाजन गरिएको छ । यस जिल्लामा ब्राह्मण, क्षेत्री, मगर, विश्वकर्मा, गुरुङ, दर्जी, सार्की, कुँवर, नेवार, ठकुरी, संन्यासी, कुमाल, बोटे, थकाली, र मुस्लिम जातिको बसोबास रहेको छ । राष्टिय जनगणना २०५८ अनुसार पर्वत जिल्लाले नेपालको क्षेत्रफलको ०.३३ प्रतिशत र जनसंख्याको ०.६८ प्रतिशत अंश ओगटेको छ । यस जिल्लामा रहेका मानिसहरूको जनघनत्व पश्चिमाञ्चलका पहाडी जिल्लाहरूमध्ये सवभन्दा बढी ३१९ जना प्रतिवर्ग कि.मी. रहेको छ । मानव विकास प्रतिवेदन २००४ अनुसार पर्वत जिल्लाको औसत आयु ६५.७६ बर्ष र वार्षिक प्रतिव्यक्ति आय २२४ अमेरिकी डलर रहेको छ । मानव विकास सूचकांक मा २० औं स्थान र प्रौढ साक्षरता दृष्टिकोणले पर्वत जिल्ला २४ औं स्थानमा रहेको छ । यस जिल्लामा हाल ३४.१ प्रतिशत घरपरिवार गरिबीको रेखामूनी रहेका छन् । भौतिक विकासका हिसावले यस जिल्लाका ८ गा.वि.स.लाई पक्की सडकले छोएको छ भने बाँकी ४५ वटा गाउँ विकास समितिहरूमा धुले र मौसमी सडक पुगेका छन् । त्यसैगरी ७६ प्रतिशत घरधुरीमा खानेपानी सुविधा पुगेको छ भने ४४ प्रतिशत घरधुरीमा शौचालय निर्माण भैसकेको छ ।

जिल्लामा प्राचीनकालीन सभ्यताका अवशेषको प्राप्तिले यो क्षेत्र निकै प्राचीनकाल देखिनै सभ्यताको भूमि भएको देखिएको छ । त्यसो त जिल्ला प्रसिद्ध कालीगण्डकी नदीको काखमा भएकाले उत्तर दक्षिणको धार्मिक तथा व्यापारिक मार्ग भएकाले यसको असर यस जिल्लामा पर्ने कुरालाई नकार्न सक्दैनौं । यसकारण यहाँको मानव इतिहास निकै पुरानो देखिन्छ । जिल्लाको पाडमा प्राचीन संस्कृति प्राप्त भएको छ । यो सस्कृतिको सम्बन्धित मानिस को हुन भन्ने बारे केही खुल्न सकेको छैन । तै पनि जिल्लाको पिपलटारीमा रहेको कुसुन्डाको बारी जस्ता प्रसङ्गले कुसुन्डा जातिसम फिरन्ता जातिहरू बसोवास गर्थे कि भन्ने अनुमान गर्न सकिन्छ । यस्तै प्राचीन कालमा गण्डकी गर्भदेश पशुपालक नीप जातिहरूबाट प्रभावित थियो भन्ने देखिएकोले यसको प्रभाव यस जिल्लामा पर्नु स्वाभाविक देखिन्छ । जसको फलस्वरुप आजसम्म पनि कोटहरूमा गौंडोको पूजा गर्ने परम्परा स्थापना भएको हुनसक्छ । कोटहरुमा गौंडौलाई गोठको संरक्षकको रुपमा मानिन्छ ।[83] पहाडका थुमथुमका कोटमा गौडोको स्थापना भएको देखिएकाले यी पशुपालकहरू एकै स्थानमा नबसी स्थान बदली–बदली पशुपालन गर्ने गर्थे कि भन्ने देखिन्छ । लेक बेशीं गरी गोठका गोठ पशुपालन गर्ने परम्परा आजसम्म पनि पहाडहरुमा देख्न पाइन्छ । यसकारण प्राचीनकालमा पर्वत जिल्लामा पनि पशुपालन गरी जीवन चलाउने जातिको बसोबास रहेको अनुमान गर्न सकिन्छ ।

पूर्वमध्यकालमा यस क्षेत्रमा मगर जातिको प्रधानताका प्रमाण प्राप्त भएका छन् । जिल्लाको कटुवाचौरी गा.वि.स.स्थित देउतीबजैको खेतका साथै अन्य भाषाबाट खोज नहुँदा सम्म नदी तथा स्थान विशेषका नाम यही जाति निकट पाउनुले यस विषयलाई बलियो पार्न सहयोग गर्ने देखिएको छ । सामाजिक विविधता आउनमा आन्तरिक तथा वाह्य घटनाक्रमले महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । नेपाल दुई विशाल देशबिच रहनुका कारण यहाँको मानवीय समिश्रण अनौठो खालको हुनपुगेको छ । पहिले देखिनै यस क्षेत्रमा मानिसहरूको आगमन र स्थानीयसँगको संमिश्रणका कारण शारीरिक तथा सांस्कृतिक विविधता विकाश हुनपुगेको देखिन्छ । त्यस्तै काठमाडौ खाल्डोबाट व्यापारिक नेवार समुदायको फैलावट हुनपुग्यो । यही समुदायले व्यापारिक प्रयोजनका लागि प्रयोग गरेका हुनाले आज ती स्थानहरू हटियाका नामबाट चिनिन पुगेका छन् ।

---

[83] खौलाज्ञादीकोटका पुजारी बर्ष ७१ का ध्रुबलाल सुबेदीसँगको कुराकानीका आधारमा ।

नेवारहरू गोरखाका राजा रामशाह र पाटनका राजा सिद्धिनरसिंह मल्लको समयदेखि गण्डकीप्रस्रवणक्षेत्र तिर लागेका मानिन्छन् .[84]

जिल्लामा हाल व्राह्मण जातिकै बाहुल्य पाइन्छ । यसका साथै, जिल्लामा छेत्री, मगर, कामी, दमाई, गुरुङ, सार्की, ठकुरी, नेवार, सन्यासी, सुनार, मुस्लिम, कुमाल, राई, माझी, थकाली, तामाङ आदि जाति र समुदायहरूको बसोबास पाइन्छ ।[85] व्राह्मण, क्षेत्री, ठकुरीहरू विशेषतः उब्जाउ फाँटहरुमा बसोबास गरेका पाइन्छन् । दमाई, कामी, सार्की, गुरुङ, मगरहरू प्रायः पहाडी भागमा बसोबास गरेका पाइन्छन् । पहाडी टाकुरा थुमहरू साङ्ग्रामिक दृष्टिले पनि महत्वपूर्ण हुने हुनाले यस्ता स्थानहरूमा कोट, किल्लाको वरिपरि यिनै जातिहरूको बसोवास पाइन्छ । त्यस्तै नेवार र थकाली विशेष गरेर व्यापारिक स्थानहरूमा बसोवास गरेका देखिन्छन् । कालीगण्डकीको किनारमा माझी जातिको बसोबास पाइन्छ । यिनीहरू वालुवा चालेर सुन निकाल्ने र माछा मारेर जीवन चलाउने गर्छन् । कुमालहरूको विशेष बसोबास कुश्मा र फलेवासमा रहेको छ । धार्मिक दृष्टिले हिन्दुधर्मको बाहुल्य रहेको जिल्लामा बौद्ध, मुस्लिम र क्रिश्चियन धर्मालम्वी समेत रहेका छन् । उत्तर र दक्षिण क्षेत्रमा बसोबास गर्ने गुरुङ्हरू सांस्कृतिक दृष्टिले धनी छन् । यिनीहरूका घाटु र सोरठी मुख्य लोकनृत्य हुन् । रोधी पनि अर्को एउटा सामाजिक सांस्कृतिक संस्था हो । त्यस्तै हुरी र पर्म सामाजिक संस्था हुन् ।  हुरी र पर्म जस्ता सामाजिक संस्थाको सहयोगबाट आपसमा मिलेर खेतीपाती सम्पन्न गर्ने परम्परा रहेको हुन्छ ।

शैक्षिक महत्वका दृष्टिले जिल्ला निकै पहिले देखि प्रसिद्ध थियो । जिल्लाका ज्ञादी, फलेवास र पाङ लगायतका क्षेत्रहरू महत्वपूर्ण शैक्षिक केन्द्रका रुपमा प्रख्यात थिए । जिल्लाको पाङलाई ज्यौतिष शास्त्रको अध्ययनका लागि मुख्य थलो मानिन्थ्यो । यहाँका ज्यौतिषीहरूले प्राचीन गुरुकुल परम्पराअनुसार आफ्नो घरमा निःशुल्क ज्यौतिष शास्त्रको शिक्षा दिन्थे । यो परम्परा हालसम्म पनि यथावत् देख्न पाइन्छ । यसैले विद्यामा पाङलाई अघिल्लो कल्पको काशी मानिन्छ ।[86] खेतीपातीको लागि पनि पर्वत निकै सवल रहेको छ । यहाँका बेशींहरूमा राम्रो धानखेती हुन्छ । यसबारे लोकमा विभिन्न धारणाहरू समेत बनेको पाइन्छ । खेतीपातीको लागि पाङ महत्वपूर्ण हुनाले "पहाडमा पाङ मधेशमा दाङ" भन्ने उखान पाइन्छ, त्यस्तै "देउपुरको जस्तो खेतीपाती बाजुङको जस्तो गाउँ,उराठलाग्दो दुर्लुङको डाँडो मोहनीलाग्ने पाङ" भन्ने जस्ता लोकसाहित्य समेत प्रसिद्ध रहनु यसको विविधताकै स्वरुप हुन् ।

स्थानीय स्तरमा सामाजिक व्यवस्थालाई बलियो बनाउन धामिक तीर्थस्थलका साथै पशुपालनको लागि गौचरणको व्यवस्था गरी वनजङ्गलको संरक्षणमा जोड दिने परम्परा मध्यकालबाट हुँदै आएकोमा यस व्यवस्थालाई पछि शाहकालमा आउँदा पनि यथावतै रहेको पाइएको छ । यस्तो संरक्षणको अधिकार स्थानीयलाई दिंदा राम्रो सँग निर्वाह गर्न नसक्दा अधिकार खोस्ने समेत काम भएको विवरण प्राप्त भएका छन् ।[87] धार्मिक तीर्थस्थलहरूमा बासबस्ने तीर्थालु वर्तालुका लागि सदावर्तको समेत व्यवस्था यहाँका धार्मिक अखाडाहरूमा रहेको पाईन्छ ।

[84] जगमान गुरुङ, **गण्डकीप्रस्रवणक्षेत्रको सांस्कृतिक सम्पदा**, (काठमाडौ : पश्चिमाञ्चल विकास मञ्च, वि.सं. २०६७), पृ.३६ ।

[85] जि.वि.स. पर्वत, **पूर्ववत्** ,( पादटिप्पणी सं.१), पृ. नभएको ।

[86] गुरुङ, **पूर्ववत्** ,( पादटिप्पणी सं. ९), पृ.१३७ ।

[87] **परिशिष्ट** २, अंक १, ।

कालीगण्डकी नदी विष्णुको विग्रहरूप शालिग्राम पाइने एकमात्र नदी भएको हुनाले यसको आफ्नै धार्मिक महत्व रहेको छ । यसका विभिन्न घाट तथा विभिन्न नदीका दोभानहरूमा वैष्णव अखाडाहरू रहेका छन् । यी अखाडाहरूमा अल्पकालीन तथा दीर्घकालीन रूपमा विभिन्न उमेरका भक्त भक्तिनीहरू बसोबास गरेका हुन्छन् । अर्को तर्फबाट हेर्दा यी अखाडाहरू धार्मिक वृद्धाश्रमका रूपमा विकसित भएका छन् ।

कोटहरूमा प्रकृतिपूजाको स्वरुप भूमेको जस्तै यहाँका पहाडी टाकुराहरूमा देवी देउरालीको पूजागर्ने परम्परा देख्न पाइन्छ । यी देवी देउरालीलाई पहाडी टाकुरामा एक पहाड उक्लेपछि अर्को पहाडका लागि बाटो लाग्ने स्थानमा स्थापना गरिएको हुन्छ । जहाँबाट प्रायः सूर्योदय र सूर्यअस्तलाई देख्न सकिन्छ । जसको सहयोगले यात्रीहरू दिनको आकलन गरी यात्रा गर्ने गर्दछन् । एक वा दुई तहको वेदिकाकार मठ जस्तै वास्तु स्वरूप देवी देउरालीको थानलाई पहाडी टाकुरामा स्थापना गरेर यात्रीका लागि बाटोको गणना र धार्मिक सुरक्षा प्राप्त गर्ने जनविश्वास रहेको पाइन्छ ।

## अध्याय तीन

# पुरातात्त्विक र सांस्कृतिक स्थलहरू

पर्वत जिल्ला मध्यकालमा विकशित चौबीसे राज्यको संगमस्थल देखिन आएको छ । यो जिल्ला मध्यकालीन चौबीसे राज्यको ऐतिहासिकता मात्रै नभएर प्राचीनकालको गण्डकीगर्भ देश पारकोटको समेत एक हिस्सा थियो भन्ने विभिन्न साहित्यिक स्रोतहरूको सहयोगबाट बुझिन्छ । साथै प्रसिद्ध कालीगण्डकी सिंचित पर्वत जिल्लामा प्राचीनकालदेखि नै मुक्तिनाथ जाने तीर्थयात्रीहरुका लागि मूलबाटोमा पर्ने हुनाले समेत मानबिय क्रियाकलाप निकै पहिले देखि भएको कुरा यहाँ स्थित अखाडाहरु, मानव निर्मित गुफा, कालीगण्डकी र अन्य नदीको दोसाँधमा रहेका घाट तीर्थहरुले स्पष्ट पार्न सहयोग गर्दछन् । यसका साथै पर्वत जिल्ला भित्र मध्यकालीन चौबीसे राज्य कालमा निर्मित कोट, किल्ला, मन्दिर, मूर्ति विभिन्न स्थानमा छरिएर रहेको पाइन्छ । यसप्रकार सामग्रीहरू प्राप्त पर्वत जिल्ला पुरातात्त्विक दृष्टिले पनि महत्त्वपूर्ण रहेको देखिन्छ । यी सामग्रीहरुको सहयोगले पर्वत जिल्लाको इतिहास लेखन कार्य सहज र बैज्ञानिक हुने देखिन्छ ।

### ३.१ पाङ

जिल्ला सदरमुकाम कुश्मादेखि पश्चिम कालीगण्डकीको काखमा समुन्द्रसतहदेखि ७००मिटर देखि ३०००मिटर सम्मको उँचाई विविधता रहेको पाङ १४.६०७ बर्गकिलोमिटर क्षेत्रमा फैलिएको छ ।[88] यसको नामकरणका बारेमा विभिन्न धारणाहरू रहेका छन् । योगी नरहरिनाथले शिवपार्वतीको क्रीडाभूमि शिवपुरी रहेको यस ठाउँबाट बग्ने खोलालाई पार्वती खोला र पार्वतीको लुकामारी खेल्ने ठाउँ पार्वती गुफा, पार्वती गरो समेतको समर्थन गर्दै पार्वतीका पाउले पवित्र पारिएको भूमि भएको हुनाले पाङ रहन गएको मानेका छन् ।[89] भौगोलिक दृष्टिकोणबाट यसलाई यहाँको पाङ्गो माटोबाट बनेको भू-भाग भएको हुनाले पाङ हुनगएको धारणा पाइन्छ ।[90] यसका साथै प्राचीन कालदेखि नै यो साङ्गोपाङ् वेदको अध्ययनका लागि प्रसिद्ध स्थान भएको हुने हुनाले कालान्तरमा पूर्वपद लोप भएर पाङ मात्र रहन गएको पनि मानिन्छ ।[91] यहाँको भूगोललाई हेर्दा उत्तरी भागबाट विगतमा पानीको बहाव आएको देखिन्छ भने, यसको पूर्वी भागबाट पार्वती खोलो बगेको छ साथै पूर्वदिशाबाटै बग्ने खहरे खोलाले बनाएको ठूलो गल्छीलाई हेर्दा यहाँ ठूलो प्राकृतिक उथलपुथलको घटना भएको देखिन्छ । यसका साथै पाङ र खुर्कुटको पारी कालीगण्डकीको काखका वाग्लुङ जिल्लामा रहेका भू-भागलाई हेर्दा यी एउटै भू-सतहमा रहेको देखिन्छ (दृष्टव्य चित्र सं.४३ ) । त्यसै अवस्थामा कालीगण्डकी माथिबाट बग्ने क्रममा यी फाँटहरू बनाएको थियो भन्ने देखिन्छ । खेतका फाँटमा पाइने खोलाको बहावबाट बनेका डोला बेल्लौरी ढुङ्गाहरू प्रशस्त पाइने हुनाले पनि यो विषयलाई पुष्टि गर्न सहयोग गर्ने देखिन्छ ।

नामकरणका बारेमा पौराणिक आख्यानसँग समेत जोडिन पुगेको यो पाङमा मानव वसोवासको निकै पुरानो परम्परा रहेको प्रमाण प्राप्त भएको हुनाले पुरातात्त्विक र सांस्कृतिक दृष्टिले पनि महत्त्वपूर्ण रहेको देखिएको छ । यस स्थानबाट प्राचीनकालदेखिका मानवीय क्रियाकलाप भएका प्रमाण प्राप्त भएका छन् । यहाँको तल्लो पाङमा वि.सं.२०६७ माघमा हिरामणी रिजालको कालिमाटी नामक खेतमा ईंटा बनाउँदा पानी सङ्कलन गर्ने खाल्टो खन्ने क्रममा जमिन

---

[88] षडानन्द पौड्याल,“ पाङको परिचयात्मक मूल्य: शिक्षा र साहित्य” **स्वर्णमहोत्सव स्मारिका पाङधैरेनी उच्च मा.वि.** ,पर्वत, (वि.सं.२०६६), पृ.४२ ।

[89] **ऐजन** ।

[90] **ऐजन** ।

[91] **ऐजन** ।

भित्र पत्थरका छपनी चारैतर्फ वरिपरि ठडाएर त्यसमाथि पत्थरकै छपनीले ढाकेर बनाएको आयातकारसम वास्तुको स्वरूप प्राप्त भएको थियो (द्रष्टव्य चित्र सं.४) । पछि यही साल बैशाखमा पुरातत्व विभागले पुरातत्त्वविद्व शुक्रसागर श्रेष्ठको नेतृत्वमा पठाएको टिमले *Trial trench* वाट सामान्य जाँच गरेको थियो । यस जाँचबाट वास्तुसँगै पाको माटोबाट बनेको घैंटो, माटोबाट बनेका मालाका दाना र साथमा दुवैतिर चुच्चो भएका केहि मोटो आकारका पाषाण औजार प्राप्त भएका थिए (द्रष्टव्य चित्र सं.१,२,३,५) । यी बस्तुहरुको प्रमाणले उक्त टिमका सदस्य भाष्कर ज्ञवालीका अनुसार यो सभ्यता नवपाषाणकालीन इसापूर्व सातौँ–आठौं सताब्दीको हुने खुल्न आएको छ । पाषाण छपनीले बनेको डेढफिट जति अग्लो यो संरचनाको उँचाईको कारण बसोवासका लागि नभएर अन्य प्रयोजनका लागि बनाएको जस्तो देखिन्छ । विस्तृत उत्खननबाट नै यसको वारेमा स्पष्ट धारणा बनाउन सकिने देखिन्छ । यहाँबाट प्राप्त पाषाणबाट निर्मित खैरो रङको दुवैतिर चुच्चो पारिएका केही मोटा औजार मुस्ताङको चोखोपानीबाट पनि प्राप्त भएको विवरण पाईन्छ ।[92] यो औजार प्वाल पार्ने वा छेड्ने काममा प्रयोग गरिने विद्वान्हरूले औंल्याएका छन् । यस्तो औजार प्राप्त चोखोपानीको संस्कृति ईसापूर्व आठौं शताब्दिको[93] मानिएको हुनाले यहाँको संस्कृति पनि यसै समयसम्म पुग्ने देखिन्छ । यस्तो आकारको हाडद्वारा निर्मित औजार तिलौराकोटबाट देवला मित्राले गरेको उत्खननबाट पनि प्राप्त भएको उल्लेख पाइन्छ ।[94] यस्तो खालको औजार दक्षिण तिलौराकोट र उत्तर मुस्ताङ्को चोखोपानीबाट पनि प्राप्त हुनाले पाङसँग यी संस्कृतिको सम्बन्ध हुनसक्ने देखिन्छ । परिस्कृत पाषाण औजारको प्राप्ति, माटाका भाँडा बनाउने परम्पराको विकास भएको यो संस्कृति मानव सभ्यताको नवपाषाणकालीन सभ्यता देखिएको हुनाले पाङको मानव इतिहास निकै पुरानो भएको स्पष्ट हुन्छ ।

मध्यकालीन चौबीसे पर्वत राज्यका राजा मलेबलमे समेत यस स्थानमा राजदरबार बनाएर शासन गरेको विवरण प्राप्त भएको छ ।[95] यसै वंशका सन्तान विक्रमबमलाई वि.सं.१८९४ मा नेपाल सरकारको अधिनस्थ रजौटाको रुपमा पाङमा नै वसोवासका लागि व्यवस्था भएको थियो ।[96] यसको साथै, यस स्थानमा वि.सं.८९० मा पण्डित ज्योतिषी लिलाधर दैवज्ञ, पण्डित ज्योतिषी नामाखर दैवज्ञ बाबुछोरा हुम्ला, जुम्ला हुँदै पाङ्मा आएर बसोवास गरेको उल्लेख पाईन्छ ।[97]यिनीहरू दैलेखको रिजुमा बसोवास गरेका कारण रिजेल हुनपुगेका हाल पाङमा बसोबास गर्दै गरेका रिजालहरू भएको खुल्न आएको छ ।[98] यसप्रकार विवरणहरुबाट पाङमा निकै पहिले देखि मानव वसोवास रहेको स्पष्ट हुन्छ । पाङमा तत्कालीन मानव सभ्यताले विकास गरेका भौतिक

---

92 रामनिवास पाण्डे र दिनेशचन्द्र रेग्मी, **नेपालको प्रागितिहास,** ( काठमाण्डौं : नेपाल र एसियाली अनुसंधान केन्द्र, वि.सं.२०६२) पृ.७४, फलक नं.६५ ।

93 **ऐजन** , पृ.७५ ।

94 वसन्त विडारी, **कपिलवस्तु : द वर्ड अफ सिद्धार्थ**, (लुम्विनी : द अथर द सेक्रेड गार्डेन, सन् २००७), पृ.२२९, चित्र नं.२० पृ.२४२ ।

95 पौड्याल **पूर्ववत्** , (पादटिप्पणी सं. १) , पृ.४२ ।

96 **ऐजन** ।

97 तेजनाथ रिजाल," पाङमा ज्योतिष संस्कृतको उद्धभवस्थल र पाङ घैरेनी उ.मा.वि.को संस्थापन केही चर्चा"**स्वर्ण महोत्सव स्मारिका पाङघैरेनी उच्च मा.वि.**, कुनाचौर (पर्वतः वि.सं.२०६६ ) पृ.८४ ।

98 **ऐजन** ।

अभौतिक संस्कृतिको प्रमाण प्राप्तिले यो स्थान पुरातात्त्विक दृष्टिले महत्वपूर्ण स्थान रहेको स्पष्ट हुन्छ ।

### ३.२ खौलाज्ञादीकोट

सदरमुकाम देखि पूर्व स्याङजा जिल्लासँग सीमाना जोडिएको खौलालाँकुरी गा.वि.स.मा यो ज्ञादीक्षेत्रको खौलाज्ञादीकोट रहेको छ । भौगोलिक दृष्टिकोण बाट यो खौलालाँकुरी पहाडी टाकुराको भागमा रहेको छ । यहाँको धेरैजसो भाग पहाडी भिरालो र चट्टाने भू-बनोटले बनेको छ । यो क्षेत्र मध्यकालीन सतहुँ राज्यभित्र पर्ने विवरण पाइन्छन् । सतहुँ राज्यको पश्चिमी सीमाना मोदी नदी भएको हुनाले यो क्षेत्र यसै राज्य भित्र पर्ने देखिन्छ ।[99] सतहुँका राजा ऐतबम खानले ज्ञादीचौरमा शीतकालीन राजदरबार बनाएको भन्ने विवरण प्राप्त भए पनि हाल ज्ञादीचौरको नाम ले चिनिने कटुवाचौपारीमा कुनै त्यस्तो दरवारको भौतिक स्वरूप प्राप्त हुन सकेन । तर यस ले विशाल क्षेत्रलाई सम्बोधन गर्ने हुनाले यो क्षेत्रमा प्राप्त भौतिक संरचनाले यसको विवरण खोल्ने सम्भावना रहेकै छ । हाल यो खौलालाँकुरीमा केहि ऐतिहासिक प्रमाण स्वरुप भौतिक संरचनाका प्रमाण प्राप्त भएमा छन् । यसै मध्ये यो कोट पनि एउटा प्रमाण हो । यसको ऐतिहासिकता को निश्चित लिखित स्रोत भने पाउन सकिएको छैन । तर हाल कोटको पुजारीको रुपमा रहेका वर्ष ७१ का धुर्बलाल सुवेदीका अनुसार यो कोट यिनी भन्दा आठौं पुस्ता अघि यहाँका राजाले हालको म्याग्दी जिल्लाको घतानबाट सद्दोरपाध्यालाई ल्याएर अग्निहोत्र गरि कोटको रीति बसालेको खुल्न आएको छ । यस विवरणबाट यस कोटको स्थापनाकाल सालाखाला १५ औं शताब्दीसम्म पुग्नसक्ने देखिन्छ । यसरी यो कोट मध्यकालमा नै स्थापना भएको देखिन्छ । तत्कालीन सतहुँ राज्यमा पर्ने यो क्षेत्रको कोटमा हाल सुवेदी थरका पुजारीहरू रहेका देखिन्छ भने, सतहुँका राजा ऐतबम खानले आफ्ना कुलगुरुलाई ज्ञादीको वितलबमा बसोबासको व्यवस्था गरेका पौड्यालहरू देखिन्छन् । यस कारण यो ऐतबम खानले बनाएको शीतकालीन राजदरवार हो भन्न यसै सकिने अवस्था नरहे पनि यो मध्यकालिन संरचना कोट भएको प्रमाणित हुन्छ । यस स्थानबाट प्राचीन दरवार भएको प्रमाण स्वरूप भवन बनाउन प्रयोग गरिएको ईंटा र झिँगटीको विवरण प्राप्त हुनुको साथै (द्रष्टव्य चित्र सं.१८) प्राप्तीले यो एक महत्वपूर्ण पुरातात्त्विक स्थल देखिन्छ ।

### ३.३ जुम्लिठाना (माझठाना)

खौलालाँकुरी वडा ६स्थित १८००-२१००मिटर अग्लो पहाडी टाकुरालाई त्यहाँ रहेका संरचनाका कारण जुम्लिठाना भन्ने गरिन्छ । उँचाईका कारण यो स्थानमा कहिले काँही जाडो मौसममा हिउँ पनि पर्ने गर्दछ । हाल सामाजिक व्यवहारबाट लोप हुन लागेको अवस्थामा रहेको यो स्थानमा लडाईको लागि बनाइएका किल्लाहरू रहेका छन् । जुम्लिठाना सहित यहाँ छेउठाना र पुरानो ज्ञादीठाना नाम गरेका ३ ओटा किल्लाहरूसँगै एउटा सिंहवाहिनीको मन्दिर पनि रहेको छ । प्रायः भग्न र अस्तित्त्व गुमाउन पुगेको अवस्थामा रहेका किल्लाको ऐतिहासिकता बारे स्पष्ट विवरणको अभाव रहेको छ । केवल यो स्थान मध्यकालीन सतहूँ राज्यको क्षेत्र रहेको विवरण प्राप्त छन् । तर पनि यस स्थानको नामकरणका वारेमा केही धारणाहरू रहेका पाइन्छन् । पहिलो त यहाँ उस्तै उस्तै स्वरूपमा बनेका किल्ला र थान रहेकोले यसको नाम जुम्लिठाना रहन गएको मानिन्छ

[99] राजाराम सुवेदी, “गण्डकी अञ्चलको ऐतिहासिक विवेचना” **गण्डकी सामाजिक गुठी स्मारिका,** ( वि.सं. २०६५), पृ.५८ ।

भने यहाँ जुम्ली नाम गरेका राजाले राज्य गरेको हुनाले जुम्लिठाना भनेको भनाई पनि यहाँ प्रचलित रहेको छ । तर जुम्लि राजा भनेको व्यक्तिको नाम हो या जुम्लाको राजा हो केही खुल्न सकेको छैन । तर यहाँको जनश्रुति अनुसार यहाँ आक्रमण भएपछि यहाँका राजाहरू उत्तर पश्चिम तर्फ भागेको भनाई पाइन्छ । यो स्थल खौलाझादीकोटको पूर्व अग्ला पहाडी टाकुरामा रहेका छन् । यो स्थल पनि मध्यकालीन सतहूँझादी क्षेत्रमा पर्ने भएको हुनाले सतहूँका राजा ऐतवम खानले सारेको भनेको शीतकालीन दरवार क्षेत्र हुनु धेरै सम्भव देखिन्छ । तर यसको विस्तृत अध्ययन विना यसै भन्न सकिने अवस्था छैन । विवरणहरू विभिन्न रहेपनि यहाँ २० मिटर बर्गमा बनेका किल्लाका भग्नावशेष प्राप्त भएका छन् । यो स्थान मध्यकालीन विवरणका आधारमा यहाँ उल्लेख गर्न सकिने अबस्था रहेको छ ।

## ३.४ छेउठाना

जुम्लिठाना देखि दक्षिणी दिशामा यसै पहाडी धारको अर्को टाकुरामा यो किल्ला रहेको छ । माझ्ठानादेखि पाँच मिनेटको दुरीमा रहेको यो किल्ला भग्न अवस्थामा भए पनि स्पष्ट रुपमा देख्न सकिन्छ । पश्चिमोत्तर भागमा खाईले घेरीएको किल्लाको पूर्वी भागमा पहाडी ढलानका कारण खाई बनेको छैन । चतुष्कोणाकार योजनामा बनेको किल्लाको चार दिशामा बुर्जाको भाग निकालिएको छ । किल्लाको आकारमा केही अन्तर रहे पनि संरचना विशेषता र साहित्कि स्रोतका अनुसार समकालिन देखिन्छन् ।

## ३.५ पुरानो झादीठाना

माझ्ठाना देखि पूर्व उच्च पहाडी जङगलमा यो किल्ला भग्न अवस्थामा रहेको छ । झादीको पुरानो किल्ला भएको अर्थमा यसलाई पुरानो झादीठाना भनिएको हो । यस किल्लाको धेरैजसो संरचना माझ्ठाना र छेउठानासँग मिल्छ । यसकारण मध्यकालीन इतिहास बोकेको यो किल्ला पुरातात्त्विक दृष्टिले महत्वपूर्ण छ । यो किल्लाको नजिकै पूर्व अर्को एक पौड्यालठाना भन्ने किल्ला पनि रहेको छ । तर यस अध्ययनमा समावेश गरिएको छैन ।

## ३.६ अर्जिकोट

यो कोट ठूलिपोखरी गा.वि.स.,वडा नं.५ मा चिन्ने खोलाको दक्षिणपूर्वी ढलानको टाकुरामा रहेको छ । सतहुँ राज्यमा पर्ने यो स्थानको वारेमा ऐतिहासिक विवरणको अभाव छ । हाल प्रमाणको रुपमा दुई ओटा माटोको ढिस्कोको रुपमा रहेको यो अर्जिकोट; अर्जिगर्ने वा जनताको गुनासो सुन्ने विभागको रुपमा यो स्थानमा स्थापना गरिएको भन्ने जनविश्वास पाईन्छ (द्रष्टव्य चित्र सं.२३) । यो स्थल सतहुँ राज्यकै क्षेत्र रहेको र ऐतबम खानले शीतकालीन राजदरवार झादी क्षेत्रमा बनाएको विवरणका आधारमा यो कोट पनि त्यसै समयमा निर्माण गरेको देखिन्छ । मध्यकालीन ऐतिहासिकता र जनश्रुति बोकेको यो कोट पनि हाम्रा पुर्खाहरुको नासो पुरातात्त्विक दृष्टिले महत्त्वपूर्ण स्थल हो ।

## ३.७ दुर्लुङ्कोट

जिल्लाको सदरमुकाम कुश्मा देखि उत्तर तर्फ ३ घण्टाको उकालो चढेपछि यो कोटमा पुग्न सकिन्छ । शिवालय गा.वि.स.सँग दक्षिणी सीमाना जोडिएको यो दुर्लुङकोटलाई चुवा,शिवालय र दुर्लुङको ४ हजार मौजा पनि भनिन्छ । समुन्द्रसतह देखि १८०० मिटरको उँचाईमा रहेको यो

कोट ऐतिहासिक दृष्टिले पनि महत्वपूर्ण रहेको छ । मोदी नदी भन्दा पश्चिमको क्षेत्र पर्वत[100] राज्यमा पर्ने हुनाले यो क्षेत्र पर्वत राज्यमा पर्ने निश्चित छ । वि.सं.१८४३ सालमा नेपाल एकीकरणको वेलामा नेपाली सेना र पर्वते राज्यका सेना बिच भएको लडाईंमा तत्कालीन पर्वत राज्यका सेनापति भीमदत्त मल्लले दुर्लुङ्मा रहेको फौजको नेतृत्व गरी लडेको विवरण पाइन्छ ।[101] यस स्थानमा रहेको सांस्कृतिक परम्पराले भने प्राचीनकाल देखिकै परम्परालाई बोकेर आएको छ । नेपाल एकिकरण पछि नेपाल राज्य भित्र पर्न गएको यो कोटको व्यवस्था वाँधी पुरानो परम्परालाई निरन्तरताको लागि ऐतिहासिकता प्रमाणित गर्ने वि.सं.१९११ सालको एक पत्र प्राप्त भएको छ । यसै पत्रले यस कोटको ऐतिहासिकता देखाएको छ । यस कोटमा व्यवस्थित सामाजिक परम्परा स्थापना भएको देखिएको छ । यस पत्रमा यस कोटको निरन्तरताको लागि समाजमा वसोवास गर्ने सबै विभिन्न जातिहरुलाई सहभागी गराई कामको बाँडफाँड गरिएको छ ।[102] आधिकारिक रूपमा वि.सं. १९११ सालमा व्यवस्था बाँधेको पत्र प्राप्त भएको छ ; भने अर्को तर्फ यस पत्रका अनुसार यो कोट यसभन्दा पनि पुरानो भएको देखिन आएको छ । यस कोटको प्राचीनतालाई पुष्टि गर्न सहयोग गर्नका लागि यसको नजिकै तारो खेल्ने तारेकोट, सरूञ्चौर र रानीकुवा जस्ता परम्परिक घटना बोकेका स्थानहरू रहेका छन् । यसकारण यो कोट यो मिति भन्दा पनि पुरानो प्रतित हुन्छ । यसर्थ आधिकारीक पत्रको सहयोगका दृष्टिले समेत यो कोट पुरातात्त्विक स्थान भएको स्पष्ट हुन्छ ।

## ३.८ लिमिभूमेकोट

मध्यकालीन नेपालको राजनीतिक अबस्थानिकै जटिल र संकटपूर्ण रहेको थियो । यस कालमा विभिन्न ठाउँमा स्वतन्त्र राज्यहरू स्थापना हुनु सामान्य जस्तै रहेको थियो । फलस्वरूप अनेकन स्वतन्त्र र अधिनस्थ राज्यहरू स्थापना हुनपुगेका थिए । यस्ता साना राज्यहरू सँधै एकअर्काबाट असुरक्षित रहने हुनाले सुरक्षाको कारण अनेकन किल्लाहरू निर्माण हुन पुगेका थिए । यस्तै किल्ला मध्येको लिमिभूमेकोट पनि एउटा किल्ला हो । हाल थापाठाना र शंकरपोखरी गा.वि.स.को सीमानामा समून्द्र सतहदेखि १६०५ मिटरको उँचाईमा झण्डै ३ रोपनी क्षेत्रफलको अग्लो टाकुरामा यो कोट रहेको छ । यो कोट तत्कालीन थापाली सामन्तहरुको गढ रहेको उल्लेख पाइन्छ ।[103] कहिलेबाट यो स्थानमा थापालीहरुको गढ स्थापना भयो सो बारेमा केही खुल्न सकेको छैन । तर यो किल्ला मध्यकालीन संरचना भएको देखिन्छ । यसकारण यो किल्ला पुरातात्त्विक दृष्टिले महत्वपूर्ण देखिन्छ ।

## ३.९ जीताकोट

यो कोट लिमिभूमेकोट भएकै पहाडी धारमा होचो पहाडी टाकुरामा नामोनिसान मेटिने अवस्थामा रहेको छ । यो कोट कुनै राजाबाट नभएर स्थानीय शासकद्वारा निर्माण भएको देखिएको छ । यस कोटको स्थापना बारे एक परम्परा रहेको छ । १३ औं शताब्दिमा मुस्लिमबाट भारतमा

---

100 श्री ५को सरकार सूचना तथा संचार मन्त्रालय, सूचना विभाग, **मेचीदेखि महाकाली, ( भाग ३),** वि.सं.२०३१, पृ.४५१ ।

101 सूचना विभाग, **पूर्ववत्** , (पादटिप्पणी सं.१३), पृ.४५१ ।

102 **परिशिष्ट** २, संख्या २ ।

103 थापाठाना गा.वि.स.को वस्तुगत विवरण, वि.सं. २०६६, पृ.१६४ ।

आक्रमण हुँदा आफ्नो धर्मको रक्षाको लागि नेपाल पसेका मानिसहरू मध्ये सापकोटा र पौड्याल थरिहरू जुम्ला, हुम्ला, दैलेख हुँदै यो स्थानमा आएर बसोबास गर्न पुगेका थिए । यस स्थानमा आईपुगे पछि पौड्याल र सापकोटाहरू अलग्गै तर नजिकै मामा र भाञ्जाको रुपमा बस्न थालेका थिए । यिनीहरू आजभन्दा ३०० बर्ष पहिले यो स्थानमा आएको बुझिन्छ । हाल यस स्थानमा कोटको दक्षिणी पाखोमा सापकोटा र पौड्यालहरू छुट्टिएर बसेको प्रमाण स्वरूप फराकिलो डहर[104] रहेको छ । यी पौड्याल र सापकोटाहरू राजनैतिक चेतनाबाट सवल रहेका देखिन्छन् । जसको कारण यिनीहरुले स्वतन्त्र कोटको स्थापना गर्न सकेका थिए । यसै क्रममा यस कालमा यो कोटको पश्चिमी पहाडी धारमा पुर्कोट नामक कोट रहेको थियो भने पूर्वी भाग कार्किनेटामा अर्को किल्ला रहेको थियो । एक समयमा यो कोटले यी दुबै कोट माथि बिजय प्राप्त गरेको हुनाले खुशियालीमा यसको नाम जिताकोट रहन गएको जनश्रुति पाइन्छ । [105] समयको दृष्टिले हेर्दा आजभन्दा ३०० बर्ष पहिले यो किल्ला बनेको थियो ।

### ३.१० मोदीबेणी

पर्वत जिल्ला सदरमुकाम कुश्मा रहेको शिवालय गा.वि.स. को वडा नं. ५ मा कालीगण्डकी र मोदी नदीको सङ्गम स्थल रहेको स्थानलाई मोदीवेणी भनिन्छ (द्रष्टव्य चित्र सं.४२ ) । यस स्थानलाई माघोवेणीका नामले पनि चिनिन्छ । ५२ रोपनी क्षेत्रफलमा फैलिएको यो स्थान प्राचीनकालदेखि वुटवलबाट मुक्तिनाथ जाने मूलबाटो कुश्मा बजार मुनी कालीको किनार  किनार लागेको विवरण पाइन्छ ।[106] यस विवरणबाट यो स्थान प्राचीनकालदेखि नै मानवीय क्रियाकलाप भएको स्थान देखिन्छ । यो स्थललाई पवित्र तीर्थस्थलको रूपमा गण्डकी–महात्म्यम्मा समेत चर्चा गरिएको पाइन्छ । व्यवस्थित रूपमा भने यस स्थानलाई धार्मिक पहिचान दिने काम वि.सं.१८९० सालमा जयरामदास वैरागीले गरेका थिए । यिनले मुक्तिनाथ यात्रा गरि फर्कने क्रममा यस स्थानमा प्राप्त शालिग्राम शिलालाई स्थापना गरी नृसिंह मन्दिरको स्थापना गरेपछि यो धार्मिक तीर्थस्थलको रुपमा स्थापित हुन पुगेको थियो । यहाँको मूख्य आर्कषण नै यहि मन्दिर रहेको छ । यस स्थानमा अर्को एक महत्वपूर्ण अखाडा पनि रहेको छ (द्रष्टव्य चित्र सं.२८ ) । यो अखाडालाई मन्दिर भन्दा पनि पुरानो भएको विश्वास गरिन्छ ।[107]हिन्दु धर्ममा आस्था राख्ने र धार्मिक भावनाले आफूलाई सांसारिक बन्धनबाट मुक्त गर्नका लागि अल्पकालिन वा दीर्घकालीन रूपमा धार्मिक स्थलहरूमा वास बस्ने परम्परा रहेको छ । यस्तो वास बस्ने विशेष गरी वैरागीहरूका लागि बनाइएका धर्मशालाहरुलाई नै अखाडा भनिन्छ । यस्तै अखाडाहरू मध्ये यो पनि एउटा हो । यस अखाडामा धार्मिक तीर्थयात्रीका लागि सदावर्तको पनि व्यवस्था गरिएको छ । सदावर्त व्यवस्था निकै पहिलेदेखि नै धार्मिक तिर्थयात्रीको सुविधाको लागि निःशुल्क खानाको व्यवस्था गर्ने परम्परा हो । यो हिन्दु परम्पराको एक उल्लेखनीय विशेषता हो । यहाँको यो अखाडा वैष्णव सम्प्रदाय अन्तर्गतको निम्बार्की सम्प्रदायको रहेको छ । श्री लक्ष्मीनारायणलाई प्रमुख रुपमा पूज्ने समूहलाई

---

[104] ढुङ्गाको पर्खाल वा बनस्पतिलाई छेकबार जस्तो गरी मानिसका साथै चौपाय हिँड्नका लागि बनाएको
बाटोलाई स्थानीय भाषामा डहर भनिन्छ ।

[105] सूचनाविभाग, **पूर्ववत्** , ( पादटिप्पणी सं. १३ ),पृ.४५१ ।

[106] **ऐजन**, पृ.४५७ ।

[107] **ऐजन** ।

वैष्णव, सीतारामलाई प्रमुख देवताको रुपमा पूज्ने समूह रामानन्दी र राधाकृष्णलाई प्रमुख देवताको रुपमा पूजागर्ने समुहलाई निम्बार्की भन्ने गरिन्छ । यी सम्प्रदायहरू विभिन्न हिन्दु वैष्णव दार्शनिकहरुले प्रचलनमा ल्याएको हुनाले तिनै प्रर्वतकको नाममा सम्प्रदायको नामकरण गरिएको पाइन्छ । कालीगण्डकी नदीमा पाइने शालिग्रामलाई विष्णुको विग्रह रुपमा मान्ने परम्परा रहेको हुनाले सिङ्गो कालीगण्डकी नदी नै वैष्णव सम्प्रदायको अखाडाको रुपमा रहेको अवस्थामा यस नदीका विभिन्न घाटहरुमा विभिन्न वैष्णव अखाडाहरू रहेका छन् । यी अखाडाहरू एकआपसमा संगठित रहेका हुन्छन् । यस निम्बार्की अखडाको सम्बन्ध भने पोखरा रामघाटको अखाडा र केलादीघाटको अखाडा सँग रहेको छ ।

यसै अखाडाको पूर्व तर्फ नजिकै चट्टाने पहरा काटेर बनाईएको एक गुफा रहेको छ (द्रष्टव्य चित्र सं.३०) । यो गुफालाई आरुचौरे राजाले बनाएको भन्ने जनश्रुति पाईन्छ ।[108] यो आरुचौर नामक स्थान हाल स्याङजा जिल्लामा पर्दछ । यस बाहेक यसको बारेमा विस्तृत जानकारी प्राप्त हुन सकेको छैन । तत्कालिन राजाले यस स्थानमा तीर्थवर्त गर्ने बेलामा वासको लागि यो गुफा बनाएको हुनुपर्दछ । यहाँको मुख्य नृसिंह मन्दिरको पछाडि वि.सं.१९७१ सालमा निर्मित एक शिवको मन्दिर रहेको छ । मन्दिर स्थापना गरी त्यसको पूजाआजाको लागि गुठीको व्यवस्था समेत गरी दैनिक पूजाको थालनी भएको उल्लेख छ ।[109] यी प्रशस्त मानवीय प्रमाणहरूका कारण यो स्थानमा मन्दिर बन्नु भन्दा पनि पहिलेबाट तीर्थबासको परम्परामा विकाश भएको देखिन्छ । जसको कारण वासका लागि अखाडा र चट्टान काटेर गुफा पनि निर्माण भएको देखिन्छ । यो लामो परम्परा बोकेका यी गुफा, अखाडा र मन्दिर भएको स्थल सामाजिक सांस्कृतिक परम्पराको दृष्टिले समेत महत्वपूर्ण स्थल रहेको देखिन्छ ।

### ३.११ धनेश्वर शिवालय

जिल्ला सदरमुकाम कुश्मा बजार भएको स्थान परापूर्वकाल देखि कुशुम फूलले ढाकिरहने मुक्तिनाथ तीर्थ जाने मूलबाटोमा पर्ने गौचरण रहेको थियो ।[110] यो गौचरण मात्र नभएर तीर्थयात्रीहरुको सेवाका लागि फलफूलको खेती गरिने बगैचा समेत रहेको जनश्रुति पाईन्छ । यसरी धार्मिक तथा सामाजिक महत्व बोकेको यस कुश्मा चौरमा रहेको बजार देखि पूर्वोत्तर पाखोमा मुगलराजपूत शैलीको एउटा मन्दिर रहेको छ (द्रष्टव्य चित्र सं.३२) । यो मन्दिर वि.सं.१९१७ सालमा स्थापना भएको हो ।[111] यो कुरा यसै मन्दिरमा रहेको घण्टको अभिलेखमा उल्लेख गरिएको छ । अभिलेख सहित प्रमाणित रुपमा रहेको यो मन्दिर प्राचीन स्मारक संरक्षण नियमावली २०४६ अनुसार पुरातात्त्विक स्मारक भएको पुष्टि हुन्छ ।

---

[108] सुचना विभाग, **पूर्ववत्,** (पादटिप्पणी सं.१३), पृ.४५१ ।

[109] **परिशिष्ट** १, संख्या ३ ।

[110] **परिशिष्ट** २, सं.१ ।

[111] **परिशिष्ट** १ ,सं.१ ।

## अध्याय चार

# पुरातात्त्विक वस्तुहरू

### ४.१ पाङबाट प्राप्त पाषाण औजार

पर्वत जिल्लाको पाङ, गा.वि.स.को तल्लो पाङमा ईंटा बनाउनका लागि माटो खन्ने क्रममा जमिन मुनि ढुङ्गाका छपनीबाट बनेको वास्तु संरचनाको भित्र यी पाषाण औजारहरू प्राप्त भएका

थिए । सोही पाषाणसँगै घैंटो पनि प्राप्त भएको थियो । यी पाषाण औजारहरू १० सेन्टिमिटर लामो कडा खैरो रङको पत्थरलाई दुवैतिर टुप्पो तिखारेर चुच्चो पारिएका छन् (द्रष्टव्य चित्र सं.३ ) । यी देख्दा स्त्रीहरूले आफ्नो कपाललाई व्यवस्थित गर्न प्रयोग गर्ने बोडकिन्स् जस्ता देखिन्छन् । यस्तो खाले औजारको वारेमा रामनिवास पाण्डे र दिनेशचन्द्र रेग्मीले नेपालको प्रागितिहास नामक ग्रन्थमा मुस्ताङको चोखोपानीबाट प्राप्त भएको भन्दै यी औजारहरू इसापूर्व आठौं–सातौं शताब्दीको हुने उल्लेख गर्नुभएको छ । यी औजारहरू मानिसहरूले केही वस्तु निकाल्न, प्वाल पार्ने जस्ता काममा उपयोग गर्ने गर्थे भन्ने विद्वान्हरूको मत रहेको छ ।

## ४.२ कला

मूल शब्द कल् धातुमा आ प्रत्यय जोडिएर कला शब्द बनेको हुन्छ ।[112] त्यस्तै, अंग्रेजी शब्द आर्टको मूल अर् धातुको अर्थले पनि कुनैपनि वस्तु बनाउनु वा सिर्जना गर्नु भन्ने हुन्छ ।[113] कला शब्दले मानव जातिका सिर्जनात्मक व्यवहारको कार्यगत रूपलाई बुझाउँछ । यसले मानव जातिले विकास गरेका प्रत्येक वस्तुगत, विषयगत आवरण बुझाउने हुनाले नै कलालाई मानवीय अनुभूतिको अभिव्यक्ति मानिएको हो ।[114] यसमा मानव जीवनका विविध विषयहरू अन्तर्निहित हुन्छन् । जीवनमा आउने विभिन्न घटनाहरू खुशी, दुःख, रहनसहन, व्यवहार आदिले कला सिर्जना गर्न प्रेरित गरेको हुन्छ । यसले समाजका मानवीय भौतिक तथा आध्यात्मिक धारणाहरूलाई पनि बोकेको हुन्छ । कला भन्ने बित्तिकै हामी मूर्तिकला, वास्तुकला, चित्रकला, आदि मूर्त रूप र आन्तरिक ज्ञानेन्द्रियबाट अनुभव गरिने साहित्य, सङगीत, नृत्यका विविध पक्ष एवं काव्यका रसरङ, अलङ्कार तथा अन्तर हृदयमा प्राप्त हुने आनन्दानुभूतिलाई पनि यसै शब्दले इङ्गित गरेको मानिन्छ ।[115] सामान्यतः कला व्यक्तिको कल्पनाबाट नै उद्भव हुन्छ । तैपनि कलालाई सामान्य रूपमा कार्यविषयक कौशल मानिन्छ भने विशिष्ट अर्थमा ललितकलाको रूपमा लिइन्छ ।[116] भरत नाट्यशास्त्रमा कार्यकौशल वा शिल्पको अर्थमा कला प्रयोग गरिएको छ ।[117] कलालाई एरिस्टोटलले मानव सभ्यताको प्रतिरूप मानेका छन् ।[118] यसका साथै कलालाई विषयवस्तु, साजसज्जा र प्रस्तुतिको त्रिकोण मानिएको पाइन्छ ।[119] यी तीन अङ्ग एकअर्कामा निर्भर रहन्छन् तर बराबर चाहिँ नहुन पनि सक्छन् ।[120] कला कलाकारको कल्पनासिलताको कार्यरूप पनि हो; जसको कारण मानव आफ्नो लागि मात्र नभएर अरूका लागि समेत कला सिर्जना गर्छ । कला आनन्दका लागि मात्र नभएर शिक्षाका लागि पनि हुन्छ । कला सिर्जना गर्न कलाकारलाई कल्पनाले

---

[112] वासुदेब उपाध्याय, **प्राचीन भारतीय मूर्ति-विज्ञान**,( वाराणसी : चौखम्बा विद्याभवन, सन् १९८२),पृ.२ ।
[113] **ऐजन** ।
[114] **ऐजन** ।
[115] मोहनप्रसाद खनाल, **नेपाली कला,** ( काठमाडौ : साझा प्रकाशन वि.सं.२०५२), पृ.२ ।
[116] उपाध्याय, **पूर्ववत्** ,(पादटिप्पणी सं. १), पृ.४ ।
[117] **ऐजन** ।
[118] इभरार्ड एम. अपजोहन र साथीहरु, **हिस्ट्री अफ वर्ल्ड आर्ट,** (अक्सफोर्ड यूनिभर्सिटी प्रेस सन् १९५९), पृ.३ ।
[119] अपजोहन, **पूर्ववत्** ,(पादटिप्पणी सं. ७), पृ.३ ।
[120] **ऐजन** ।

मात्र नभएर तत्कालीन समाज, धर्म, राजनीति आदिले समेत असर गरेको हुन्छ; त्यसैले त कलाबाट विगत सभ्यताको इतिहास पढ्न सकिन्छ । कला निर्माण हुनुमा त्यस स्थानको भूगोलले पनि त्यति नै असर गरेको हुन्छ । खासगरी वास्तुकला विकासको दृष्टिले झन महत्त्वपूर्ण असर गरेको हुन्छ ।

बृहत् संहितामा कलाको उत्पत्ति ब्रह्माबाट भएको मानिन्छ । कलाकारले ब्रह्माबाट यो विद्या सिकेर संसारभर फैलाएका थिए भन्ने विश्वास रहिआएको पाइन्छ ।[121] मानसारमा ब्रह्माको दोस्रो नाम विश्वकर्मालाई कलासँग सम्बन्धित गरेर कलाविद्को रूपमा चिनाइएको छ ।[122] वैदिक दर्शनका अनुसार अद्वैत, द्वैत तथा विशिष्ट द्वैत भावनाले अदृश्यकलालाई प्रभावित पारेको हुन्छ ।[123] अमरकोशमा विभिन्न हस्तकलाहरूको श्रेणीका नामोल्लेख गरिएको छ ।[124] त्यस्तै जातक कथाहरूमा कलालाई विज्ञानको रूपमा लिइएको पाइन्छ ।[125]

यसप्रकार कला मानव सभ्यताले आर्जन गरेको सौन्दर्यपूर्ण काल्पनिक चेतको मूर्त र अमूर्त स्वरूप भएको बुझिन्छ । मानवले कलालाई प्रस्तुत गर्नका लागि माध्यमका रूपमा काठ, पाषाण, विभिन्न धातु, माटो, हाड आदिलाई प्रयोग गरेको देखिन्छ । यस अन्तर्गत कलाका विभिन्न भेदहरू मूर्तिकला, चित्रकला, वास्तुकला, गायनकला, नृत्यकला आदि बृहत् विषयहरू पर्दछन् । मानिसहरूले आफ्नो जीवनमा पूर्णताको अर्थबोध गराउने माध्यमको रूपमा समेत कलालाई लिएको देखिन्छ ।

### ४.२.१ मूर्तिकला

कलाको मूर्तरूप वा देख्न र छुन सकिने धातु, काठ, पत्थर, हाड आदिमा मानवाकार वा प्राणी विशेष सँग मिल्नेगरी विभिन्न उद्देश्यबाट उत्कीर्ण गरिएको आकृति जसलाई नेपालीमा मूर्ति भनिन्छ । पूजा गरिने मूर्तिलाई अंग्रेजीमा आईकोन (*Icon)* भनिने यो शब्दले मूर्ति तथा चित्रहरूमा उत्कीर्ण देवता तथा सन्तहरूका आकृतिहरूलाई जनाउँछ, यी धार्मिक पूजापाठका लागि विभिन्न देवत्वको प्रतीकका साथै अन्य सन्तहरूका प्रतिमा पर्दछन् ।[126] *Icon* शब्द ग्रीकको *eikon* बाट व्युत्पन्न भएको हो; जुन शब्द हिन्दुको अर्चा, बेरा, विग्रह आदि सँग सम्बन्धित छ ।[127] त्यस्तै अंग्रेजीको *Image* शब्द ल्याटिन तथा फ्रेन्चको *Imago* बाट व्युत्पन्न भएको हो ।[128] यो शब्द प्रतिकृति, प्रतिमा, बिम्ब, आदि सँग सम्बन्धित छ ।[129]

---

121 उपाध्याय, **पूर्ववत्** ,(पादटिप्पणी सं. १), पृ. १० ।
122 **ऐजन** ।
123 **ऐजन** ,पृ.११ ।
124 **ऐजन** , पृ.१४ ।
125 **ऐजन** ।
126 जे.एन्.बनर्जी,**द डिभ्लोपमेन्ट अफ हिन्दु आइक्नोग्राफी** ,( दिल्ली : मुन्सिराम मनोहरलाल पब्लिशर्स प्राइभेट लिमिटेड, सन् १९७४ ), पृ.१ ।
127 **ऐजन** ।
128 बनर्जी, **पूर्ववत्** ,(पादटिप्पणी सं.१५) , पृ.३६ ।
129 **ऐजन** ।

पृथ्वीमा लामो समयदेखि विचरण गर्दा मानव जातिको प्रकृतिका आँधी, हुरी, झरी, बाढी, पहिरो, चट्याङ आदि विपत्तिहरूसँग जुद्धै गर्दा आफ्नो रक्षार्थ अलौकिक शक्तिप्रति विश्वास बढ्न जान थाल्यो । जसको कारण अलौकिक शक्तिको उपासना वा अदृश्य शक्तिको साक्षात्कार गर्ने उद्देश्य स्वरूप मूर्तिकलाको विकास हुनपुगेको देखिन्छ । अर्कोतर्फ मानिसले यस्तो अदृश्य शक्ति प्रकृतिका वनस्पति, पशुपक्षी, आदिमा समेत देख्न थाल्यो; जसको कारण देवरूपका अनेकन स्वरूप बन्न पुगेको देखिन्छ । सिन्धुघाटी सभ्यताबाट यस्तो प्रकृति पूजाको प्रमाण प्राप्त भएको छ । एउटा आकृति जसमा एकजना मनिस एउटा रूखको अगाडी झुकेको अवस्थामा रहेको छ ।[130] अदृश्य शक्तिहरूको साक्षातकार स्वरूप मूर्ति मात्र नभएर यस्ता प्रकृतिका प्राणीहरूलाई समेत मानिसहरूले शक्तिको प्रतीकका रूपमा हेर्न थाले; जुन हिन्दु आर्य सभ्यताको परम्परा बन्न पुग्यो ।[131] यो परम्परा पछि बौद्ध धर्ममा पनि प्रयोग हुन थाल्यो ।

### ४.२.१.१ नेपालमा मूर्तिकलाको विकासक्रम

नेपालमा मूर्तिकला कहिलेदेखि शुरूवात भयो भन्ने स्पष्ट लिखित स्रोत नभए पनि पुरातात्त्विक स्रोतका आधारमा विद्वान्हरूले नेपाली मूर्तिकलाको व्यवस्थालाई मूल्याङ्कन गरेका छन् । नेपालमा प्राप्त प्रमाणका आधारमा ईसापूर्व कालबाटै मूर्तिकलाको विकास भएको देखिएको छ । उपत्यका बाहिर बन्जराहीको उत्खननबाट ईसापूर्व तेस्रो शताब्दीको नारी शिर प्राप्त भएको छ ।[132] तिलौराकोटको उत्खननबाट प्राप्त त्रिभङ्ग स्थानक पद्मासन श्रीलक्ष्मीको मूर्तिलाई लैनसिङ वाङ्देलले ईसापूर्व पहिलो शताब्दीदेखि दोस्रो शताब्दीको उल्लेख गर्नुभएको छ ।[133] ईसाको थालनी पछि भने नेपाली मूर्तिकलाका यथेष्ट प्रमाणहरू प्रात भएका छन् । विभिन्न विद्वान्हरूले ईसाको पहिलो शताब्दी तिरबाटै नेपाल उपत्यकामा मूर्तिकलाको विकास भएको मानेका छन् । यहाँका प्राचीन मूर्तिहरू गजलक्ष्मी, उमामहेश्वर, सप्तमातृका, यक्ष आदि मूर्तिहरू शक-कुषाण शैलीद्वारा प्रभावित[134] रहेको मानेको हुनाले यो तथ्य सत्य देखिन्छ । युनान, कुषाण र शकहरूको आक्रमणबाट बच्नका लागि यहाँ आएका शरणार्थीहरू सँगै आएको शैली यहाँका प्राचीन स्थानीय कलाकारहरूले सिकेर यी मूर्तिहरू निर्माण गरेको मानिन्छ ।[135] हाँडीगाउँ, महिषमर्दिनी, बालाजु हारिती, कोटालटोल मातृका, च्यासलटोल गजलक्ष्मीलाई नेपाली विद्वान् लैनसिङ वाङ्देलले लिच्छविपूर्वका मान्नुभएको छ ।[136] उपत्यकाका यी मूर्तिहरू आर्यपरम्पराका भएकाले ईसापूर्व केही शताब्दी अघिदेखि आर्य संस्कृतिको प्रवेश भैसकेको तथा लिच्छवि शासन अस्तित्वमा आइसकेको[137]कतिपय विद्वान्हरूको मत रहेको पाइन्छ । नेपालको प्रचलित गोपालराजवंशावलीमा लिच्छवि राजा मानदेवभन्दा नवौं पुस्ता अघिका राजा हरिदत्तवर्माले

---

[130] अपजोहन, **पूर्ववत्** ,(पादटिप्पणी सं. ७), पृ.६७६ ।

[131] **ऐजन** ।

[132] कल्पना श्रेष्ठ, *"मृण्मयकला :एकसिंहावलोकन "* **भ्वाइस अफ कल्चर** भोलम् ५,( काठमाण्डौः नेपाली इतिहास संस्कृति तथा पुरातत्त्व विभाग पद्मकन्या बहुमुखी क्याम्पस, वि.सं.२०६६), पृ.५६ ।

[133] लैन सिंह वाङ्देल, **द अर्ली स्कल्पचर अफ नेपाल** ,( न्यू दिल्ली : विकाश पब्लिसिङ् हाउस प्राइभेट लिमिटेड, सन्१९८२), पृ.१८ ।

[134] खनाल, **पूर्ववत्** ,(पादटिप्पणी सं. ४) , पृ.७४ ।

[135] **ऐजन** ।

[136] वाङ्देल, **पूर्ववत्** ,(पादटिप्पणी सं. २२) , पृ.३४ ।

[137] खनाल, **पूर्ववत्** ,(पादटिप्पणी सं. ४), पृ.९० ।

उपत्यकामा चार नारायण बनाएको उल्लेख पाइन्छ ।[138] उपत्यकाका पुड्को शरीर, बाटुलो मुखाकृति, साना आँखा, चेप्टोनाक र थोरै गहनाको आधारमा पशुपति आर्यघाटको विरूपाक्ष, राष्ट्रिय सङ्ग्राहलयको राजपुरूष, कुमारसम्भव मूर्तिफलक, यक्ष र पूर्णकलशलाई लिच्छविपूर्वका मानिएको छ ।[139] लिच्छवि राजा मानदेवको समयदेखि भने नेपाली मूर्तिकलाको पनि प्रमाणिक युगको थालनी हुन्छ । उनले स्थापना गरेका पशुपति तिलगङ्गा र लाजिमपाटबाट अभिलेख सहित पहिलो प्रमाणीक मूर्तिकलाका उत्कृष्ट नमूना प्राप्त भएका छन् । उनी पछिका शासकहरूले पनि मूर्तिकलाको विकासलाई अत्यन्तै महत्त्व दिएको देखिन्छ । शिवदेव र अंशुवर्माद्वारा प्रसारित संवत् ५२६ को लेले स्थित अभिलेखमा अर्चागोष्ठीको उल्लेख छ ।[140] अर्चा संस्कृत शब्दले मूर्ति भन्ने बुझाउने हुँदा यो एक मूर्ति बनाउने गोष्ठी[141] हो भन्ने विद्वान्हरूको मत रहेको छ । यस प्रसङ्गले लिच्छविकालमा व्यवस्थितरूपमा मूर्ति बनाउने परम्परा रहेको देखिन्छ । यसकालमा मूर्ति बनाउनका लागि गोष्ठीकै व्यवस्था गरिएको देखिन्छ । यसबाट लिच्छविकालमा मूर्तिकलाको विकास उन्नत र संगठित तरिकाले भएको देखिएको छ । यसकालमा बौद्ध, हिन्दु दुबै धर्मका मूर्तिहरू बनेका देखिएका छन् । यसकालका उत्कृष्ट हिन्दु मूर्तिहरूमा चाँगुनारायणको विश्वरूप, श्रीधर विष्णु, गरूडनारायण, बुढानिलकण्ठ नारायण, पशुपति अमरकान्तेश्वर, पशुपति पारि राममन्दिर पछाडीको उमामहेश्वर, राष्ट्रिय सङ्ग्रहालयको उमामहेश्वर, पद्महस्ता लक्ष्मी, लेलेको उमामहेश्वर, जयवागेश्वरीको ब्रह्मा आदि हुन् । त्यस्तै, बौद्ध धर्मका उत्कृष्ट मूर्तिहरूमा मारविजय, बुद्धजन्म दृष्यफलक राष्ट्रिय सङ्ग्रहालय, ढोकावहा चैत्यमा रहेका मूर्ति, बाङ्गेमुढाको बुद्ध, धरहरा पछाडी ढुङ्गेधाराको आर्यावलोकेश्वरको मूर्ति आदि हुन् ।

यसरी लिच्छविकालीन मूर्तिहरूको बारेमा विचार गर्दा यसकालका मूर्तिहरूमा भारतीय गुप्तकलाको प्रभाव प्रष्ट रूपमा देखा पर्छ । नेपालमा लिच्छवि शासन चलिरहँदा भारतमा गुप्त शासन चलिरहेको थियो । यसकारण छिमेकी गुप्तकलाको प्रभाव पर्नु स्वाभाविक देखिन्छ । यसको साथै स्थानीय मौलिकता पनि मूर्तिहरूमा देख्न पाइन्छ । यसकालका सादा पारदर्शी वस्त्रको प्रयोग, शारीरिक अनुपात मिलेका, सजीव लाग्ने, शरीरको त्रिदृष्टीय आयाम स्पष्ट भएका कालो मास रङको ढुङ्गाबाट बनेका यी मूर्तिहरूको अनुहार नेपाली बनावटसँग मिल्दा देखिन्छन् । यसकालमा बनेका मूर्तिहरूको तल्लो ओठ ठूलो हुनाले केही निग्रो जातिसँग पनि मिल्ने देखिन्छन् । तर यो विशेषता पनि स्थानीयताकै प्रभाव हुनु ज्यादा नजिक छ किनभने काठमाडौं उपत्यकामा यस्तो विशेषता भएका जातिहरू नेवार समुदायमा नै देख्न पाइन्छ । यसकालका मूर्तिहरूमा भारतीय सारनाथ शैलीको विशेष प्रभाव देख्न पाइन्छ । पातलो पारदर्शी वस्त्रको प्रयोग गर्नु यस शैलीको प्रमुख विशेषता हो । त्यसो त घुँघरिएको कपाल र मुजामुजा परेको वस्त्र लगाएका गान्धार शैलीको पनि प्रयोग भएका मूर्तिहरू नबनेका होइनन् तर नगन्य मात्रामा बनेको पाइन्छ । ढोकाबहाको चैत्यको मूर्तिमा यस्तो विशेषता देख्न पाइन्छ । यसप्रकार प्राचीन नेपाली लिच्छविकालीन मूर्तिहरू नेपाली इतिहासमा उत्कृष्ट कलाको रूपमा रहेका छन् ।

---

138 धनवज्र वज्राचार्य, **लिच्छविकालका अभिलेख,** (कीर्तिपुरः नेपाल र एसियाली अनुसंधान केन्द्र, वि.सं.२०३०), पृ.९४ ।

139 विणा पौड्याल,**नेपाली मूर्तिकला र चित्रकला,** (कीर्तिपुरः त्रि. वि. नेपाली ईतिहास संस्कृति तथा पूरातत्त्व केन्द्रीय विभाग, वि.सं.२०५७), पृ.१०–११ ।

140 वज्राचार्य, **पूर्ववत्** ,(पादटिप्पणी सं. २७), पृ.२८२ ।

141 **ऐजन ।**

मध्यकालमा नेपाली मूर्तिकलामा बृहत परिवर्तन आउन पुग्छ । कलामा नयाँपन आउनुमा धार्मिक दर्शन, छिमेकी शैली, सामग्रीको प्राप्यता, व्यापार आदिको विशेष भूमिका रहेको हुन्छ । प्रचलित दर्शनका कारण मूर्तिकलामा समेत असर गर्ने कुरालाई कुषाणकालमा महायनको प्रभावस्वरूप बुद्धका मूर्तिहरू बन्न पुगेका थिए । छैटौं शताब्दीमा मगध(पाल)मा बज्रयानको प्रभावस्वरूप पालशैलीको विकास भएको थियो ।[142] यी पालवंशी राजाहरू बौद्ध धर्मको बज्रायान सम्प्रदायका संरक्षक थिए ।[143] यसका साथै दक्षिण भारतको श्रीशैलमा उद्भव र विकास भएको मानिने तन्त्रयान बङ्गाल उत्कलमा विशेषता प्राप्त गरेको आगम साहित्यले पनि नेपाली कलालाई प्रभाव पारेको कुरा मोहनप्रसाद खनालले उल्लेख गरेका छन् ।[144] जसको फलस्वरूप यसकालमा धेरै हातखुट्टा भएका, डरलाग्दा भयानक मूर्तिहरू बने भने अलङ्करणका कारणले मूर्तिको शारीरिक पहिचानमा समेत असर पर्न गयो । यो शैलीका मूर्तिहरू कालो चिल्लो पत्थरमा बनेका पाइन्छन् । यसका प्रमुख विशेषताहरूमा हावादारी बनाउनु, मूर्तिफलक चोसो परेको किनारमा ज्वालावली उत्कीर्ण गरिएका हुन्छन् । यस शैलीका सिम्रौनगढ मूर्तिमा मूर्तिफलकको शिरमा छेपु बनाइएको हुन्छ । यो विशेषता उपत्यकाका मूर्तिमा पाइँदैन । यस शैलीका मूर्तिहरूमा राष्ट्रिय संग्रहालयस्थित ब्रह्मा र सिंहवाहिनी दूर्गाका मूर्ति सिम्रौनगढका निर्माण हुन् । यस बाहेक यसकालमा बनेका अन्य उत्कृष्ट मूर्तिहरूमा कीर्तिपुर उमामहेश्वर, राष्ट्रिय संग्राहलयमा रहेका सम्बर, श्रीधर विष्णु आदि यस शैलीका नमूना हुन् । यस शैलीमा बनेका उपत्यकाका मूर्तिहरू फूस्रो कमसल ढुङ्गामा बनेका छन् । जसको कारण मूर्तिहरू कम टिकाउ भएका छन् । यसकालमा राजपुत शैलीको चित्रकलाको पनि प्रभाव पर्न गएर मूर्तिहरूमा वीरत्वको प्रदर्शन, तान्त्रिकता, सहायक देवताको अधिकता हुनपुगेको देखिन्छ ।

मध्यकालीन शैलीकै जगमा रहेर आधुनिककालीन मूर्तिहरू बनेको पाइन्छन् । यस बाहेक यसकालमा निकै फरक शैलीको समेत प्रयोग भएको थियो । यस कालमा मूर्ति निर्माणको विषय र सामग्रीमा नयाँ प्रयोग हुनपुगेको थियो । यसकालमा सामाजिक कलाको प्रयोगमा वृद्धि भएको पाइन्छ । भन्नाले यसकालमा शालिकहरूको निर्माण प्राथमिकतामा पर्न थाल्यो । अझ राणाहरूको आगमन पछि त झन यूरोपीयन शैली र कलाकारकै प्रयोगले नेपाली मूर्तिकलालाई नयाँ आयाम थप्ने काम भयो ।[145] यो शैली अन्तर्गत नग्न, अर्धनग्न, धातु, पत्थर तथा सिमेन्टको प्रयोग गरेर मूर्तिहरू निर्माण भएका छन् ।[146] सन् १८४६ सम्म नेपाली कलाकारले बनाउँदै आएकोमा त्यस पछि विदेशी कलाकारद्वारा विदेशी शैलीमा नै शालिकहरू समेत बन्न थालेको पाइन्छ ।[147] जसरी केन्द्र बाहिर सिम्रौनगढमा पालसेन शैलीको मध्यकालीन प्रभाव स्वरूप एकथरी मूर्तिहरू बन्न पुगे त्यसैगरि पश्चिम नेपालमा विकसित खस राज्यमा पनि केही फरक आकार प्रकार भएका मूर्तिहरू

---

142 उपाध्याय, **पूर्ववत्** ,(पादटिप्पणी सं. १), पृ.५४ ।

143 **ऐजन** ।

144 खनाल, **पूर्ववत्** ,(पादटिप्पणी सं. ४), पृ.८९ ।

145 जगदीशचन्द्र रेग्मी , **शाहकालिन कला र वास्तुकला** ,( काठमाण्डौ : साझा प्रकाशन, वि.सं. २०३३), पृ.३२१ ।

146 रेग्मी, **पूर्ववत्,** (पादटिप्पणी सं. ३४),पृ. ३२१ ।

147 **ऐजन** , पृ.३१५ ।

पाइन्छन् । यी यस्ता शैली भएका मूर्तिहरूलाई मोहनप्रसाद खनालले खसशैली[148] भनेर नामकरण गरेका छन् । खस राज्य क्षेत्रमा केही भद्दा, अपरिपक्व अनुहार, अनौठो भेषभूषा र असजिलो शारीरिक बनावट भएका मूर्तिहरू यस शैलीमा पर्दछन् ।[149] विशेष आकर्षणविहीन यी मूर्तिहरूलाई राजकला र लोककला गरी दुई भागमा विभाजन गरिएको छ ।[150] राजकला अन्तर्गत राजाद्वारा निर्मित, संरक्षणप्राप्त र लोककलाअन्तर्गत सर्वसाधारण जनताद्वारा निर्मित कलाहरू पर्दछन् ।[151] डडेलदुरादेवी, बैजनाथ देवी, त्रिपुरासुन्दरी बैतडी, महिषासुर मर्दिनी डडेलदुरा, भैरव सुर्खेत, विष्णु दिपायल आदि यस शैलीका प्रतिनिधि मूर्तिहरू हुन् ।

### ४.२.१.२ अध्ययन क्षेत्रमा प्राप्त मूर्तिकला

### ४.२.१.२.१ पर्वत सदरमुकाम कुश्मा बजारस्थित धनेश्वर शिवालयमा रहेका मूर्तिहरू

पाञ्चायन शैलीमा रहेको यो मन्दिरमा रहेका सूर्य, विष्णु, सिंहवाहिनी, गणेश र लकुलिशका मूर्तिहरू एउटै आकार ९ ईन्च अग्लो र ५ ईन्च चौडाईका रहेका छन् । यस्तै मूर्ति बनाउन खैरो फुस्रो ढुङ्गाको उपयोग गरिएको छ । यहाँको एउटा धातुको मूर्ति बाहेक अन्य पत्थरबाट बनेका मूर्तिका प्रभामण्डल र मूर्तिफलकमा त्रिकोण आकारको वा माथि चुच्चो बन्दै गएको आकर्षक ज्वालावलि बनाइएको छ । मूर्तिमा प्रयोग गरिएको पत्थर समेत एउटै हुनु र एउटै आकारका यी मूर्तिहरूमा आसन पनि सबैमा एकोहोरो पद्मपीठ बनाइएको छ । यी मूर्तिहरू शास्त्रिय परम्परामा आधारित रहेको देखिँदैन । यी मूर्तिहरुको वारेमा पहिलो पटक यस अध्ययनमा समावेश गरिएको हो ।

### ४.२.१.२.१.१ सूर्यमूर्ति

पूर्ण रूपमा फक्रेका कमल फूलका दुई थुँगा सूर्यको दुबै काँधसम्म पुगेका छन् । अरूणले हाँकिरहेको रथमा आसन अवस्थामा रहेका सूर्यको दायाँ बायाँ दण्ड र पिङ्गल रहेका छन् । सूर्यले शिरमा किरीट मुकुट र गलामा घुँडासम्म लत्रेको माला पहिरेका छन् । नाडीमा चुराजस्ता दोहोरो बाला र पाखुरामा आकर्षक केयुर लगाएका छन् भने कानमा फूल जस्ता आकर्षक कर्ण कुण्डल पहिरेका सूर्यले दुवै हात छातीसम्म ल्याएर अभयमूद्रा प्रर्दशन गरेको देखिन्छ । ज्वालावलीयुक्त प्रभामण्डल भएको यो मूर्ति सानो भए पनि निकै आकर्षक देखिन्छ (द्रष्टव्य चित्र सं.३४ ) ।

### ४.२.१.२.१.२ विष्णु

एकोहोरो पद्मपीठमाथि स्थानक आसनमा घुँडासम्म आउने वनमाला पहिरेका विष्णुका चारओटा हातहरू रहेका छन् । चार हात मध्ये माथिल्लो दायाँ हातमा चक्र र तल्लोले शङ्ख समातेको देखिन्छ भने बायाँ माथिल्लोमा गदा र तल्लोमा कमल पुष्प समातेको अवस्थामा देखिन्छ । किरीट मुकुट पहिरेका विष्णुले नाडीमा चुराजस्ता बाला र पाखुरामा आकर्षक केयुर लगाएका छन् । पाउमा भने सामान्य चुराजस्तो पाउजेब लगाएका छन् । गलामा आकर्षक हारसँगै

148 खनाल, **पूर्ववत्** ,(पादटिप्पणी सं. ४), पृ.११ ।
149 **ऐजन** ।
150 **ऐजन** ।
151 **ऐजन** ।

मोतीको माला पनि लगाएको देखिन्छ । आकर्षक कमरबन्धले बाँधिएको धोतीको फुर्को दुई जाँघको बीचबाट तल लत्रेको छ । विष्णुको दायाँ भागमा पाउनेर विनित मुद्रामा सानो तर सुन्दर गरूढ रहेको छ (द्रष्टव्य चित्र सं.३५) ।

### ४.२.१.२.१.३ सिंहबाहिनी दुर्गा

एकोहोरो पद्मपीठमाथि प्रत्यालीढ आसनमा भयंकर डरलाग्दो स्वरूपमा उत्कीर्ण यो मूर्तिको गलामा आकर्षक पुष्पमाला घुँडासम्म पुग्नेगरी पहिरिएको छ । चार भुजा भएकी देवीको दायाँ भागमा खड्ग र अर्को हात बरद मूद्रामा देखिन्छ । त्यस्तै, वायाँतर्फ माथिल्लो हातले शङ्ख र तल्लो हात छातीसम्म ल्याएर अभय मूद्रामा देखिन्छ । देवीको पाउ र हातमा चुरा जस्तै कल्ली , पाउजेब र नुपुर लगाएको देखिन्छ । यस मूर्तिमा देवीले आकर्षक फरिया सँगै गलामा आकर्षक हार पनि लगाएको देखिन्छ । किरीट मूकुट लगाएकी दुर्गाको दायाँ पाउ नजिकै भयंकर रौद्र रूपको बाहन  सिंह रहेको छ (द्रष्टव्य चित्र सं.३६) ।

### ४.२.१.२.१.४ गणेश

एकोहोरो पद्मपीठमा ललितासनमा रहेका गणेशका चार भूजा रहेका छन् । चार हात मध्ये दायाँ तर्फ अक्षमाला र मुला लिएको देखिन्छ भने वायाँ परशु र मिठाई लिएर ती खाँदै गरेको अवस्थामा रहेका छन् । गणेशका दुवै दाँतहरू भाँचिएका देखिन्छन् । शिरमा आकर्षक मुकुट लगाएका गणेशले यज्ञोपवितको समेत प्रयोग गरेको देखिन्छ । नाडीमा चुराजस्ता बाला लगाएका छन् । पाउमा लगाएका गहना अस्पष्ट  रहेका छन् तर यहाँका सबै पत्थरका मूर्तिमा गहना एउटै भएको हुनाले यसमा पनि अन्यका जस्तै गहना हुने देखिन्छ (द्रष्टव्य चित्र सं.३७ ) ।

### ४.२.१.२.१.५ लकुलिश

लकुलिशको यो मूर्ति मन्दिर बाहिर बेदिकामा सानो देउदेवी जस्तो बनाएर स्थापना गरिएको छ । यो देउदेवी भन्नाले पहाडतिर बारीको काल्नामा पूजागर्नको लागि बनाइने त्रिकोण वा चौकोण आकारको सानो थान हो । एकोहोरो पद्मपीठमा स्थानक अबस्थाको मूर्तिको चारभूजा रहेका छन् । दायाँ माथिल्लो हातमा अक्षमाला र तल्लोहातमा विभूति सहित बरद मूद्रामा  रहेको छ । वायाँ तर्फ माथिल्लो हातले त्रिशुल समाएको देखिन्छ भने, तल्लो हातमा तुम्बी लिएको छ । शिरमा जटामुकुट धारण गरेको मूर्तिका हातमा पनि चुराजस्तै कल्ली, पाउजेब र नुपुर लगाएको प्रष्ट  देखिन्छ । कानमा आकर्षक गोला रोटीजस्ता कर्णकुण्डल लगाएको मूर्तिको तल्लोभागमा व्यघ्रचर्मको प्रयोग देखिन्छ । गलामा भने अक्षमाला सहित आकर्षक हारले मूर्ति सानो भए पनि ज्यादै सुन्दर देखिन्छ ।

### ४.२.१.२.१.६ धातुको उमामहेश्वर

केही अग्लो एकोहोरो पद्मपीठ माथि ललितासनमा रहेको उमामहेश्वर मूर्तिको उँचाई ४ ईन्च र चौडाई २ ईन्च रहेको छ (द्रष्टव्य चित्र सं.३३) । ललितासनमा रहेका महेश्वरको देब्रे जाघँमा उमा बसेको देखिन्छ । चारभूजा भएको यस मूर्तिका तीनवटा हातमात्र देखिन्छन् । दायाँ भागका दुई हात मध्ये एकहातले डमरू र तल्लो हात छाती सम्म ल्याएर अभय मूद्रा सहित नागलाई  समातेको देखिन्छ । वायाँ तर्फका हातहरू स्पष्ट देखिदैनन् । एउटा हात उमाको पछाडि त्रिशुल समाएको देखिन्छ भने अर्को हात आसनमा राखेको देखिन्छ । निधारमा तेस्रो आँखा र

आकर्षक जटामुकुटको शिरमा चन्द्रमा पहिरिएको देखिन्छ । नाडीमा सेलरोटी जस्ता वाला लगाएको छ भने पाखुरामा सर्पबाट बनेका केयुर लगाएको देखिन्छ । गलामा पनि नागकै माला लगाएको यो मूर्तिका कानमा गोलो खालका कुण्डल रहेका छन्, भने शरीरको तल्लो भागमा व्यघ्रचर्म लगाएको छ । आसनको दायाँ भागमा शङख राखिएको देखिन्छ ।

महेश्वरको तुलनामा सानो उमाका दुई हात छन् दुईहात मध्ये वायाँ हात अभय मुद्रामा र दायाँ हात महेश्वरको काखमा राखी आफ्नो दायाँ गोडा वायाँ गोडामाथि राखेकी छन् । उमाको शिरमा आकर्षक किरीट मुकुट रहेको छ । गलामा मोटो दुनोट जस्तो हार, नाडीमा सादा मोटा वाला र पाखुरामा पनि मोटा केयूर लगाएकी छन् भने पाउमा लगाएका कल्ली स्पष्ट देख्न सकिएन । शरीरको तल्लो भागमा फरिया पाउसम्मै पुगेको देखिन्छ । महेश्वरको अनुहार निधार ठूलो भएर चिउँडो केही चुच्चो हुन पुगेको देखिन्छ, भने उमाको अनुहार अण्डाकार रहेको छ ।

भित्र खोक्रो पारी बनाएको यो मूर्ति मैन विधिको साँचोबाट बनाएको देखिन्छ । साह्रै सानो सुन्दर यो मूर्तिमा प्रयोग गरिएका गहना, शैली, अनुहारको बनावटका आधारमा मध्यकालीन प्रतीत हुन्छ । यस क्षेत्रमा धातु गालेर मूर्ति बनाउने परम्परा नपाइने हुनाले यो मूर्ति अन्यत्रबाट ल्याइएको हुनुपर्छ । रासायनिक प्रदुषणका कारण मूर्ति जीर्ण बनेको हुनाले स्पष्ट रूपमा मूल्याङ्कन गर्न अप्ठ्यारो यो मूर्तिको तुरून्तै उपचारको आवश्यकता देखिन्छ ।

### ४.२.१.२.२ मोदिबेणी, शिव मन्दिरमा रहेको श्रीविष्णु मूर्ति

मोदिबेणी स्थित मुख्य नृसिंह मन्दिरको पछाडि रहेको शिवालय भित्र यो मूर्ति रहेको छ । उँचाई १२ ईन्च र चौडाई ८ ईन्च भएको यो मूर्ति केही नौलो खालको देखिन्छ (द्रष्टव्य चित्र सं.३१ ) । मुख्य आसन सँगै अर्को आसनमाथि प्रत्यालिढ आसनमा चारभूजा भएका विष्णु रहेका छन् । चार हातमध्ये दायाँ तर्फका हात मध्ये माथिल्लो हात छातीसम्म ल्याएर पद्मवीज समातको देखिन्छ । वायाँ तर्फका हातमध्ये एउटा हात भाँचिएको छ । भाँचिएको हातको माथिल्लो भागमा गदाको छाप देखिन्छ । अर्को हात कटिबन्ध अबस्थामा शङ्ख समातेको देखिन्छ । लत्रेर घुँडासम्म आएको बनमाला लगाएका विष्णुले किरीट मुकुट लगाएका छन् । हात खुट्टामा लगाएका गरगहनाहरू के हुन भन्ने स्पष्ट देखिदैन् । शिरको पछाडी रहेको प्रभामण्डलमा भित्र आकर्षक बिन्दुयुक्त घेरा र बाहिर ज्वालाबली रहेको छ । विष्णुको दायाँ भागमा मूख्य आसनमा एक स्त्री थैलो वोकेर स्थानक अवस्थामा देखिन्छ । पाउसम्मै छोपिने गरेर फरिया पहिरेको यो स्त्री मूर्तिका दुई वटा मात्र हात रहेका छन् । शरीरमा सादा पहिरन देखिन्छ । मूर्तिफलकको वायाँ भागमा पाउसँगै गरूड बसेको देखिन्छ । यो मूर्तिलाई टेकबहादुर श्रेष्ठले भगवती भनेका छन्[152] तर चक्र, पद्मवीज, गदाको छाप, त्यस पछि पाउसँगै बसेको वहान गरूड र थैलो बोकेको स्त्री हुनाले यो मूर्ति विष्णुको हो भन्ने स्पष्ट देखिन्छ । अर्को तर्फ यस मूर्तिमा स्त्री तत्त्वको चिन्ह वक्षस्थल पनि स्पष्टरूपमा बनेका छैनन् । तीन तहको घेरा भएको ज्वालावलीयुक्त हावादारी भएको कालो चिल्लो पत्थरमा निर्मित मूर्ति निकै आकर्षक रहेको छ । यसको शैली विशेषतालाई हेर्दा यो मध्यकालीन पालसेन शैलीको उत्कृष्ट नमुना देखिन्छ ।

### ४.२.१.२.३ पाङको पार्वती गुफाबाट प्राप्त भग्न स्त्री मूर्ति

152 टेकबहादुर श्रेष्ठ ,**पर्वत राज्यको ऐतिहासिक रुपरेखा,** ( कीर्तिपुरः नेपाल र एसियाली अनुसंधान केन्द्र, वि.सं.२०५९ ), पृ.३०५ चित्र नं.११ ।

पाङ वडा नं. ६ खरीबोट बस्ने छवीलाल पौड्यालले स्थानीय पार्वती गुफामा प्राप्त गर्नु भएको यो मूर्ति ज्यादै जीर्ण र भग्न अवस्थामा निजको सङ्ग्रहमा रहेको छ । उँचाई १५ सेन्टिमिटर र चौडाई ६ सेन्टिमिटर भएको सानो भैकन साह्रै सुन्दर यो मूर्तिको शारीरिक बनावटका आधारमा स्त्रीको मूर्ति हो भन्ने निश्चित हुन्छ (द्रष्टव्य चित्र सं.६ ) । खैरो रङको कडा पत्थरमा निर्मित यो मूर्तिको वाँयाँ भाग भग्न हुनुको साथै हात पनि पूर्ण छैनन् । अनुहारमा नाक, मुख, आँखा मेटिएका छन् । पादपीठ सहित गोडाको तल्लो भाग पनि भाँचिएका छन् भने वाँयाँ पक्षको मूर्तिफलक समेत भाँचिएको छ । तर पनि बाँकी रहेको मूर्तिको बनावटका आधारमा यो एउटा उत्कृष्ट कला भएको देखिन्छ ।

सालभञ्जिका मुद्राका जस्तै त्रिभङ्ग मुद्राको यो मूर्तिका दुबै हातहरूमाथि शिरमा पुगेका छन् तर औंलाको भाग भने भाँचिएकाले टाउको माथि राखेको मात्र देखिन्छ । पारदर्शी बस्त्रको प्रयोग गरिएको स्त्रीको शरीरको तल्लोभागमा छिनेको कम्मरमा आकर्षक गोला चक्कीयुक्त कमरबन्ध र धोतीको मुजा दुई जाँघको बीचबाट लत्रेर खुम्चाएको खुट्टाबाट बाहिर तर्फ निस्केको छ । मूर्तिको घाँटीमा सादा हार छ भने कानमा सिक्का जस्ता मोटा तर सादा कर्ण कुण्डल रहेका छन् । गोलो अनुहार भएको मूर्तिको निधार खुल्ला गरी मुकुटविहीन अवस्थामा प्राचीन नेपाली मूर्तिका जस्तै कपाल बिचबाट कोरेर पछाडि लगिएको छ । कपाललाई बिचबाट कोरेर टाउकाको दायाँ वायाँ भागमा कपाललाई मोटो गरी उठाएर सिँगार्ने चलन कुशाणकालीन मूर्तिकलामा देख्न पाइन्छ भने नेपालमा प्राचीन मूर्तिमा देख्न पाइन्छ । यस्तो विशेषता पाटन च्यासलहिटीको गजलक्ष्मीको मूर्तिमा रहेको छ । यस्तै यस मूर्तिमा गोला सादा मोटा कर्ण कुण्डल पनि प्रयोग हुनुले कुषाणकालीन प्रभाव देखिन्छ । अनुहार असाध्यै मिलेको अवस्थामा सजीव देखिन्छ । स्त्रीको हातमा बडो अनौठो तरिकाबाट गहना लगाईएको देखिन्छ । वाँयाँ पखुरामा चुरालाई जोडेर बनाएको सिंगो वाला जस्तो र दाँयाँमा सादा तर फराकिलो सपाट वाला जस्तो केयूर पाखुरामा प्रयोग गरिएको छ । नाडीमा पनि दायाँमा मोटो किनार भएको सपाट केही चौडा सादा वाला र वाँयाँमा पनि केही चौडा सादा मोटो वाला लगाएको देखिन्छ । शरिरको माथिल्लो भागमा हार बाहेक अन्य गहना देख्न सकिँदैन । शिरको पछाडी कमलाकार गोलो प्रभामण्डल भएको गहिरो दृष्टिमा मात्र देख्न सकिन्छ । मूर्तिफलक अण्डाकारमा भएको प्रतीत हुन्छ । मूर्तिफलक मूर्तिको हातका कुहिनासम्म पुगेर टुङ्गिएको छ । वाँयाँ भागको फलक भाँचिएको हुनाले पूर्णरूपमा देख्न नसके पनि दायाँको बचेको भागका आधारमा अनुमान गर्न सकिन्छ । डोला हातपाखुरा, केराका थाम जस्ता जाँघ, पुष्ट स्तन, छिनेको कम्मर, गोलो अनुहार सँगै मिलेको गलाले अझै सजीव देखिन्छ । भङ्ग भैकन पनि अत्यन्त आकर्षक जीउडाल मिलेको स्वाभाविक मूर्तिकलाको उत्कृष्ट सिर्जना भएको पुष्टि हुन्छ । गोला सिक्का जस्ता कर्णकुण्डल, सादा धोती, हार र कमरबन्ध, केश सज्जा, शारीरिक बनावटका आधारमा यो मूर्ति विक्रमको दोस्रो-तेस्रो शताब्दी तिरको देखिन्छ । यो प्राचीन मूर्ति देखिन्छ तैपनि असाध्यै भग्न आयूध विहीन र वहान विहीन समेत भएको हुनाले अनुसन्धानकै विषय रहेको छ ।

### ४.२.१.२.४ जुम्लिठाना मन्दिरको सिंहबाहिनी मूर्ति

जुम्लिठानास्थित एक पुरानो प्रयोग विहिन जस्तै अवस्थामा रहेको मन्दिरमा यो मूर्ति रहेको छ (द्रष्टव्य चित्र सं.१५ ) । उँचाई २७ इन्च र चौडाई १८ इन्चको आकारको यो मूर्ति रहेको छ । स्थानक अवस्थाको मूर्तिका आठवटा हातहरू रहेका छन् । दायाँ तर्फका हातहरूमा क्रमशः खड्क, चक्र, एक हात अभय मुद्रामा र अर्को हात स्पष्ट देख्न सकिँदैन । त्यस्तै, वायाँ

तर्फका हातहरूमा शङ्ख, त्रिशूल बाहेक अन्य आयुध चिन्न सकिएन । मूर्तिको माथिल्लो भागमा कुनै वस्त्राभूषण देखिँदैन भने, तल्लो भागमा धोती बेरिएको देखिन्छ । शिरको केशबिन्यास स्पष्ट देखिँदैन बनावटका आधारमा मुकुट लगाएको देखिन्छ । मूर्तिको वायाँ भागमा केही अग्लो आसन बनाई सिंहलाई स्थापना गरिएको छ । जसको सहयोगले नै यो मूर्ति सिंहबाहिनीको हो भन्ने खुल्दछ । अण्डाकारको मूर्तिफलकको किनारी भाग मूर्तिकै उँचाईमा अगाडी निस्केको छ, जसमा सामान्य खालको बुट्टा कुँदिएको छ । कालो खैरो कडा ढुङ्गामा निर्मित यो मूर्तिमा शिल्पकारिताको ज्यादै अभाव रहेको छ । स्त्रीको यो मूर्तिमा कलाकारले लैङ्गिक भेदलाई समेत निभाउन सकेको देखिदैन । अभिलेख विहीन स्थानीय कलाकारबाट निर्मित जस्तो लाग्ने यो मूर्तिको काल निर्धारण गर्नका लागि स्पष्ट कला शैलीको अभाव छ ।

### ४.२.२ वास्तुकला

मूल शब्द वस् धातुबाट बनेको वास्तु मूल शब्द सँग कला शब्द मिलेर वास्तुकला शब्द बनेको देखिन्छ । वास्तु अन्तर्गत मानिस, देवता र मृतआत्माका लागि निर्मित घर, मन्दिर, दरवार, स्तुप आदि पर्दछन् भने यहि वास्तु बनाउने शैली शिल्प वा कला नै वास्तुकला हो ।

पृथ्वीमा प्राणीको उद्भबसँगै यसले प्रकृतिका विभिन्न स्वरूपहरूको सामना गर्न पुग्यो । आँधी, हुरी, खडेरी, वर्षा, जस्ता प्राकृतिक विपत्तिबाट बच्नको लागि प्रत्येक सजिव प्राणीका लागि सुरक्षित वासको आवस्यकता हुनपूग्यो । त्यसैले चराहरू गुँड बनाएर बस्न थाले, जनावरहरू ओडार झाडीमा आफ्नो वास देख्न थाले । यस्तै, साना किराहरू पात स्याउला रूखहरूको टोड्का आदिमा वासको विकास गरे भने साना किरा जीवहरू दुलो, प्वाल आदिमा बस्ने प्राकृतिक निर्णय भयो । यसै क्रममा मानव जातिको आदिम पूर्खाहरू देखिनै विभिन्न स्वरूपको वासको क्रमिक विकास हुँदै आएको पाइन्छ । प्रागैतिहासिक कालदेखिनै मानिसहरू जङ्गलमा, रूखका टोड्का, झाडी, खूल्ला चौर वा मैदान, खाल्टा तथा ओडारहरूमा बसोवास गर्दै व्यवस्थित आवासको निर्माण गरि जीवनयापन गर्दै आएको प्रमाणहरू प्राप्त भएका छन् ।

भौगोलिक विविधतापूर्ण देश नेपालमा रामापिथेकस देखिकै प्रमाणहरू प्राप्त भएका हुनाले आदिम मानव जातिबाटै क्रमशः विकास हुन सक्ने संकेत पाइएका छन् । नवपाषाणकालीन सभ्यताका प्रमाण मुस्ताङको चोखोपानी र मेब्राकबाट प्राप्त भएका छन् । यहाँबाट इसापूर्व आठौं देखि सातौं शताब्दी पुरानो गुफा संस्कृति प्राप्त भएको छ ।[153] विस्तृत खोजको अभावमा अन्य प्रमाणहरू प्राप्त नहुनु र औजारहरूको प्राप्तिले मात्र वास्तुकलाको बारे निर्णय गर्ने अवस्था नरहे पनि भौगोलिक बनावटको दृष्टिले जङगल ओडारमा नै प्रारम्भिक मानवहरूले बसोवास गरेहोलान । वनस्पतिजन्य वस्तुको प्रयोग गरी झुपडीमा माटो ढुङगा, खर पछि ईंटा बनाउने प्रबिधिको विकास भएको प्राचीन सभ्यताको विवरण केलाउँदा नेपालमा पनि यस्तै विकास प्रक्रिया भएको देखिन्छ ।

प्राचीनकालमा बनेका वास्तुका वारेमा साहित्यिक स्रोतहरूमा वर्णन पाइए पनि भौतिक स्वरूप हाम्रो सामु हालसम्म जीवित रूपमा प्राप्त हुन सकेका छैनन् । पूर्वमध्यकाल देखिका भने हाम्रो सामु मन्दिरका स्वरूप प्राप्त भएका छन् । मध्यकाल देखि भने वास्तुकलाका विभिन्न स्वरूपहरू

[153] पाण्डेय रामनिवास र दिनेशचन्द्र रेग्मी, **नेपालको प्रागितिहास,** ( काठमाडौ : नेपाल र एसियाली अनुसंधान केन्द्र, त्रि.वि., वि.सं. २०६२ ), पृ.७५ ।

प्राप्त भएका छन् । हनुमानढोका दरबार क्षेत्र, पाटन दरबार क्षेत्र भक्तपुर दरबार क्षेत्र लगायतमा मध्यकालीन वास्तुसंरचना छरिएर रहेका पाइन्छन् । आधुनिक कालमा आउँदा आधुनिक शैली, निर्माण सामग्री र विदेशी कलाकारको प्रयोगमा विभिन्न वास्तुकलाको विकास भएको पाइन्छ । बबरमहल, सिंहदरबार, हनुमानढोकास्थित गद्दीबैठक, सुनधारा धरहरा आदि यस कालमा बनेका उत्कृष्ट वास्तु स्वरूप हुन् ।

### ४.२.२.१ मन्दिर वास्तुकला

मन्दिर मूर्तिपूजक धार्मिक सम्प्रदायहरूले आफ्नो आस्था अलौकिक दैवी शक्तिको उपासनाका निम्ति निर्माण गरेको धार्मिक वास्तुकला हो । हिन्दुहरूले दार्शनिक रूपमा परब्रह्म र अपरब्रम्ह दुबैलाई मान्यता दिने एवं अज्ञानीहरूका लागि मात्र भनेर पूजा गर्ने उद्देश्यबाट मूर्ति स्थापना गरी पूजागर्ने भएतापनि दुबैको आस्थाको केन्द्रको रूपमा देवालयको स्थापना गरेको देखिन्छ । यसलाई नेवारीमा देग भनिन्छ, जुन शब्द संस्कृतको देवालयबाट व्यूत्त्पन्न भएको हो ।[154] देवगृह भन्नाले देवताको घर भन्ने हुन्छ । यसरी देवताको घर नै हिन्दु दर्शनमा मन्दिर वास्तुकलाको रूपमा विकास भएको स्पष्ट हुन्छ ।

मन्दिर वास्तुको विकास वैदिकआर्यहरूको सिर्जना भएकाले यसको उद्भव वैदिककालमा नै भएको मानिन्छ । वैदिक समाज यज्ञप्रधान समाज भएको धैरै विद्वानहरूको मत रहेको पाइन्छ । यसकारण यसकालमा यज्ञवेदीमा पूजा होमको माध्यमबाट वैदिक समाजमा पूजा सम्पन्न हुनेगरेको अनुमान गर्न सकिन्छ । यस सभ्यताका हरेक क्रियाकलाप दर्शनप्रधान हुन्थे, यसै कारण देवोपासनाका लागि समेत दर्शन प्रधान यज्ञको प्रयोग हुनु ज्यादा नजिक देखिन्छ । यसरी यज्ञ गर्दा मण्डल बनाएर गरिने कुरा खुल्न आएको छ । यसकै फलस्वरूप वैदिक सनातन सन्तहरूद्वारा विकशित जादुमयी ज्यामितीय मानव शरीरबाट बनेको वास्तुपुरूष मण्डलको आधारमा मन्दिरको उद्भव भएको देखिन्छ ।[155] यसै वास्तुपुरूष मण्डलको सिद्धान्तमा बनेको मन्दिरको आधार सँगै गर्भगृह, प्रदक्षिणापथको समेत निर्माण भएको देखिएको छ ।[156] वर्ग मण्डललाई दैविय रेखाचित्र पनि भनिन्छ ।[157] यसलाई अनेक ६४ देखि ८१ सम्म ब्रम्हस्वरूप वर्गमा विभाजन गरी यी प्रत्येक वर्गलाई पुजारी पण्डितहरूले मिमांषीय तथा जादुमयी शक्तिका आधारमा देवताहरूलाई स्थापना गर्दथे ।[158] यी वर्गको केन्द्रमा सृष्टिकर्ता ब्रह्मालाई राखेर चार सुरमा साना देवताहरूलाई स्थापना गरिन्थ्यो भने अन्य वर्गमा यस्तै दर्शनका आधारमा अन्य देवताहरूलाई स्थापना गरेर एउटा सिँगो रूप वर्गमा एउटा योगी पुरूषको बन्न पुग्थ्यो ।[159] यस्ता ज्यामितीय आकार मण्डलको पूजागर्ने परम्परा हाल सम्म पनि काठमाडौ उपत्यकामा नेवार समुदायमा देख्न पाइन्छ ।

---

[154] उल्फगन कर्न, **द ट्रेडेशनल आर्किटेक्चर अफ काठमाडौं भ्याली**,(काठमाडौ : रत्नपुस्तक भण्डार, सन् १९९६), पृ.६६ ।

[155] सतीस ग्रोवर, **द आर्किटेक्चर अफ इन्डिया (हिन्दु तथा वौद्ध)**, ( विकाश पब्लिसिङ् हाउस प्राइभेट लिमिटेड, सन् १९८०) पृ.१७६ ।

[156] **ऐजन** ।

[157] **ऐजन** ,पृ.१७५ ।

[158] **ऐजन** ।

[159] ग्रोवर, **पूर्ववत्**, (पादटिप्पणी सं.४४) पृ.१७५ ।

हिन्दु तथा बौद्धहरू हिमालयमा देवताको वास हून्छ भन्ने विश्वास गर्दछन् । जसको प्रत्यक्ष सम्बन्ध यिनीहरूको वास्तुकलामा पनि परेको देखिन्छ । जसको फलस्वरूप मन्दिर वास्तुकलाको उद्भव भएको मानिन्छ ।[160] विख्यात कैलाश पर्वतलाई हिन्दुहरू शिवको पवित्र वासस्थानको रूपमा विश्वास गर्दछन् , भने मेरू, सुमेरू जस्ता पर्वतलाई समेत पवित्र मान्दै भगवान्को वास मन्दिरलाई पनि त्यसै अनुरूप ढालेर दार्शनिक वास्तुकलाको निर्माण गरेको पाइन्छ ।[161] कालिदासले समेत कैलाश पर्वतको विशेष चर्चा गरेको पाइन्छ ।[162] जसको कारण कैलाश पर्वतको महिमा र यसको स्वरूपबाट वास्तुकला नक्कल गर्न प्रेरणा पाउनु स्वाभाविक देखिन्छ । विद्वान् ई. वी. हावेलले पनि हिमालयबाट मन्दिर वास्तुकलाको उद्भव भएको मानेका छन् ।[163] वृत्त र बर्गलाई ब्रम्हाण्डको स्वरूप मान्ने हिन्दु परम्परामा हिन्दु वास्तुकलाविद्ले वर्गलाई रोजे भने, बौद्ध वास्तुकलाविद्ले वृत्तलाई रोजेका थिए, जसको कारण हिन्दु मन्दिरहरू वर्गाकार मण्डलमा बने भने, बौद्ध मन्दिरहरू वृत्ताकार मण्डलमा बन्नपुगे ।[164] पिप्रहवा र भट्टिप्रोलुका स्तूपमा प्राचीन परम्परा देख्न पाइन्छ, जहाँ यी स्तूपहरूको बीचबाट ईटानिर्मित स्तम्भ रहेका छन् ।[165] यी स्तम्भ वैदिककालीन काष्ठ स्तम्भ यष्ठीको निरन्तरता स्वरूप हुन् ।[166] यो वैदिककालीन प्रथा अनुसार मृतक श्मशानको बीचमा काष्ठस्तम्भ गाड्ने चलन थियौ ।[167] यसप्रकार वैदिक वेदिका पनि मन्दिर वास्तु आधारको उद्भव भएको स्पष्ट हुन्छ । यस्ता शैलीका वेदिका सहितका नमुना ईसाको शुरूतिर समेत प्राप्त भएका छन् ।

### ४.२.२.२ नेपालमा मन्दिर वास्तुकलाको विकासक्रम

नेपालमा मन्दिर वास्तुकलाको स्पष्ट इतिहास नभए पनि नेपालमा शासन गर्ने पहिलो राज वंश गोपाल वंशसँग सम्बन्ध राख्ने शैवपीठहरूमा पशुपति, गोपालेश्वर र व्याघ्रेश्वर आदि हुन भन्ने संकेत पाइएको छ ।[168] तर हालको स्वरूप भने तत्कालिन होइनन् भन्ने स्पष्ट नै छ । प्रमाणिक रूपमा इतिहास खोज्दा दक्षिण तराईमा नै पुग्नु पर्दछ । जहाँ सर्वप्राचीन मन्दिर वास्तुकलाको स्वरूपको विवरण प्राप्त रहेको छ । सम्राट अशोकद्वारा स्थापित लुम्बिनी स्थित स्तम्भमा यसको विवरण परेको छ । स्तम्भमा शिला विगड- भिचा भन्ने पदावली परेको छ । यो शब्दको अर्थ अनुसार पूजा- शिलाको लागि घेरिएको वा पूज्य वस्तुलाई शिलाले घेरिएको भन्ने हुन्छ ।[169] तर त्यस्तो भौतिक स्वरूप देख्न सकिँदैन । तर पनि यसले मन्दिर वास्तुकलाको इतिहासलाई शुरूवात भने गर्ने काम भएको छ । उपत्यकामा आउँदा प्राचीन स्वरूप यस्तै थियो

---

160 रोनाल्ड एम. बर्नियर, **द नेप्लिज प्यागोडा ,** ( रामनगर, न्यू दिल्ली : एस. चन्द एण्ड कम्पनी एल. यल.टि.डी., सन्, १९९७), पृ.११८ ।

161 **ऐजन** ।

162 **ऐजन** ,पृ.११९ ।।

163 **ऐजन** ।

164 ग्रोवर ,**पूर्ववत्** , (पादटिप्पणी सं.४४), पृ.१७५ ।

165 परमेश्वरीलाल गुप्त, **भारतीय वास्तुकला**, ( वाराणासी : विश्वविद्यालय प्रकाशन, सन् १९८९ ),पृ.२९ ।

166 **ऐजन** ।

167 **ऐजन** ।

168 खनाल, **पूर्ववत्** ,(पादटिप्पणी सं. ४), पृ.२७।

169 गुप्त, **पूर्ववत्** ,(पादटिप्पणी सं. ५४), पृ.७१ ।

भन्न सकिने अवस्था रहेको छैन तर पनि यसकालमा विकशित प्राप्त अन्य कलाको आधारमा केही अनुमान सम्म लगाउन सकिन्छ । प्राचीन नेपाली लिच्छविकालमा बनेका मूर्तिहरूको अध्ययनले यसबारे केही सङ्केत गर्ने देखिन्छ । त्यस्तै उत्तरमध्यकालीन मन्दिरका आधारमा पनि केही अनुमान गर्न सकिन्छ । यसको साथै प्राचीन मण्डप सँग तादात्म्य राख्ने केही मन्दिर वास्तुकलाका स्वरूपहरू उपत्यकामा प्राप्त भएका छन् (द्रष्टव्य चित्र सं.४४ र ४५)। सादा खालका यी मन्दिर कुनै पीठ सहित र कुनै पीठ विहीन अवस्थामा जमिनबाट चारवटा स्तम्भ राखेर त्यस माथि एउटै ढुङ्गाको चौकोण छपनीका छाना छन् । यी स्तम्भहरूमा अप्सरा, यक्षणी, का साथै विभिन्न देवताहरू समेत उत्कीर्ण गरिएका छन् । पीठ सहितको स्वरूप पशुपतिको प्राङ्गणमा रहेका छन, भने पीठ विहीन स्वरूप पशुपति क्षेत्रकै वाग्मती किनारमा ठूलो शिव लिङ्गको अगाडि रहेको छ । यिनमा प्रयोग भएका मूर्तिकलाको अध्ययनबाट यी मन्दिरहरू लिच्छविकालीन देखिन्छन् । यिनीहरूको विस्तृत खोजबाट नै निश्चित निचोड निकाल्न सकिने देखिन्छ । वंशावलीका अनुसार राजा मानदेव भन्दा नवौं पुस्ता अघिका राजा हरिदत्त वर्माले उपत्यकाका प्रसिद्ध चार नारायण बनाएको विवरण पाइन्छ ।[170] इस्वीको पाँचौ शताब्दीदेखि भने मन्दिर वास्तुकलाकावारे केही प्रमाणिक स्रोत देखा पर्न थालेको पाइन्छ । संवत् ३८८को राजा मानदेवकालीन अभिलेखमा नरवर्मा नामक व्यक्तिले राजाको आज्ञा लिएर मन्दिर बनाएको उल्लेख छ ।[171] तर यस मन्दिरको भौतिक स्वरूप हाम्रोसामु जीवित रहन सकेको छैन । राजा मानदेवद्वारा तिलगङ्गा र लाजिम्पाटमा स्थापित विष्णुविक्रान्त मूर्तिको पादपिठमा अंकित संवत् ३८९को अभिलेखमा स्पष्ट सँग 'लक्ष्मीवत्कारयित्वा भवनमीहं' भन्ने उल्लेख भएको छ । यस अनुसार मैले यहाँ लक्ष्मी जस्तै भवन बनाएँ भन्ने हुनाले विद्वान्हरूले यहाँ राजा मानदेवले आमाको पुण्य बढाउनको लागि लक्ष्मी जस्तै भवन अथवा मन्दिर बनाएको विश्वास गरेकाछन् ।[172] मूर्ति राखेर बनाएको हुनाले यो मन्दिर भएको स्पष्ट हुन्छ । संवत् ३९९ को अभिलेखमा रत्नसंघले रत्नेश्वर मन्दिर बनाएको विवरण प्राप्त छ[173] तर यिनीहरूको स्वरूप हाल देख्न सकिँदैन । यस्तै अंशुवर्माका संवत् ३० र ३२ का अभिलेखमा षष्ठीदेवकुल, हंसगृहदेवकुल, मानेश्वर, पर्वतेश्वर, कैलाशेश्वर, दोलाशिखरस्वामी आदिको वर्णन पाइन्छ ।[174] यी मध्ये केहीको स्वरूप हालसम्म पनि पारम्परिक निरन्तरतामा देख्न पाइन्छ भने कतिपय खोजीकै विषय बनेर रहेका छन् । अंशुवर्माकै समयको संवत् ३४ को पाटन सुनधारा अभिलेखमा माटिङ्ग्रामको मन्दिरका झ्यालढोका मुसा किरा, धमिरा आदिले खाएर जीर्ण भएकाले जीर्णोद्वार गरिएको विवरण परेको छ ।[175] यस्तैगरि पाटन नवहिलको अंशुवर्माको अभिलेखमा मीर्मेलीती स्थानको शंकरनारायण मन्दिरको जीर्णोद्वार गरि स्थानीय जनतालाई सुम्पेको उल्लेख पाइन्छ ।[176]लेले स्थित शिवदेव र अंशुवर्माको संवत् ५२६ को अभिलेखमा प्रदिप गोष्ठीको विवरण परेको छ ।[177] प्रदीप गोष्ठी लिच्छविकालीन दियो वाल्ने गोष्ठी भएको हुनाले यो दियो

---

170 वज्राचार्य, **पूर्ववत्** ,(पादटिप्पणी सं. २७), पृ.३१८ ।

171 **ऐजन**, पृ.३१ ।

172 **ऐजन** , पृ.३४-३५ ।

173 **ऐजन** , पृ.५० ।

174 **ऐजन**, पृ.३०१ र ३२० ।

175 **P]hg** ,पृ.३३९ ।

176 **ऐजन**, पृ.३४६ ।

177 वज्राचार्य, **पूर्ववत्** ,(पादटिप्पणी सं.२७ ), पृ.२८२ ।

वाल्ने विषयले मन्दिरको व्यवस्थालाई संकेत गरेको देखिन्छ । हाल राष्ट्रिय संग्रहालयमा रहेका कुमारसंभव मूर्ति फलकहरूलाई बनावटका आधारमा यी कुनै मन्दिर वास्तुका अंश भएको भारतीय विद्वान् नीलरत्न बनर्जीले मान्नुभएको छ ।[178] तर पनि हाम्रो सामु प्राचीन लिच्छविकालीन मन्दिर वास्तुकलाका स्वरूप जीवित अवस्थामा नरहेकाले यो खोजीकै विषय रहेको छ ।

११औं शताब्दीको शिवधर्मपुराणमा तले शैलीमन्दिरको चित्र प्राप्त भएको छ ।[179] पूर्वमध्यकालदेखिका भने केही मन्दिर वास्तुकलाका नमुना हाम्रो सामु जीवित रहेका छन् । यसकालमा निर्मित मन्दिरहरू सादा र प्रायः एकतहको पेटीमाथि बनेका पाइन्छन् । पाटन कुम्भेश्वर, पनौती इन्द्रेश्वर महादेवको मन्दिर एकतहको पेटीमाथि बनेका छन् । यसकालमा टुँडालहरू पनि सादा तर धार्मिक कथामा आधारित रहेका छन् । जस्तो पनौतीको ईन्द्रेश्वरमा रामायण र महाभारतमा आधारित भएर टुँडालमा मूर्तिकला उत्कीर्ण गरिएको छ । यस्तो विशेषता पशुपतिको मन्दिरमा पनि देख्न पाइन्छ । यसकालका सर्वप्राचीन नमुना पशुपति प्राङ्गणमा रहेको ब्रह्माको मन्दिर जसलाई दशौं देखि एघारौं शताब्दीको मानिएको छ ।[180]त्यस्तै, एघारौं देखि वाह्रौ शताब्दीको काष्ठमण्डप,[181] १३९२ ईस्वी तिर स्थापना भएको मानिने पाटनको कुम्भेश्वरमहादेव आदि उत्कृष्ट मन्दिर वास्तुकलाका नमुना हुन् ।

नेपालको इतिहासमा मध्यकाल राजनीतिक दृष्टिले कमजोर भएपनि कला वास्तुकलाको विकासको दृष्टिले उर्बर समय थियो । यस समयमा तीन ओटा मल्ल राज्यको कारण एकप्रकारले कलामा प्रतिस्पर्धा जस्तै चल्न थाल्यो । बज्रयान, तन्त्रयानको साथै उत्तर तिब्बत र दक्षिण भारतबाट आउने कलाकार, पण्डितका कारण पनि झन गहिरो प्रभाव पर्नुको साथै विभिधता थपिँदै जानथाल्यो । पारम्परिक रूपमा चलेको तले र शिखर शैलीमा वदलाव आउन थाल्यो । फलस्वरूप धेरै तहका पेटी, आलंकारिक टुँडाल, जसमा मैथुन कलाको समेत प्रयोग हुन पुगेको देखिन्छ । तन्त्रको प्रभावका कारण मैथुन कलाको प्रयोग भएको थियो । यसका साथै स्थानीय लोक आख्यानको पनि मन्दिर वास्तुकलामा प्रभाव परेको देखिन्छ । गजुरविहीन मन्दिर यस प्रभावका नमुना हुन् । मरूगणेश, पाटन बज्रयोगिनी यसका नमुना हुन् । यसका साथै यसकालमा मिश्रणशैलीमा समेत मन्दिर बन्न थालेका पाइन्छन् । बसन्तपुरस्थित शिवकाकेश्वरी मन्दिर यसशैलीको उदाहरण हो । यसकालको अन्त्यतिर मुगल तथा राजपूतकला पनि नेपालमा भित्रिन थालेको थियो । १५ औं शताब्दी तिरका पाटनको चारनारायण, मच्छिन्द्रनाथ,[182] १६३७ तिर निर्मित पाटनको कृष्ण मन्दिर र १६ औं शताब्दीको पाटन महावौद्ध[183] काठमाण्डौ जगन्नाथ देग, न्यातपोल भक्तपुर, काठमाडौ तलेजु यसकालमा निर्मित मन्दिर वास्तुकला बेलाबेलाको जीर्णोद्वार सहित जीवित उत्कृष्ट नमुना हुन् ।

178 **ऐजन** ,पृ.७३ ।

179 **ऐजन** ,पृ.८३ ।

180 एन.आर. वनर्जी, **नेप्लिज आर्किटेक्चर** , ( दिल्ली :अगमकला प्रकाशन ,सन् १९८० ),पृ.७३ ।

181 कर्न, **पूर्ववत्** ,(पादटिप्पणी सं. ४३) , पृ.९४ ।

182 **ऐजन** ,पृ.६७ ।

183 वनर्जी, **पूर्ववत्** ,(पादटिप्पणी सं.६९) , पृ.७४ ।

पृथ्वीनारायण शाहले उपत्यका विजय सँगै नेपालमा आधुनिक कालको थालनी भएको मानिन्छ । यसकालको शुरू तिरका मन्दिर वास्तुकलामा मल्लकालकै निरन्तरता पाइन्छन् भने पछिल्लो कालमा आउँदा नयाँ स्वरूप देखा पर्न थाल्दछन् । अझै राणाहरूको आगमन पछि त झन व्यापक नयाँपनको थालनी हुन थाल्छ । यसकालमा शैलीमा मात्र नभएर निर्माण सामग्रीमा समेत वदलाव आउनाले मन्दिर वास्तुकलामा निकै परिर्वतन आउन थाल्छन् । बज्र लेपनको र सुर्कीको स्थान सिमेन्टले लिन थाल्छ । राजपूत र मुगल शैलीको प्रभाव सँगै राणाहरूद्वारा यूरोपियन शैली र कलाकारको प्रयोग यसबेला हुन पुग्छ । जसको कारण सपाट भित्ता भएका, सिमेन्ट र पत्थरबाट निर्मित ठूला–ठूला स्तम्भको प्रयोग गरिनु, सेतो चुनाको प्रयोग गर्नु, मन्दिरमा आमलकको स्थानमा प्याज जस्तो गुम्बजको प्रयोग, सामान्य झ्यालको प्रयोग यस कालका विशेषता देखिन्छन् । यसको साथै तले शैलीमा समेत राजपूत शैलीको प्रभाव स्वरूप गुम्बज शैलीमा नै छानो बनाएको देखिन्छ । पृथ्वीनारायण शाहद्वारा निर्मित वसन्तपुर दरबारमा यस्तो स्वरूप देख्न पाइन्छ । वसन्तपुरदरबारस्थित चार बुर्जा, त्रिपुरेश्वरस्थित जगन्नाथ मन्दिर, देवपाटन स्थित कालमोचन मन्दिर, काठमाण्डौ रणमुक्तेश्वर, भीममुक्तेश्वर आदि यसकालका उत्कृष्ट नमुना हुन् ।

### ४.२.२.२.१ तले शैली (नेपाली शैली)

तलैतला, भिराला छाना भएको तलबाट क्रमशः माथितिर साँघुँरिदै चुलिँदै गएका अनेकन आधार पेटीमाथि निर्मित ईश्वरीय वास्तुलाई तले शैली वा नेपाली शैली भनेर चिनिन्छ । यसलाई विदेशीहरूले प्यागोडा पनि भन्ने गर्दछन् । यो प्यागोडा शब्द डोगोबा शब्दबाट व्यूत्पन्न भएको मत पाइन्छ ।[184] श्रीलङ्कामा वौद्ध स्तूपलाई डोगोबा भनेर सम्बोधन गरिन्छ ।[185] यो शब्द धातुगर्भबाट उद्‌भब भएको मानिन्छ ।[186] वर्मामा भने प्यागोडा नै भन्ने गरिन्छ ।[187] कालक्रमिक रूपमा यसको प्रयोग तला भएका वास्तुकलामा प्रयोग हुन थालेको देखिन्छ । देवल पनि भनिने तल्ले शैलीमा प्रयोग गरिने यो प्यागोडा शब्द यूरोपियनहरूको अल्पज्ञानका कारण नेपाली शैलीमा पनि प्रयोग भएको भन्ने उल्फगन कर्नको भनाई रहेको छ ।[188] तले शैलीको यो अद्‌भुत वास्तुशैलीको उद्‌भवका बारे विभिन्न मतहरू पाइन्छन् । प्यागोडा मुख्य गरेर स्तूपाको हर्मिका र छत्रयस्ठीबाट विकास भएको विद्वान् जेम्स फर्गुसनको भनाई रहेको छ ।[189] कतिपय विद्वान्हरू यसलाई भारत र कतिपयले चीनमा विकास भएको ठान्दछन् । केरलाका नायर र उपत्यकाका नेवारलाई सम्बन्धित देखाउँदै पर्सिब्राउन नामक विद्वान्ले यो शैली भारतमा उद्‌भव भएको मान्दछन् ।[190] त्यस्तै, मलावार, उत्तर प्रदेश, पञ्जाब, हिमाञ्चल प्रदेशमा प्राप्त वास्तुशैली सँग पनि तुलना गरिएको पाइन्छ । मलावारका देवालय तल्ले शैलीका मन्दिर भन्दा पनि बढि नर्वेयाली चर्चसँग निकट देखिन्छन् ।[191] यस्तै, उत्तर प्रदेश हिमाञ्चल प्रदेश र पञ्जाबमा विकशित शैली

---

[184] वनर्जी **पूर्ववत्** , (पादटिप्पणी सं.६९), पृ.७२ ।
[185] **ऐजन** ।
[186] **ऐजन** ।
[187] **ऐजन** ।
[188] कर्न, **पूर्ववत्** ,(पादटिप्पणी सं.४३) , पृ.६६ ।
[189] वर्नियर, **पूर्ववत्** ,(पादटिप्पणी सं. ४९) , पृ.१८८ ।
[190] jgर्जी, **पूर्ववत्** , (पादटिप्पणी सं. ६९) , पृ.९१ ।
[191] वर्नियर, **पूर्ववत्** ,(पादटिप्पणी सं. ४९) , पृ.१८७ ।

शिखर-प्यागोडाका रूपमा चिनिन्छन् ।[192] तर कुलु उपत्यकामा प्रचलित शैलीलाई नेपालबाट लिइएको मानिन्छ ।[193] चीनिया र जापानी शैलीमा भने वास्तुको केन्द्रबाट एक स्तम्भ खडा गरी यसकै जगमा प्यागोडा निर्माण गरिएको हुन्छ ।[194] यो नेपाली शैली भन्दा नितान्त फरक शैली रहेको देखिन्छ । तै पनि यो शैलीको स्तम्भ हिन्दुहरूको छत्रयस्ठीबाट नक्कल गरिएको भन्ने बर्नियरको मत रहेको छ ।[195] यसका साथै सातौं शताब्दीमा नेपाल आउने चीनिया राजदुतले तल्ले शैलीको कैलाशकूट दरबारको प्रसंसा गर्दै यस्तो शैली यसभन्दा पहिले नदेखेको[196] उल्लेख गरेको हुनाले यसको उद्भब नेपालमा नै भएको स्पष्ट हुन थप बल पुग्ने देखिन्छ ।

कुनै पनि वास्तुकला विकास हनुमा धार्मिक दर्शनका अतिरिक्त भूगोलको पनि मुख्य भूमिका रहेको हुन्छ । नेपाल एक हिमाली देश हुनुका साथै वैदिक दर्शनको पनि पकड क्षेत्र हो । यसकारण सम्पूर्ण प्राकृतिक वस्तुहरूमा देवत्त्व देख्नु स्वाभाविक छ । जसलाई कलाकारले कलामा उतार्ने प्रेरणा प्राप्त गरेको पाइन्छ । भूगोल अनुसार बच्नको लागि भूगोल सुहाउँदो वास्तुको विकास अनिवार्य थियो । यो आवश्यकतालाई वास्तुविद्ले केवल आफ्ना लागि मात्र नभएर धार्मिक दर्शनको मिश्रण गरी देवताको वास पनि निर्माण गरे । काठमाडौ उपत्यकाबाट हिमाल नजिक पर्ने र बेलाबेलामा हिउँ पर्ने कारण हिउँबाट बाँच्नका लागि त्यस्तै खालको बनावटको बासको आवश्यकता थियो । यसका साथै हिमाली भेगमा यस्तो हिउँबाट बच्नका लागि धुपी, सल्ला, आदि जस्ता कोणधारी बुट्यानहरू हुन्थे । यी रूखहरू जस्तै हिउँ पर्दा पनि आफूलाई सुरक्षित राख्न सकेको नेपाली कलाकारले नजिकबाट देखिराखेका थिए । जसलाई नेपाली कलाकारले वास्तुकला निर्माणको प्रेरणाको रूपमा देख्न थाले । यसैको फलस्वरूप तल्ले शैलीको उद्भव भएको भन्ने धारणा बनेको पाइन्छ । यो शैली मानिस आफ्ना लागि पनि भनेर बनाएको हुनाले मानिस बस्ने घरहरूमा प्रयोग गरिएको पाइन्छ । पछि यसमा नेपाली कलाकारहरूले धार्मिक दर्शनको मिश्रण गरी तले शैलीको मन्दिर बनाएको देखिन्छ ।

अनेकन तह माथि यस्ता तल्ले शैलीका मन्दिरहरू निर्मित हुन्छन् । नेपालमा १२ वटा सम्म आधारपेटीहरू पाइएका छन् । काठमाण्डौको तलेजु मन्दिरमा यस्ता आधार पेटिहरू रहेका छन् । अन्तिम आधारमा गर्भगृह बनाएर मन्दिर बनाइएको हुन्छ । यस्ता आधारहरू नेपालमा आयातकार, चतुष्कोणाकार, अष्टकोणाकार, बृत्ताकार पाइएका छन् । यस्ता आधारहरूको निर्माण हुनुमा आफ्नै धार्मिक दार्शनिक महत्व रहेको हुन्छ, भने वास्तु संरचनामा पनि केही भिन्नता पाइन्छन् । आयातकार आधार हुने मन्दिरका आधार पेटिहरू धेरै तहका भएको देखिएको छैन । यस्ता मन्दिरमा कुनै जमिनबाटै जग स्थापना गरिएको हुन्छ भने, कुनैमा एक तहको पेटी निर्माण गरी जग स्थापना गरिएका हुन्छन् । यस्ता मन्दिरहरू प्रायः महांकाल र भैरबका लागि बनाइएका हुन्छन् ।[197] यी मन्दिरमा धेरै ढोकाहरूको पनि अभाव रहेको हुन्छ । मुख्य देवतालाई पहिलो आधारमा नै स्थापना गरिएको हुन्छ । अष्टकोणाकार मन्दिरहरू निकै कम मात्रामा प्राप्त भएका

---

[192] वर्नियर , **पूर्ववत्** , (पादटिप्पणी सं. ४९ ), पृ.१८७ ।

[193] **ऐजन** , पृ.१९५ ।

[194] **ऐजन** ,पृ.१८४ ।

[195] **ऐजन**, पृ. १८४ ।

[196] बनर्जी ,**पूर्ववत्** , (पादटिप्पणी सं.६९) , पृ.८८ ।

[197] बर्नियर,**पूर्ववत्** ,(पादटिप्पणी सं. ४९) ,पृ.१४४ ।

छन् । यस्ता मन्दिरलाई नेवारी भाषामा च्यासिंदेग भनिन्छ । यी मन्दिरहरू मुख्य गरेर भगवान् श्रीकृष्ण सँग सम्बन्धित हुन्छन् ।[198] काठमाडौ वसन्तपुरमा रहेको कृष्ण मन्दिर यसको उदाहरण हो । यस्ता मन्दिरहरूमा एउटै मात्र ढोका रहेको हुन्छ । आधारको तलामा झ्यालको पनि अभाव रहेको हुन्छ । यसका साथै ढोकामा छुट्टै तोरण पनि हुँदैनन् । काष्ठकलामा केहि अलग्गै प्रकारको कलाकारिता रहेको हुन्छ । कतै सादा पन पनि हुनु यसको अर्को विशेषता हो । टुँडालहरू पनि सादा रहेका हुन्छन् । आधारमा नै स्तम्भाबलीद्वारा प्रदक्षिणा पथ बनाइएको पाइन्छ । दोस्रो तलामा पुगे पछि झ्यालहरूको प्रयोग गरिएको हुन्छ । यस्ता मन्दिर काष्ठकलाको दृष्टिले कम आलंकारिक पाइएका छन् ।

गोलाकार आधार भएका मन्दिरहरु नेपालमा केही उदाहरण मात्र पाइएका छन् । हनुमानढोका नासलचोकमा रहेको पञ्चमुखी हनुमानको मन्दिर यसको उदाहरण हो । यसको आधार गोलाकार योजनामा निर्माण भएको छ । गोलाकार छानोले गर्दा यो शैलीको मन्दिर निकै सुन्दर देखिन्छ । यो मन्दिर पाँचतले बनेको छ ।

नेपालमा प्राप्त तलेशैलीका मन्दिरमा अत्यधिक प्रयोग भएको आधार भनेको चतुष्कोणाकार वा वर्गाकार नै हो । एक देखि अनेकन तहका यस्ता आधारहरू नेपालमा पाइएका छन् । यस्ता यिनै पेटीको अनुपातमा मन्दिरहरूमा अनेकन तलाहरू पनि बनाइएका हुन्छन् । यस योजनामा निर्मित मन्दिरहरू मण्डप र मन्दिर गरी दुई प्रकारमा पाइएका छन् ।

मण्डप भन्नाले मन्दिरको आधारमा प्रायः तीनतर्फ पर्खाल लगाएर गर्भगृह खुल्ला गरिएको हुन्छ । यस्ता मन्दिरहरू प्रायः गणेशका पाइएका छन् । काठमाडौंको मरूगणेश यसको उदाहरण हो । मन्दिर अन्तर्गत चारै तर्फ पर्खाल लगाएर मण्डप वा गर्भगृहलाई वरिपरिबाट घेरिएको हुन्छ । यस्ता मन्दिरमा गर्भगृहको देवताको दर्शन अनुसार ढोका बनाइएको हुन्छ । चतुर्मुख शिवलिङ्ग स्थापना गरिएको मन्दिरको चारैदिशामा ढोका बनाइएका हुन्छन् । मन्दिरमा लिङ्गलाई मुख्य रूपमा पूज्ने परम्पराको सुरूवात भारतमा गुप्तकालमा भएको थियो ।[199] गुप्त मन्दिरहरू मुख्यरूपमा लिङ्ग दर्शन सिद्धान्तमा आधारित भएर निर्माण हुन्थे ।[200] अन्य देवताको अवस्थामा भने एकै तर्फ मात्र ढोका राख्ने परम्परा पाइन्छ । यी मन्दिरहरूमा प्रदक्षिणपथ कुनै कुनैमा दोहोरो पर्खाल लगाएर बनाएको हुन्छ भने, कुनैमा बाहिरबाट स्तम्भावलीद्वारा निर्माण गर्ने गरेको देखिन्छ । जस्तै पाटन कुम्भेश्वरको मन्दिरमा दोहोरो पर्खाल लगाएर प्रदक्षिणापथ बनाइएको छ । मन्दिरमा तला बनाउनुमा पनि धार्मिक तथा दार्शनिक महत्व रहेको हुन्छ । देवताहरूको प्रतीक स्वरूप यस्ता तलाहरू बनाउने परम्परा पाइन्छ । यस्ता आधार माथि निर्मित मन्दिरको कुनै कुनैमा दोस्रो तलामा गर्भगृह बनाइएको हुन्छ । दोस्रो तलामा गर्भगृह राख्ने परम्परा मुख्य गरेर भीमसेनका मन्दिरमा पाइन्छन् । यस्ता तले मन्दिरहरू मिश्रित रूपमा पनि प्राप्त भएका छन् । शिखर र तले स्वरूप मिश्रित स्वरूपहरूलाई मिश्रित शैली भनिएको पाइन्छ । हनुमान ढोका स्थित शिवकाकेश्वरी मन्दिर यसको नमुना हो ।

---

[198] वर्नियर, **पूर्ववत्** ,(पादटिप्पणी सं.४९), पृ.१४८ ।

[199] एफ. सि.हार्ले, **द आर्ट यण्ड आर्किटेक्चर अफ इन्डियन सव कन्टिनेन्ट** , (पेनगुईन बुक्स् सन् १९८६ )
पृ. ८८ ।

[200] **ऐजन** ।

ढुङ्गा, माटो, काठ र ईटाको संयोजनबाट बन्ने यस शैलीका मन्दिरहरूमा मूख्यतः ईंटा र काठको उपयोग गरेको पाइन्छ । यी मन्दिरमा काठको प्रयोगका कारण यसमा प्रयोग भएका ईंटा केवल खाली ठाउँ भर्नका लागि प्रयोग गरिएको भान हुन्छ । मन्दिरमा द्वारको दायाँ वायाँ भुटा ढोकाहरू पनि बनाइएका हुन्छन् भने यस्ता ढोकाहरू मन्दिरको देवताको दर्शन अनुसार उग्ररूप, शान्तरूप जनाउने गरी निर्माण गरिएको हुन्छ । जस्तै देवी र शिवको उग्र रूपको मन्दिरको ढोकामा नरमुण्डमाला, सिक्री जस्तो आकृति आदि बनाउने गरिन्छ । मन्दिर भौतिक रूपबाट हेर्दा एउटा ठोस बस्तुमात्र देखिए पनि यसको दार्शनिक दृष्टिका कारण विभिन्न माङ्गलिक बस्तुको पनि प्रयोग गरी सजिब बनाइएको हुन्छ । द्वारमा अमृतपुष्प, अष्टमङ्गल आदि माङ्गलिक चिन्हहरू चित्रित गरिएका हुन्छन् । यसका साथै पँखेटा जस्तो भाग निकालेर बनाएको द्वारपक्षमा मकर, गङ्गा, यमुना, नागकन्यालाई मानविकृत गरिएको हुन्छ । यसरी गङ्गा र यमुनालाई मानवीकृत गर्ने काम पहिलोपल्ट भारतमा गुप्तकालमा भएको थियो ।[201] द्वारपक्षको दायाँ वायाँ तल सानो भाग निस्केको हुन्छ ,जहाँ द्वारपालेहरूलाई स्थापना गरिएको हुन्छ । पर्खालको मध्य भागमा नागबली बनाईको हुन्छ , जसलाई जनी भन्ने गरिन्छ । विशाल नाग अनन्तले यो पृथ्वीको संरक्षण गरेको हुन्छ भन्ने धार्मिक दर्शनमा आधारित रहेर यो जनी बनाइएको हुन्छ ।[202] धार्मिक महत्व बाहेक यसको वैज्ञानिक महत्व समेत रहेको हुन्छ । यसले भूकम्प प्रतिरोधात्मक कार्य गर्छ भन्ने हालैका वैज्ञानिक खोजले पत्तालगाएको छ । जनी भन्दा तल भित्तामा साना खोपाहरू मन्दिर आकारमा बनाइएको हुन्छ । यी खोपाहरूमा मन्दिरसँग सम्बन्धित देवताहरूलाई नै स्थापना गरिएको हुन्छ ।

मन्दिरको ढोकामाथि अर्धबृत्ताकार तोरण रहेको हुन्छ । यो तोरण ढोकाको लागि कलात्मक मुकुट हो भने मन्दिरका लागि परिचायक । मन्दिरको गर्भगृहमा रहने देवतालाई तोरणको केन्द्रमा स्थापना गरिएको हुन्छ, जसको सहयोगले यो कुन देवताको मन्दिर हो भन्ने कुरा थाहा पाउन सकिन्छ । यसमा मुख्य देवताको साथै सहायक देवीदेवता, मकर, अप्सराहरू छेपु, गरूड, नाग आदि चित्रित गरिएको हुन्छ । यी तोरणहरू कुनै एउटै काठबाट बनेका हुन्छन् भने कुनै काठहरू जोडेर बनाइएका हुन्छन् । यी तोरणहरू प्राचीन भारतीय वैदिक वास्तुकलाका नगरद्वार र घरका द्वारहरूबाट उद्भव भएर नेपाली कलाकारले नेपालीकरण गरेको भन्ने विद्वान् रोनाल्ड एम. बर्नियरको भनाई रहेको छ ।[203] तोरणलाई उनले सांकेतिक झ्याल समेत भनेका छन् ।[204]

मन्दिरको छानो अडाउन ४५ डिग्रीको कोणमा टुँडालहरूको प्रयोग गरिएको हुन्छ ।[205] यी टुँडालहरूको मुख्य प्रयोजन भनेको छानो अडाउने हो तर यसको काम मन्दिरलाई कलापूर्ण बनाउनु पनि देखिएको छ । यी टुँडालहरू मध्ये चार सुरमा रहेका टुँडालहरू विशेष हुन्छन् । जसलाई कुशल भनिन्छ । यिनीहरूले अन्य टुँडालको तुलनामा अलग्गै वैज्ञानिक तथा धार्मिक महत्व बोकेका हुन्छन् । यी टुँडालहरूमा तीनतहको कला पाताल, पृथ्वी र आकाशको प्रतीकका रूपमा निर्माण गरिएका हुन्छन् । आधारदेखि माथिल्ला तलाहरूमा अनेक काष्ठकला रहेका हुन्छन् ।

---

201 उपाध्याय, **पूर्ववत्** , (पादटिप्पणी सं. १), पृ.५१ ।
202 वर्नियर, **पूर्ववत्** , (पादटिप्पणी सं.४९) , पृ.१२८ ।
203 **ऐजन**, पृ.५० ।
204 **ऐजन** ।
205 मिचाइल हट , **नेपाल,** (साम्वला बोस्टन : सन् १९९५ ), पृ.५२ ।

अनेकन झ्यालहरू पनि प्रयोग गरिएका हुन्छन् । अनेकन काष्ठकलाको निर्माण सँगै अन्त्यमा गजुरमा पुगेर मन्दिरको वास्तु स्वरूपको निर्माण सम्पन्न हुन्छ । गजुरलाई परमात्मा सँगको साक्षात्कारका रूपमा सुन्यको प्रतिक स्वरूप स्थापना गरिएको मानिन्छ । गजुर सँगै छत्र र ध्वजा पनि रहेको पाइन्छ । यसका साथै मन्दिरमा हावाचल्दा बज्ने टिनटिन घण्टी, गजुर देखि पहिलो छाना सम्म पुगेको धातुको पताका, मन्दिरको अगाडि बहान, ध्वजास्तम्भ, पाटिपौवा, ढुङ्गेधारा आदि तल्ले शैली मन्दिरमा हुने विशेषता हुन् । यी सम्पूर्ण आफ्नोपनपूर्ण विशेषताका आधारमा यो विशुद्ध नेपाली शैली बन्न पुगेको स्पष्ट हुन्छ ।

### ४.२.२.२.२ **शिखर शैली**

हिमालयदेखि विन्ध्याचल पर्वत, कन्याकुमारीदेखि कृष्ण लगायतका विशाल भू-भागमा पाइने भारत मूलभूमि भएको चुलिंदै, अग्लिदै गएको हिमाल जस्तो देखिने देव वास्तुकला शैलीलाई शिखर शैलीको मन्दिर भनिन्छ । तले शैली देवालय वाहेक मानव वसोबासका लागि पनि निर्माण गरिन्छ तर यो नितान्त ईश्वर समर्पित शैली हो । वैदिक आर्य यज्ञप्रधान समाज भएकाले यज्ञशालाबाट निस्केको अग्नि घुँवालाई व्यवस्थित गर्न यज्ञशाला वा मण्डपलाई व्यवस्थितगर्दै चिम्नीको रूपमा शिखर चुच्चो बन्दै जाँदा शिखरको विकास भएको मानिन्छ ।[206]भारतमा गुप्तकाललाई स्वर्णिमकालका रूपमा चिनिन्छ । यसकालमा कला वास्तुकलामा भएको विकासले नयाँ मोड ल्याइदिएको थियो । यसै कालमा शिखर शैलीको पनि विकास हुनुको साथै प्रसार समेत भएको मानिन्छ ।[207]

मेकडोनेलले यसको उद्भव स्तूपबाट भएको मान्छन् भने फर्गुसनले यो कुनै अनार्यको पूजास्थलको अनुकरण हो भनेका छन् ।[208] सम्पूर्ण भारतीय कला प्राचीन वैदिक आर्यका वास्तुकलाबाट विकास भएको मान्ने विद्वान् सतीस ग्रोवरले पारम्परिक रथबाट शिखरको विकास भएको मान्छन् ।[209] सिम्पनका अनुसार दक्षिण भारतका टोडा जनताका शिखर वा कलशयुक्त झुपडीबाट नै शिखरको अनुकरण गरिएको हो भन्छन् ।[210] यस शैलीको उद्भवको बारेमा अन्य मतहरू पनि पाइन्छन् । यो मध्य एशियाका शिखरयुक्त भवनको प्रतिरूप हो भनिएको छ, यदि यो सत्य भए शिखर शैलीको विकास इसापूर्व १८औं शताब्दीमा भैसकेको हुनुपर्छ भन्ने गुप्तको मत रहेको छ ।[211] रामप्रसाद चन्दका अनुसार शिखरको विकास भरहुतको उच्चीत्रमा अंकित तोरणाकार कूटागारबाट भएको हो ।[212] यस्तै, विद्वान् डिजीका अनुसार शिखर पुनर्जन्मको दार्शनिक सिद्धान्तको संकेतिक चिन्ह हो ।[213] जसरी प्राणीको मृत्यु पछि ब्रम्हमा मिलन हुन्छ त्यस्तै

---

206 गुप्त, **पूर्ववत्** , (पादटिप्पणी सं. ५४), पृ.९७ ।
207 **ऐजन**, पृ.९६ ।
208 **ऐजन** ।
209 ग्रोबर, **पूर्ववत्** , (पादटिप्पणी सं. ४४) , पृ.९० ।
210 गुप्त, **पूर्ववत्** ,(पादटिप्पणी सं. ५४), पृ.९८ ।
211 **ऐजन** ।
212 **ऐजन** ।
213 **ऐजन** ।

शिखर पनि बनेको हुन्छ ।[214] पिरामिड आकारको बाँसको वास्तु पनि शिखर शैलीको मन्दिर उद्भवको स्रोत हुन सक्ने विद्वान्हरूले औंल्याएका छन् । चारवटा बाँसलाई वर्गाकार गाडेर माथि लगी एक आपसमा जोडेर यसको माथि आमलक स्वरूप पत्थर राखेर चिम्नीको प्वाललाई पानीबाट बचाउने गरी बाँसको बिचको भाग गर्भगृह बनेको हुन्छ ।[215]

यस मतका विपरीत हिन्दु विचारमा मन्दिर वास्तु शिखर मेरू, मन्दर, कैलाश, त्रिकूट आदि पर्वतबाट लिइएको मानिन्छ ।[216] यी पर्वतहरूलाई देवताको मूख्य बासस्थानको रूपमा पवित्र मानिन्छ । मन्दिरको बाहिर अयर, युग्म, यक्ष, गन्दर्भ आदिको मूर्ति स्थापना गर्नु पनि यसैको पर्वतीय अनुकरण हो । [217] शुक्रनीतिसारमा मन्दिरको विस्तृत विवरण पाइन्छ ।[218] यसमा मन्दिर १६ देखि ११० खण्डमा बन्थे साथै उँचाई ६८ देखि ५०० मिटर सम्म हुने बताइएको छ ।[219] दक्षिण भारतका साहित्यहरूमा धेरैजसो मन्दिरलाई जनाउन विमान र हर्म्य शब्दको प्रयोग पाइन्छ ।[220] हर्म्यलाई दक्षिण भारतका विमान समान बास्तुमान्दै यसको माथि शिखर रहेको स्वीकार गरिएको छ ।[221] मन्दिरका लागि विमान शब्दको पनि प्रयोग गरिएको पाइन्छ, जुन शब्द आर्य बीरका यज्ञलाई संकेत गर्ने विद्वान्हरूको मत पाइन्छ ।[222] यसै दर्शनको प्रतीक स्वरूप विमानको दुवैतिर चक्रको प्रयोग गरिएको हुन्छ । [223] रामायण तथा दक्षिण भारतीय ग्रन्थहरूमा पनि विमान शब्दको उल्लेख पाइन्छ ।[224] रामायणमा विमानलाई रथ र सात तले घरको रूपमा मानिएको हुनाले दक्षिण भारतमा रहेका रथ आकारका मन्दिर वास्तुकला सँग मेलहुने देखिएको छ ।[225] प्राचीन शिल्पशास्त्रमा शिखर शैली मन्दिरका नागर, बेसार र द्रबिड नामक ३ भेद उल्लेख पाइन्छ ।[226] नागर शैली उत्तर भारतमा प्रचलीत शैली हो ।[227] यी मन्दिरहरू चतुष्कोणाकार जगतीमा निर्मित हुन्छन् । यिनमा गर्भगृहको मुख्य मण्डप अगाडि अनेकन मण्डपहरू बनेका हुन्छन् । मूख्य मण्डपको शिखर अन्य भन्दा अग्लो बनेको हुन्छ । मुख्य शिखर सँग अन्य साना शिखरहरू जोडिएर

---

214 **ऐजन** ।

215 ग्रोबर,**पूर्ववत्** , (पादटिप्पणी सं.४४), पृ.९ ।

216 गुप्त,**पूर्ववत्** , (पादटिप्पणी सं.५४), पृ.९८ ।

217 **ऐजन** , पृ.९८ ।

218 **ऐजन**, पृ.९९ ।

219 **ऐजन** ।

220 डिल्लीराज शर्मा, **पश्चिम नेपालको मूर्ति तथा वास्तुकला** , ( काठमाण्डौं : नेपाल राजकिय प्रज्ञाप्रतिष्ठान,वि.सं.२०५८),पृ.७८ ।

221 **ऐजन** ।

222 गुप्त, **पूर्ववत्** ,(पादटिप्पणी सं.५४) , पृ.९७ ।

223 **ऐजन** ।

224 शर्मा, **पूर्ववत्** ,(पादटिप्पणी सं.१०९), पृ.७८ ।

225 **ऐजन** , पृ.७८ ।

226 गुप्त, **पूर्ववत्** ,(पादटिप्पणी सं.५४) , पृ.९९ ।

227 शर्मा, **पूर्ववत्** ,(पादटिप्पणी सं. १०९), पृ.७९ ।

चुलिँदै गएर चक्राकार आमलक माथि गजुर र छत्र निर्माण गरिएको हुन्छ । यस शैलीको प्रमुख विशेषता नै आमलकको प्रयोग हुनु हो ।[228]

यस्तै द्रविड शैली दक्षिण भारतमा विकशित र प्रसारित शैली हो । उत्तर भारतका शिखर मन्दिरमा प्रयोग गरिने आमलकको स्थानमा यस शैलीका मन्दिरमा गुम्बज आकारको छानो बनाइएको हुन्छ । यस्ता मन्दिरहरू विभिन्न आधारमा बनेका हुन्छन् । मन्दिरमा गोपुरम् हुनु पनि यस शैलीको अर्को विशेषता हो ।[229] भने बेशार शैली यी दुबै शैलीको मिश्रित रूपको रूपमा चिनिन्छ ।

वास्तुपुरूष मण्डलको आधारमा निर्माण हुने मन्दिर मानवीकृत गरिएको हुन्छ । यसको फलस्वरूप मन्दिरको भौतिक स्वरूपलाई मानव शरीरका पाउदेखि शिरसम्मका अङ्ग सँग तुलना गरी त्यसै अनुरूप नामकरण गरिएको हुन्छ । मानवको पाउलाई जनाउने पादले मन्दिरको जगलाई बुझाउँछ ।[230] यसै गरी क्रमशः शरीर सँग मेल गराएर वेदिका जुन गर्भगृह र जगमोहनको वर्गाकार घन हुन्छ ।[231] त्यस्तै, शरीरको भागलाई वरण्डा भनिन्छ ।[232] यसभन्दा माथि गण्ड जुन मानिसको गला सँग सम्बन्धित रहेको छ र अन्त्यमा मस्तक भाग रहेको हुन्छ ।[233] मस्तक पनि अनेकन भागहरू कण्ठ, आमलक, खण्डी र कलशमा बाँडिएको हुन्छ ।[234] यसप्रकार शिखर शैली मन्दिर वास्तुकलाको हिन्दु समाजमा प्रचलन स्थापित भएको स्पष्ट हुन्छ । जसरी एउटा भौतिक शरीरमा आत्मा रहेको हुन्छ त्यस्तै, मन्दिरमा आत्माको प्रतिकका रूपमा भित्र गर्भ गृहमा स्थापना गरिएको देव प्रतिमा हो भन्ने हिन्दु समाजमा विश्वास रहिआएको छ । भारतमा यो शैलीमा गर्भगृहको मण्डपसँगै अगाडि जगमोहन, नटमन्दिर र भोग मन्दिर जोडिएका हुन्छन् ।[235] यी मण्डपहरू मन्दिर सँग सम्बन्धित क्रियाकलाप गर्न भक्तहरूका लागि बनाइएका हुन्छन् । यसका साथै भारतमा मन्दिरलाई जनाउन प्रासाद शब्दको पनि प्रयोग पाइन्छ ।[236] प्रासाद शब्दले दरवारलाई जनाउनुका साथै दरवारभित्र पनि मन्दिर बनाउने हुनाले मन्दिरलाई पनि प्रासाद भनिएको बुझिन्छ । यसै प्रासाद शब्दसँग सम्बन्धित भूमिप्रासाद वास्तुबाट नै तले शिखरको विकास भएको मानिन्छ ।[237]

शिखरहरू त्रिरथ, पञ्चरथ, र सप्तरथको योजनामा निर्माण गरिएका हुन्छन् । मन्दिरको बाहिरी भागलाई विभिन्न देवदेवी, विद्याधर, अष्टदिक्पाल आदिलाई मानवीकृत गरी स्थापना

---

[228] **ऐजन**, पृ.१३५ ।
[229] **ऐजन**, पृ.७९ ।
[230] गुप्त, **पूर्ववत्** ,(पादटिप्पणी सं. ५४) , पृ.१०६ ।
[231] **ऐजन** ।
[232] **ऐजन** ।
[233] **ऐजन** ।
[234] **ऐजन** ।
[235] हार्ले, **पूर्ववत्** ,(पादटिप्पणी सं. ८८), पृ.२४८ ।
[236] **ऐजन**, पृ.२४५ ।
[237] **ऐजन** ।

गरिएको हुन्छ ।[238] यसमा ढोकामाथि तले शैलीको जस्तो अर्धबृत्ताकार तोरणको अभाव रहेको हुन्छ । तर पनि मूख्य देवतालाई जनाउन ढोकामाथि लिन्टलमा मूर्ति स्थापना गरिएको हुन्छ । यस्ता शिखर मन्दिरहरूमा पूजाको लागि भनेर भारतमा जगमोहन नामक मण्डप नै निर्माण गरिएको हुन्छ तर नेपालमा भने यस्ता मण्डपको अभाव रहेको छ । प्रदक्षिणाको लागि जगतिको नै आधार लिनुपर्ने नेपालको अवस्था रहेको छ । तर कुनै मन्दिरमा भने स्तम्भावलीद्वारा प्रदक्षिणा पथको निर्माण गरिएको हुन्छ । यस्तो स्वरूप पाटन कृष्ण मन्दिरमा देख्न पाइन्छ । शिखरको स्थानमा गुम्बजको पनि प्रयोग भएका मन्दिरहरू प्राप्त भएका छन् । यस्तो गुम्बज राख्ने परम्परा उत्तरमल्लकालमा देखा परेको थियो ।[239] तर यसको व्यापक प्रयोग चाहिँ राणाकालमा भएको थियो ।[240] विशेष गरेर यो शैलीमा ढसरो (*Squat square)* वर्गमा प्याज आकारको गुम्बज रहेको हुन्छ ।[241]

सामान्यतः तहतहका पेटीमाथि मन्दिर निर्माण गर्नु, मन्दिर अगाडि एउटा मात्रै मण्डपको निर्माण गर्नु, प्रदक्षिणा पथ कुनैमा स्तम्भावलीद्वारा र कतै सादा निर्माण गर्नु, गर्भगृह पनि कतै दोस्रो तलामा पाइन्छन् भने धेरैजसो आधारमा नै गर्भगृह बनाउने गर्नु, तलाहरू धेरै निर्माण नगर्नु, चक्राकार आमलकको साथै गुम्बजको प्रयोग गर्नु, गजुर र छत्रको प्रयोग गर्नुका साथै मन्दिरको मूख्य प्रवेशद्वारमा वहान, ध्वजास्तम्भ स्थापना गर्नु यस शैलीको मन्दिरमा हुने विशेषता हुन् ।

यस शैलीको मन्दिर भारतमा ईसाको पाँचौ शताब्दीको मध्य भारतको झाँसी नजिक देवग्रह सर्वप्राचीन नमुना हो ।[242] नेपालमा भने यो शैलीको मन्दिरको प्राचीनताको लागि संवत् ३८९ को राजा मानदेवद्वारा स्थापित पशुपति तिलगङ्गा र लाजिमपटका विष्णुविक्रान्त मूर्तिको पादपीठमा अंकित लक्ष्मीवतकारयित्वा भवनमिह [243]भन्ने पदावलीलाई लिनु पर्दछ । यस अनुसार यहाँ कमलको फुलजस्तो भवन बनाएको विवरण परेको हुनाले यो शिखर शैलीको मन्दिर हुने देखिएको विद्वान्हरूको मत रहेको छ ।[244] यस्तै पाँचौ शताब्दीको मानिने हाल राष्ट्रिय संग्रहालयमा रहेका कुमार सम्भवका मूर्तिफलकलाई विद्वान् एन. आर. बनर्जीले यी कुनै शिखर शैलीको मन्दिरमा प्रयोग गरिने फलक भएको मानेका छन् ।[245] यस्तैगरि कपिलवस्तुको कुदानबाट सप्तरथ र त्रिरथ योजनामा निर्मित ईसाको सातौं शताब्दीका शिखर शैली मन्दिरका भग्न स्वरूप प्राप्त भएका छन् ।[246] यस बाहेक हामी सँग प्राचीन शिखर शैलीका मन्दिर हामी सँग जिवित रहन सकेका छैनन् । पूर्वमध्यकालमा आउँदा ईसाको १० देखि ११औं शताब्दीको हालसम्मकै सर्वप्राचीन यस शैलीको मन्दिर वास्तु पशुपति प्राङ्गणको उत्तर पश्चिम कुनामा रहेको ब्रह्माको

[238] **ऐजन** , पृ.२२१ ।
[239] हट, **पूर्ववत्** ,(पादटिप्पणी सं. ९४) , पृ.५४ ।
[240] **ऐजन** ।
[241] **ऐजन** ।
[242] ग्रोबर, **पूर्ववत्** ,(पादटिप्पणी सं.४४) , पृ.८८ ।
[243] वज्राचार्य, **पुर्ववत्** , (पादटिप्पणी सं. २७), पृ.३४-३५ ।
[244] वनर्जी, **पूर्ववत्** ,(पादटिप्पणी सं. ६९) , पृ.७३ ।
[245] **ऐजन** ।
[246] वसन्त विडारी, **कपिलवस्तु : द वर्ल्ड अफ सिद्धार्थ** ,(लुम्विनी : अथर द सेक्रेड गार्डेन, सन् २००७ ), पृ.१५–१८ ।

मन्दिर रहेको छ ।[247] पाटन कृष्ण मन्दिर, महावौद्ध, भक्तपुर दरबारक्षेत्रको वत्सलादेवीको मन्दिर आदि शिखर शैलीका उत्कृष्ट नमुना हुन् । यस बाहेक उपत्यका बाहिर पनि यस्ता शिखर शैलीका मन्दिरहरू प्राप्त भएका छन् । नेपालको पश्चिम क्षेत्रमा यस्ता शिखर शैलीका मन्दिरहरू रहेका छन् । यहाँ एक देवलदेखि बहुदेवल र समूह देवलका नामले चिनिने शिखर शैलीका मन्दिरहरू रहेका छन् ।[248]

### ४.२.२.३ अध्ययन क्षेत्रमा प्राप्त मन्दिरवास्तुकला

### ४.२.२.३.१ पर्वत सदरमुकाम कुश्मा बजारस्थित धनेश्वर शिवालय

जिल्लाको सदरमुकाम कुश्मा देखि पूर्वोत्तर पाखोमा यो शिवालयको मन्दिर रहेको छ ( दृष्टव्य चित्र सं.३२ ) । यसै मन्दिरको नामबाट यस गा.वि.स.को नाम शिवालय रहेको हो । मन्दिर वि.सं. १९१७ सालमा धनराज गिरिको बुहारी राधिका गिरिले बनाउन लगाएको कुरा मन्दिर बाहिर रहेको घण्टमा उल्लेख गरिएको छ (द्रष्टव्य परिशिष्ट १ सं.१ ) ।

तीनतहको चतुष्कोणाकार योजनामा दक्षिणाभिमुख भएर यो मन्दिर बनेको छ । नौ फिट वर्गमा बनेको मन्दिरको प्रवेशद्वार एउटामात्रै बनेको छ । डेढ मिटर जति अग्लो भएको ढोकाको चौकोश अर्धबृत्ताकार आकारमा पत्थरबाट बनेको छ । चौकोशको तल्लो भागमा पुष्प सहितको अमृत घडा चित्रित गरिएको छ । स्तम्भ जस्तै लाग्ने चौकोशको माथि ठूलो सुँड भएका मकरलाई चित्रित गरिएको छ, भने माथिल्लो भागमा बिचमा नागलाई समातेको अवस्थामा आकर्षक पखेटा सहितको छेपु बनाइएको छ । छेपुको माथि चारतहको हर्मिका जस्तै ज्यामीतिय आकृति बनाइएको छ । यो एक यन्त्र देवताको शिरको विन्दुको प्रतिक [249] रूपमा मध्यभागमा बनाइएको देखिन्छ । यसको वायाँ भागमा एक भैरवको शिर निर्माण गरिएको छ । ढोकाको मध्यभागमा पुग्नेगरी नागपास जनी बनाइएको छ । चार सुरमा तीनतहको कुना निकालेर त्रिरथको योजना बनेको देखिन्छ । बरन्डा माथिको गण्ड भागमा दुई तहको कण्ठमाथि प्याज आकारको गुम्बज बनाइएको छ । गुम्बज माथि पत्थरको कमलाकार गजुर रहेको छ ।

मन्दिरको गर्भगृहमा सादा शिवलिङ्ग स्थापना गरिएको छ । शिवलिङ्गको जलहरीमा आकर्षक नागपाश बनाइएको छ । मन्दिरको भित्र वायव्य कोणमा देवी, ईशानमा विष्णु, निऋतिमा गणेश, र आग्नेय कोणमा सूर्यको मूर्ति स्थापना गरिएको छ । यसकारण यो मन्दिर पाञ्चायन शैलीमा बनेको देखिन्छ । मन्दिरको बाहिर वेदिकामा सानो देउदेवी शैलीमा लकुलीशको मूर्तिस्थापना गरिएको छ । पूर्व गुप्तकालमा पाशुपत सम्प्रदायमा लकुलीशको उद्भव भएको थियो ।[250] मन्दिरको अगाडी १८x२७x१४ सेन्टिमिटर आकारको नन्दी छ भने दायाँ भागमा अभिलेख अकित घण्ट रहेको छ ।

---

247 वनर्जी, **पूर्ववत्** ,(पादटिप्पणी सं.६९) , पृ.७३ ।

248 शर्मा, **पूर्ववत्** ,(पादटिप्पणी सं. १०९) , पृ.८० ।

249 ई. वि.हावेल, **ईन्डियन स्कल्पचर यण्ड पेन्टिङ्स्** , ( न्यू दिल्ली : कस्मो पब्लिकेशनस् ,सन् १९८० ), पृ. २४ ।

250 हार्ले, **पूर्ववत्** ,(पादटिप्पणी सं. ८८) , पृ.१६१ ।

माटो र ढुङ्गाबाट निर्मित यो मन्दिरमा बज्रलेपन गरिएकोमा हाल सेतो चुना र गेरू रङको प्रयोगले आकर्षक रङगीन बनाइएको छ । यस्तै शैलीको समकालीन मन्दिर पिपलटारी गा. वि.सं. स्थित पूर्णेश्वर शिवालयको मन्दिर पनि रहेको छ (द्रष्टव्य चित्र सं.३९ ) । पूर्णेश्वर शिवालय पनि पाञ्चायान शैलीमा नै बनेको छ । यो शिवालयमा धनेश्वर शिवालयको सामान्य नागपाशको स्थानमा मानवीकृत आकर्षक नागफणा सहितका नागकन्याहरू रहेका छन् । त्यस्तै, द्वारमा चौकोशको तल्लो भागमा द्वारपाले र पखेंटावाल सिंह बनाइएका छन् । यस मन्दिरको दक्षिणाभिमुख मुख्य प्रवेशद्वारमा वाल हनुमानलाई स्थापना गरिएको छ भने, नन्दीलाई पश्चिम तर्फ स्थापना गरिएको छ । मन्दिरको उत्तरतर्फ त्रिशूल डमरू र परशु रहेका छन् । यो मन्दिर सादा सेतो बज्ररङले पोतिएकोमा हाल जीर्ण हुँदैजाँदा नेपाल सरकार पुरातत्त्व विभागबाट संरक्षण प्राप्त रहेको छ । यसबाहेक अन्य कलामा एकरूपता रहेको देखिन्छ ।

### ४.२.२.३.२ मोदिवेणीस्थित नृसिंह मन्दिर

मुक्तिनाथको पूजागरी फर्कने क्रममा यस स्थानमा वास गरेका जयरामदास वैरागीले विं सं. १८९० सालमा यहाँ प्राप्त शालिग्रामलाई स्थापना गरी साधारण मन्दिरको निर्माण गरेका थिए । तत्कालीन समयमा साधारण ढुङ्गा, माटो खरबाट बनेको यो मन्दिरलाई विं सं. १९६० सालमा महन्त तुलसीदासले कास्कीको मर्दिबाट ढुङ्गा ल्याएर छाएका थिए । वि.सं. २०४२ सालको नापी पछि निजी गुठी बनेको यहाँ हाल पुरानो मन्दिरको बाहिरी भागलाई भत्काएर पुरानै अवस्थामा आधुनिक सामग्रीको प्रयोग गरी मुख्य गर्भगृहको भागलाई यथावत गरेर २०५१/५२ मा पुनः निर्माण गरिएको छ ।

चतुष्कोणाकार योजनामा निर्मित यो मन्दिरमा ४$x$४ हातको मुख्य मन्दिरको प्रदक्षीणा गर्नका लागि १५$x$१५ हातको पर्खाल मूल गर्भगृहसँग जोडेर छानो राखेर चारैतर्फ ढोकाहरू रहेकोमा हालको नयाँ स्वरूपमा पूर्व पश्चिम तर्फमात्र ढोकाहरू राखिएको छ । हाल तीन तले तल्ले शैलीमा सिमेन्टबाट ढलान गरी बनाइएको हुनाले यसको वास्तुशैलीवारे चर्चा गर्न मनासिव देखिएन । मन्दिरको गर्भगृहमा पहिले राधाकृष्ण आदिका धातुका मूर्तिहरू र शालिग्राम रहेकोमा वि.सं. २०३२ सालमा चोरी हुनपुग्दा बचेको प्रमुख सिंहाकृति भएको शालिग्राम र अन्य विभिन्न आकृति भएका शालिग्रामहरूलाई पूज्ने गरिएको छ (दृष्टव्य चित्र नं.२७ ) । यसै चोरीबाट बच्न सफल एक धातुको तोरणले प्रमुख शालिग्रामलाई अलंकृत गरी मुख्य आसनमा राखिएको छ । यहाँ देव मूर्तिभन्दा शालिग्रामलाई मुख्य मान्ने परम्परा रहेको छ ।

### ४.२.२.३.३ जुम्लिठाना देवीस्थान

अति उच्च पहाडी टाकुरामा जङ्गलको बिचमा रहेको यो मन्दिर चतुष्कोणाकार एक तहको वेदिकामाथि बनेको छ (द्रष्टव्य चित्र सं.१३ ) । ३$x$३ मिटरको बर्गाकार योजनामा निर्मित यो मन्दिरको वरण्डाको[251] भाग साधारण रहेको छ । पश्चिम तर्फ मुख्य प्रवेशद्वार भएको मन्दिरको वरण्डा भन्दा माथि तल्ले शैलीको छाना राखिएको छ । छाना माथि घोप्टाएको घण्ट जस्तो शिखर शैलीको पनि प्रयोग रहेको देखिन्छ । यो घण्ट जस्तो भागमा ढुङ्गाहरू राखेको सजिलै देख्न सकिन्छ । यो भाग भन्दा माथि साधारण शिलाबाट मन्दिरको गजुर बनाइएको छ ।

[251] वरण्डा भनेको जग भन्दा माथिको ढोका रहने भाग हो । मानव शरीर सँग तुलना गर्दा यो भाग शरीरको जाँघ भन्दा माथिको घाँटी भन्दा तलको भाग हुन्छ ।

मन्दिरको गर्भगृहमा सिंह बाहिनी दुर्गाको मूर्ति रहेको छ । जसलाई मन्दिरको केन्द्रमा गाडिएको थाममा अडेस लगाएर राखिएको छ । यो साधारण खम्बा गर्भगृहबाट उठाएर माथि छानोलाई अडाएर यसैमा गजुर राखिएको छ ।

जगदेखि ४ मिटर जति अग्लो यो मन्दिरमा ढुङ्गा, माटो र काठको प्रयोग रहेको छ । यसको ढोका साधारण चौकोशमात्र देखिन्छ भने झ्याल पनि साधारण नै रहेका छन् । उत्तर र पूर्वमा झ्यालहरू रहेका छन् । मन्दिरको बाहिरी भित्तामा कुनै प्रकारको लिपपोत गरेको देखिँदैन । यसको छानो छाउन सिलेट ढुङ्गा प्रयोग गरिएको छ । घण्टाकार गुम्बज बनाउन पनि यिनै ढुङ्गाहरूको उपयोग गरिएको छ । मन्दिर रहेको स्थान ऐतिहासिक दृष्टिले मध्यकालीन भएको हुनाले यो पनि समकालीन देखिन्छ । हाल सामाजिक व्यवहारबाट विमुख अवस्थामा पुगेको यो मन्दिर सांस्कृतिक परम्पराका दृष्टिले आझेलमा परेको देखिन्छ । यसको साथै यस स्थानमा देववास्तु प्रतीक ३ वटा थानहरू रहेका छन् । प्राकृतिक ढुङ्गालाई  कुँदेर दुईतहको वेदिका माथि सादा शिला राखेर बनाइएका यी थानहरू मठ आकारमा रहेका छन् । यी थानहरू प्रसिद्ध लौकिक परम्परा अनुसार देवीदेउरालीको प्रतीक स्वरूप स्थापना गरिएको हो ।

### ४.२.२.३.४ मोदीवेणीस्थित वैरागीहरू बस्ने अखाडा

नृसिंह मन्दिरको दायाँ भागमा यो अखाडा रहेको छ । यो अखाडालाई नृसिंह मन्दिर भन्दा पनि पुरानो भएको मानिन्छ । ३२ हात लामो र १६ हात चौडाई भएको अखाडा देख्दा २ तले लागे पनि यो ३ तले रहेको छ । दुईतहको छाना रहेको छ (द्रष्टव्य चित्र सं.२८) । खरले छाउने गरिएको यो अखाडामा वि.सं.२०१२ सालमा ढुङ्गाको पाली हालिएको हो ,भने २०३८ सालमा खरको छाना फालेर जस्ताको छाना हालिएको वाहेक अखाडामा अन्य परिवर्तन भएको छैन । साधारण पहाडे घर शैलीको यो अखाडाको आधारको तलाको अगाडि पिंडी निकालेर पिंडीको छेउ छेउमा कोठा बनाइएका छन् । भित्र १९ वटा थाम राखेर विशाल खुल्ला कोठा बनाइएको छ भने पश्चिममा एक कोठा बनाएर माथिल्लो तलामा जाने बाटो समेत यहि कोठाबाट बनाइएको छ । यो कक्ष अखाडामा भजनर्कीतन तथा आवश्यक खानपानको व्यवस्था गर्नका लागि बनाइएको  हो । त्यसैले यस कक्षमा ढिकी जाँतो जस्ता अन्न प्रसोधनका साधन रहेका छन् । साधारण झ्याल ढोकाको प्रयोग गरिएको अखाडामा प्रयोग गरिएका थाममाथि मठको पनि उपयोग गरिएको छ । दक्षिणाभिमुख अखडाको पूर्व र उत्तर तर्फ १-१ वटा ढोका राखिएको छ । धार्मिक तथा पुरातात्विक दृष्टिले महत्वपूर्ण अखाडा जीर्ण हुँदै गएको हुनाले यसको संरक्षणमा सम्बन्धित निकायको वेलैमा ध्यान जानु आवश्यक रहेको छ ।

## ४.२.३ किल्ला वास्तुकला

मानिसहरूले व्यवस्थित सभ्यताको शुरूआत सँगै राजनीतिक चेतनाको समेत विकास भएको कुरा अनुमान गर्न सकिन्छ । समाजमा नाईकेहरूको प्रादुर्भाव सँगै राजाहरूको स्वरूप विकास हुन पुग्दा जमिन माथिको अधिकार जमाउने प्रतिस्पर्धा चल्न थाल्यो । समाजमा नाईकेहरू अनेकन राजाहरूका रूपमा स्थापित हुन पुगे भने आ-आफ्नो जमिनको रक्षक बन्ने र हकदावा गर्ने सोचको स्थापना हुन पुग्यो । जमिनको आधारमा सवल र निर्वलहुने अवस्था हुन पुग्दा राज्यहरू विच जमिन, सम्पत्ति, स्त्री आदिको लागि लडाई हुन थाल्यो यसले गर्दा प्रत्येक राज्यहरू सुरक्षाको दृष्टिले सिंगो शहरलाई नै सुरक्षित किल्लाबन्दी गर्ने अवस्था अनुसार किल्लाको शुरूवात भएको

देखिन्छ । यसैको फलस्वरूप प्राचीन शहरहरू बलिया किल्ला, दुर्ग, गढको रूपमा रहेको विवरण विभिन्न स्रोतहरूमा पाइन्छन् । किल्लालाई गढ, दुर्ग, कोट्ट, आदि नामले पनि चिनिन्छ ।[252] अमरकोशमा व्यूहलाई किल्ला भनिएको छ ।[253] यी व्यूहहरूमा दण्डव्यूह, चक्रव्यूह, आदि नाम यसमा चर्चा गरिएको पाइन्छ ।[254]किल्लालाई भित्र बसेर रक्षात्मक युद्ध लड्ने लम्बाचौडा भवन पनि भनिएको पाइन्छ ।[255] मानसारमा किल्लालाई शिविर, वाहिनीमुख, स्थानीय, दोङ्क, संविद्ध, कोलक, निगम र स्कन्धावार शब्दबाट आएको विवरण पाइन्छ ।[256]

किल्लासँग सँगै आडहरू पनि लडाईको लागि प्रयोग गर्ने किल्लाकै समरूपमा देखिएका छन् ।[257] यी किल्लाहरू युद्धरत अवस्थामानै निर्माण गर्ने देखिएको छ, किनभने यिनीहरू दीर्घकालीन देखिँदैनन् ।[258] यिनीहरू खाल्टो खनेर वा ढिस्को उठाएर बनाउने परम्परा रहेको थियो ।[259] कौटिल्यले पनि यी आडहरूको वारेमा उल्लेख गरेका छन् । उनले यी आडहरूलाई प्रधावितिका भनेका छन् ।[260] तिब्बती गुम्बाहरू पनि किल्ला वास्तु अनुरूप नै बनेका हुन्छन् ।[261] गुम्बाहरू धार्मिक तथा प्रशासनिक केन्द्रहरू भएकाले यिनीहरू सुरक्षाको दृष्टिले किल्ला अनुरूप बनेका हुन्छन् ।[262]

### ४.२.३.१ नेपालमा किल्ला वास्तुकलाको विकासक्रम

नेपालको किल्ला वास्तुकलाको अध्ययन गर्दा कलामा जस्तै उपत्यका बाहिर ईसापूर्वको समय सम्म पुग्न सकिन्छ भने उपत्यकामा प्राचीन लिच्छविकाल देखिकै विवरण प्राप्त भए पनि प्राचीन भौतिक स्वरूप हालसम्मको खोजले हाम्रो सामु रहेको देखिँदैन । इसापूर्वकालीन कपिलवस्तुको राजधानीका वारेमा विभिन्न बौद्ध साहित्यहरूमा वर्णन पाइन्छ । ललितविस्तारमा अग्ला अग्ला पर्खालसँगै रहेका बुर्जा, मुख्य प्रवेशद्वार, विशाल सभाहल, दरवार भित्रै मन्दिर आदिको उल्लेख पाइन्छ ।[263] साहित्यमा प्राप्त विवरण बावु पूर्णचन्द्र मुखर्जीको अन्वेषणबाट तिलौराकोटमा तत्कालिन कपिलवस्तुको राजधानी रहेको खुल्नआएको थियो ।[264] यस खोजबाट उत्तर दक्षिण १,६०० फिट र पूर्वपश्चिम १,००० फिट फैलावट भएको विशाल किल्लाको स्वरूप प्रकाशमा

---

[252] डिल्लीराज शर्मा, **नेपालको किल्ला वास्तुकला** ( काठमाण्डौं : नेपाल र एसियाली अनुसंधान केन्द्र, त्रिभुवन विश्वविद्यालय, वि.सं.२०५५), पृ.१ ।

[253] **ऐजन** ।

[254] **ऐजन** ।

[255] **ऐजन** ।

[256] **ऐजन**, पृ.२ ।

[257] **ऐजन** ।

[258] **ऐजन** ।

[259] **ऐजन** ।

[260] शर्मा, **पूर्ववत्** , (पादटिप्पणी सं.१४१ ), पृ.२ ।

[261] **ऐजन** ।

[262] **ऐजन** ।

[263] बिडारी, **पूर्ववत्** ,(पादटिप्पणी सं. १३५), पृ.१६१ ।

[264] **P]hg** ,पृ.१९८ ।

आएको छ ।[265] पछिल्ला उत्खननबाट यस स्थलमा माटोको आधार सहितका प्राकर, खाई बुर्जा र दुई दिशाका प्रमुख प्रवेशद्वार देखिएका छन् ।[266]

काठमाडौं उपत्यकामा प्राचीन राजवंश गोपाल र किराँतकालीन किल्ला वास्तुकलाबारे केहि खुल्न सकेको छैन । यसकालमा भएका मानिने तत्कालिन स्वरूपबारे हालसम्म स्पष्ट हुन सकिएको छैन भने त्यस पछिको मानिने किराँतकालको पनि हामीसँग त्यस्तो प्रमाणिक स्रोत रहेको हालसम्मको खोजले भेटाउन सकिएको छैन । प्राचीन लिच्छविकालदेखि भने किल्लाहरूको बारेमा विवरणहरु प्राप्त भएका छन् । तर यसकालमा बनेका किल्लाको भौतिक स्वरूप भने हालसम्मको खोजले प्राप्त गर्न सकिएको छैन । हनुमान देगुतले मन्दिरको पेटीमा एक महत्वपूर्ण अभिलेख प्राप्त भएको छ । जहाँ '...किरातवर्षधर ..कर : य चिरन्तन लिच्छविराजकारितं' भन्ने परेको छ ।[267] यसलाई विद्वान्हरूले किराँतकाल देखिनै रहिआएको लिच्छवि राजाहरूद्वारा संरक्षण प्राप्त भएको पुरानो दरबार हो भन्ने मानेका छन् ।[268] यस प्रसङ्गले यस स्थानमा किराँतकाल देखिनै दरवार रहेको देखिएको छ । लिच्छवि अभिलेखमा पाइने दक्षिणीराजकुल जुन यही अभिलेखमा उल्लेख गरेको दक्षिणी कोलीग्राममा थियो भन्ने वज्राचार्यको भनाई रहेको पाइन्छ ।[269]यसवेलाका अन्य शिलालेखहरूमा मानगृह, कैलाशकूट, भद्राधिवास जस्ता दरवारको उल्लेख पाइन्छ । भाषावंशावलीका अनुसार मानगृह गोकर्ण र कैलाशकूट देवपाटनमा थियो भन्ने विवरण पाइन्छ ।[270] हाँडीगाउँको उत्खननबाट प्राप्त अंशुवर्मा अभिलेख अंकित ईंटाको कारण कैलाशकूट भवन हाँडीगाउँ भेगमा नै भएको कतिपय विद्वान्हरूको भनाई पाइन्छ भने कतिपयले दक्षिणराजकुल दरबारकै विस्तारितरूप हनुमानढोका दरबार हो भन्ने मान्दछन् । यसकालका किल्लाहरूको भौतिक स्वरूप हालसम्म प्राप्त नभए पनि स्पष्टरूपले कोट्ट शब्दको उल्लेख भएका अभिलेखहरू प्राप्त भएका छन् । सतुङ्गल स्थित शिवदेव र अंशुवर्माको संयुक्त अभिलेखमा लिच्छविकालीन किल्लाको उल्लेख परेको छ ।[271] यस अभिलेखमा "सतुङ्गल भेगको कादुङ्ग्रामका बासिन्दाले जुनसुकै जङ्गलबाट काठपात ल्याउँदा बाटोमा पर्ने फेरङ् कोट्टका मानिसले नखोस्नु, थुनछेक नगर्नु'" भन्ने आग्रह गरिएको छ । लिच्छविकालमा कोट्टका साथै दुर्गको पनि विवरण प्राप्त भएका छन् । शिवदेव र अशुवर्माकै स्वयंभूको अभिलेखमा चाँगुनारायण शिखरलाई वनदुर्ग भनिएको छ ।[272] लिच्छविकाल शास्त्रीयकाल पनि भएकाले शास्त्रीय विधि विधान अनुसार गिरिदुर्ग, वनदुर्गको पनि प्रयोग गरिएको छ । वनदुर्गहरूमा जङ्गल पालेर राख्ने र लडाईंका बेलामा आत्मरक्षा र प्रत्याक्रमणका लागि यी टाकुराहरू प्रयोग गरिन्थे । जहाँ किल्लाका अन्य संरचनाको अभाव पाइन्छ । त्यसैले यस्ता बनदुर्गहरूमा जङ्गल पालेर जनताहरूलाई काठदाउरा गर्न प्रतिवन्ध गरिन्थ्यो । यसै अभिलेखमा कोट्टमर्यादा पालना गर्न जनताहरूलाई गरिएको आग्रहबाट कोट्टको नियम कडा थियो भन्ने बुभ्न सकिन्छ ।

---

265 **ऐजन** ।

266 **ऐजन** ।

267 वज्राचार्य, **पूर्ववत्** ,(पादटिप्पणी सं. २७) , पृ.३७४ ।

268 **ऐजन** ।

269 **ऐजन** ।

270 शर्मा, **पूर्ववत्** ,(पादटिप्पणी सं. १४१) , पृ.२१ ।

271 वज्राचार्य, **पूर्ववत्** ,(पादटिप्पणी सं. २७) , पृ.२६४ ।

272 **ऐजन** ,पृ.२३३ ।

पूर्वमध्यकालमा पनि किल्लाबारे उल्लेख प्राप्त भएका छन् । पूर्वमध्यकालीन राजा शिवदेवले कीर्तिपुर शहरलाई वनजङ्गल, पर्खाल खाईले घेरेर निकै बलियो किल्ला बनाएको चर्चा पाइन्छ । [273] यस शहरका प्रवेशद्वारहरूको प्रमाण हालसम्म पनि देख्न पाइन्छ । मध्यकालमा आउँदा किल्लाबारे धेरै नै प्रमाणहरू प्राप्त भएका छन् । यसकालमा अनेकन स्वतन्त्र राज्यहरूको स्थापना सँगै किल्लाका स्वरूप र सङ्ख्यामा पनि बृद्धि भएको देखिन्छ । मल्ल दरवारहरू किल्लाबन्दी रूपमा रहेका थिए । वि.सं. १३५० मा खस राजा जितारीमल्लले उपत्यकामा आक्रमण गर्दा पाटनमा एक महिनासम्म पनि किल्ला तोड्न नसकेको गोपालराजवंशावलीमा उल्लेख गरिएको छ ।[274] वि. सं. १५१० श्रावण २० गते शुक्रबार यक्षमल्लले भक्तपुरका चारै वर्णका जनताको सहयोग लिएर शहरलाई मजबुत किल्ला बनाएको विवरण पाइन्छ । वि.सं. १८०९ को राजा जयप्रकाशमल्लको ताम्रपत्रमा “स्वयंभूगढ, वाराबुगढ, गोकर्णगढ, चाँगुगढ, बज्रयोगिनीगढ, यति देवस्थानका सिमागढबाट कसैले एक टुक्रा दाउरा पनि चोरीकाटी लिनुहुँदैन, चौर जङ्गल खण्ड कतै पनि आगो लगाउन हुँदैन सो गरेमा राजदण्ड ३२ मोहोर हुनेछ” भन्ने विवरण प्राप्त छ ।[275] यसप्रकार विवरणबाट मध्यकालमा उपत्यका बलियो किल्लाबन्दीमा रहेको देखिन्छ ।

मध्यकालमा उपत्यकामा मात्र नभएर उपत्यका बाहिर पनि विभिन्न राज्यहरूको स्थापना भएको हुनाले किल्लाको पनि सङ्ख्या बढेको देखिन्छ । पूर्वी नेपालको सिम्रौनगढमा पनि एक विशाल वलियो राज्य रहेको थियो । सन् १०९७ तिर कर्णाटवंशी नान्यदेवले यो राज्यको स्थापना गरेका थिए ।[276] सन् १२३६ मा यात्रा गर्ने तिब्बती विद्वान् धर्मस्वामीले सिम्रौनगढ बलिया एवं चौडा र अग्ला सुरक्षापर्खालद्वारा घेरिएको छ जुन तिब्बतकै किल्ला जति अग्ला छन भने शहर बाहिरको राजाको दरवारलाई एघारवटा ठूलाठूला ढोका भएको पर्खाल र रूखहरूले सुरक्षित परिएको बताएका छन् ।[277] यस्तै, सन् १७४० मा यसै बाटो काठमाडौं आएका क्याथलिक रोमन पादरी क्याशिनो दा माकचेराताले पनि सिम्रौनगढको वर्णन गरेका छन् ।[278] सिंगो शहरको प्रवेशद्वार भएको शहर पुग्नु पहिले विशाल चारवटा किल्ला पार गर्नुपर्ने र ती किल्लाहरू बराबर दुरिमा सँग सँगै पर्खालले घेरिएको हुनुको साथै दुईकोशको फरकमा अग्ला अग्ला पर्खाल र प्रत्येक दुई पर्खालको बिचमा नहरहरू भएको बताएका छन् ।[279] यस प्रकारका विवरण अनुसारको किल्लाबास्तुको अवशेष यहाँको उत्खननका क्रममा समेत प्राप्त भएका छन् । सन् १९९२ को उत्खननका क्रममा २ मिटर चाक्लो पाको ईंटाबाट निर्मित पर्खालको अबशेष फेला पर्नुको साथै पर्खालको बाहिरपट्टी १ मिटरको दुरीमा अर्को पर्खाल फेलापर्नुका साथै ईंटाको पर्खालको आधारमा तल बलौटे पाँगो माटोलाई पाँजेर बनाएको १५ मिटर चौडा विशाल माटोको पर्खाल समेत प्राप्त

---

273 शर्मा, **पूर्ववत्** ,(पादटिप्पणी सं.१४१) , पृ.२३ ।

274 **ऐजन** , पृ.२२ ।

275 रुक्मिणी (वन्त) प्रधान ,“ गढी-किल्लाको कवितात्मक वर्णन ” **कन्ट्रिब्यूसन्ज टु नेप्लीज स्टडिज,** भोलम २४,नं.१, (जनवरी १९९७), पृ.११४ ।

276 जगदीशचन्द्र रेग्मी, **नेपालको वैधानिक परम्परा,** (काठमाडौ : तन्नेरी प्रकाशन , वि.सं.२०६०), पृ.६० ।

277 मदन रिमाल “ सिम्रौनगढको सांस्कृतिक र त्यसको आयाम ” **सिमरौनगढ विषयक सङ्गोष्ठी,** नेपाल नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठान, (वि.सं.२०५७), पृ.६१ ।

278 **ऐजन**, पृ.६२ ।

279 **ऐजन** ।

भएको थियो ।[280] यसको साथै पाँजेको बलौटेमाटोको पर्खालमा खाँवा गाडेका प्रमाणस्वरूप खाल्टाहरू प्राप्त भएका थिए ।[281] यस विवरणबाट यहाँको पूर्वरूप वनस्पतिजन्य वस्तुबाट पर्खाल निर्माण भएको थियो भन्ने देखिन्छ । यस विवरणबाट सिम्रौनगढ मध्यकालीन अत्यन्तै भव्य किल्लाबन्दी रहेको शहर थियो भन्ने स्पष्ट हुन्छ ।

यसैकालमा पश्चिम नेपालमा विशाल, सवल खस राज्य स्वतन्त्ररूपमा रहेको थियो । यस राज्यको केन्द्र सिंजा उपत्यकामा पनि बलियो किल्लाबन्दी रहेको विद्वान्हरूको भनाई रहेको पाइन्छ । यसका साथै यसै कालमा विशाल खस राज्य टुक्रिन पुगेर बाइसे र चौबिसे राज्यहरूको स्थापना सँगै झन ठाउँठाउँमा किल्लाहरू निर्माण भएको देखिन्छ । किनकि यी राज्यहरू सँधै एकआपसबाट असुरक्षित हुन्थे । यसकारण बलियो किल्लाको आवश्यकता थियो । यसकालका महत्वपूर्ण किल्लाहरूमा दुल्लुकोट, थलहराकोट, अजमेरकोट, सतहुँकोट, गोरखादरवार आदि हुन् ।

किल्ला वास्तुकलाको परम्परा आधुनिककालमा आउँदा अझै बढ्न गएको थियो । यसकालमा विशेष गरेर नेपाल -ईस्टइन्डिया कम्पनी बिच हुने लडाई र नेपाल तिब्बत-चीनबिच हुने लडाईको कारण उत्तरी क्षेत्र र दक्षिणी क्षेत्रमा बिशाल किल्लाहरू बन्न पुगेका थिए । चिसापानीगढी, नालापानीगढी, मलाउको किल्ला, रसुवागढी, जीतगढी आदि यसकालका महत्वपूर्ण किल्लाहरू हुन् । यी बाहेक अनेकन किल्लाहरू पहाडी टाकुरामा आज सम्म पनि हराएर रहेका छन् । जुन हाल सम्म कोटको रूपमा साँकृतिक रूपमा बाँचीरहेका छन् । यस्ता कोटहरू पनि यस अध्ययन क्षेत्रमा छरिएर रहेका देखिन्छन् ।

### ४.२.३.२ अध्ययन क्षेत्रमा रहेका किल्लाहरू

#### ४.२.३.२.१ खौलाज्ञादीकोट

खौलाज्ञादीकोट खौलालाँकुरी गा.वि.सं.को वडा नं.७ खौलालाँकुरी मा.वि.को पश्चिमोत्तर दिशाको टाकुरामा रहेको छ (द्रष्टव्य चित्र सं.१६ र स्केच सं.४) । अग्लो टाकुरामा निर्मित कोटको दक्षिण तर्फबाट प्रवेश गर्ने एउटा मात्रै प्रवेशद्वार बनाईएको छ । चतुष्कोणाकार योजनामा निर्मित कोटको दक्षिण पश्चिम भागमा केही घुमेको छ । यहाँको भौगोलिक बनावटका कारण यस्तो हुन पुगेको देखिन्छ । ११३ मिटर कुल घेराई रहेको पर्खाल १ मिटर फराकिलो रहेको छ । पर्खालको भित्री भागमा मानिस बस्नका लागि पेटीको भाग निकालिएको छ । प्रवेशद्वारको दायाँ वायाँ ३ मिटर फराकिलो पर्खाल विशेष मजबुत बनाइएको छ । यसका साथै पर्खालका चार कुना विशेष फराकिलो बनाइएका छन् । यहाँ सेना बस्ने उद्देश्यका साथ यस्तो फराकिलो भाग बनाइएको भन्ने स्थानीय कथन पाइन्छ । पर्खालको चारकुनामा वाहिरी भागबाट अर्को पर्खाल जोडेर मजबुत पारिएको छ । कोटको पर्खाल भित्रीभाग डेढ मिटर जति अग्लो बनाइएको छ भने बाहिरबाट यो ३ मिटर भन्दा अग्लो रहेको छ । कोटको दक्षिणी लङ्मा कोतघर रहेको छ । ४ मिटर लामो, २ मिटर चौडा र ३ मिटर जति अग्लो यो कोतघरमा नवरात्रको वेला धुमधामका साथ पूजाहुने गर्दछ । यो कोत घर ढुङ्गा र माटोले बनेको छ । पहिले खरले छाउने गरिएकोमा हाल सिलेट ढुङ्गाले

---

280 चन्द्रप्रसाद त्रिपाठी," सिम्रौनगढको पुरातात्विक अध्ययन"**सिमरौनगढ विषयक सङ्गोष्ठी** , नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठान, (वि.सं. २०५७), पृ.२८ ।

281 **ऐजन** ।

छाइएको छ । कोत घर भित्र ६ वटा खुँडा, तरवार रहेकोमा हाल समितिले राख्ने हुँदा अध्ययनका क्रममा देख्न सकिएन । यो कोतघरको छाना बाहेक अन्य पुरानै स्वरूपमा रहेको छ । यो कोतघर रहेको स्थान केही अग्लो गरी बनाइएको छ । यो स्थानको उँचाई लम्बबत रूपमा उत्तर तर्फ गएको देखिन्छ । कोतघरको अगाडि ३ वटा यज्ञवेदी जस्तै वर्गाकार वेदिकाहरू रहेका छन् । यी वेदिकाहरूमा दसैंको वेलामा विशेष पूजा विधि अपनाएर पूजागर्ने परम्परा रहेको छ । यी ३ मध्ये दक्षिणतर्फको पहिलोमा होम गर्ने, दोस्रोमा पाठो र तेस्रोमा कुश्माण्ड बलि दिने गरिन्छ । यो यहाँको पुरानै स्वरूपमा पुरानै स्थानमा रहेको छ । यज्ञ वेदिकाको अगाडि एउटा ठूलो मौलो पनि रहेको छ । कोटको उत्तरी पर्खालमा जोडिएर बनेको २.५ $x$ ३.२५ मिटर आकारमा रहेको मन्दिरको भग्न स्वरूप रहेको छ । यो भग्न भित्र भूमे, गौंडो र नाग, नागिनीका प्रतीकात्मक प्राकृतिक सादा शिलालाई राखिएको छ । भूमेलाई नै यहाँको प्रमुख देव शक्तिको रूपमा पूजा उपासना गर्ने परम्परा छ । यसको सामुन्ने २००६ सालमा भुपाले सुनारद्वारा बनाएको पाटी रहेको छ । यस भित्र केही पुराना घण्टहरू रहेका छन् । किल्लाको पूर्वी भागमा पर्खालको २ फिट जति खुल्लाराखेको भागमा झाँक्री, झाँक्रिनी को पूजा हुन्छ । भने दक्षिण पूर्वी कोण केही फराकिलो बनाएर देवी देउराली र राङ्राङ्को स्वरूप प्रतीकात्मक प्राकृतिक शिलालाई पूज्ने परम्परा रहेको छ । उच्च टाकुरामा रहेको यो किल्ला सांग्रामिक दृष्टिले निकै सुरक्षित स्थानमा रहेको छ भने किल्लाको पर्खाल माटो र ढुङ्गाले बनाएर ठूला–ठूला ढुङ्गाका छपनीले निकै बलियो परिएको छ ।

यहाँ दरवारको भवन भएको विषय समेत खुल्न आएको छ । हाल भग्न अवस्थामा रहेको भूमे मन्दिरको अगाडि पहिले ओहोरदोहोर गर्न मिल्ने ढोका भएको ढिस्को भएकोमा पछि अगाडिको आँगन सम्याउने क्रममा यसैलाई खनेर फालिएको थियो । यसरी खन्ने वेलामा यहाँबाट ईंटाको जग भेटिएको मन्दिरका पुजारीबाट खुल्न आएको छ । यस जगको विवरणका आधारमा यहाँ सँगै जोडिएका दुई भवनको बिच भागमा ढोका राखेर उक्त ढोकाबाट मन्दिरमा जाने बाटो समेत बनाएको बुझिन्छ । यसका साथै यस स्थानबाट झिंगटी पनि प्राप्त हुनाले यस स्थानमा झिंगटीले छाएको दरवार भएको थाहा हुन्छ । यसकारण यो एक दरबार योजनामा निर्मित किल्ला रहेको स्पष्ट हुन्छ ।

**सामाजिक महत्व**

ज्ञादीकोटका नामबाट चिनिने खौलाज्ञादीकोट हाल सांस्कृतिक धरोहरको रूपमा रहेको छ । यहाँ विशेष गरेर नवरात्रि र चैत्राष्टमीको बेलामा पूजा हुने गर्दछ । दुर्गा पूजामा नौ दिन नै र चैत्राष्टिमा अष्टमीको दिनमा पूजा हुने गर्दछ । नवरात्र र चैत्राष्टमी भनिए पनि यहाँको मूख्य देवता भनेर भूमेलाई पुज्ने गरिन्छ । यहाँ भूमेको नाममा भाकल गर्ने र बली दिने परम्परा रहेको छ । यसको साथै यहाँ गौंडोलाई पूजागर्ने परम्परा पनि देख्न सकिन्छ । यो गौंडो मूर्ति विहीन प्रतीकस्वरूप प्राकृतिक ढुङ्गालाई पूज्ने गरिन्छ । गौंडोलाई गोठको संरक्षकको रूपमा मानिन्छ । यो कोटमा हुने नौलो पूजाको स्वरूप देखिन्छ । यो परम्परा मूर्ति पूज्नु भन्दा पहिलेको प्रकृतिपूजाको परम्परा देखिन्छ , जुन हालसम्म जीवित रहेको देखिन्छ । दुर्गा पूजामा धुमधामका साथ चण्डीको थानबाट फूलपाती ल्याउने गरिन्छ । चण्डीको थान अगाडि चौतारोमा कुश्माण्डोलाई बलि दिएर कोटमा फुलपाती ल्याउने गरिन्छ । कोटमा फुलपाती ल्याउँदा ढोकामा कुश्माण्ड र पाठो बली दिने गरिन्छ । कालरात्रिको दिनमा एउटा कुश्माण्ड र पाठो बलि दिने गरिन्छ ।

सांग्रामिक दृष्टिले उँचाइमा रहेको यस कोटको वरिवरि हाल व्यवसायिक दलित जाति र छेत्रीहरूको बसोबास रहेको पाइन्छ । यी व्यवसायिक जातिहरू दरबारको लागि चाहिने र हालमा कोटको पूजाआजामा नगरा लगाउने आदि कामका लागि यिनीहरूको बसोबास नजिक रहेको देखिन्छ भने छेत्रीहरू लडाईंका लागि चाहिने हुनाले रक्षकको रूपमा यिनीहरू कोटको वरिपरि बसोबास गरेका देखिन्छन् ।

### ४.२.३.२.२. **जुम्लिठाना (माझठाना)**

खौलाकोटको पूर्व  चण्डीको थानबाट उकालो चढे पछि फराकिला र जङ्गलले भरिएका टाकुराहरू देखिन्छन् । पहिलो टाकुरा आउनु भन्दा पहिले बाटैमा एउटा सुरूङ् जस्तो देखिने प्वाल देखिन्छ । जसलाई स्थानीयहरू सुरूङ् भन्छन् । यो प्वाल पछि २ वटा दोहोरो वेदिकामा सादा शिला राखेर बनाइएका थानहरू देखिन्छन् (द्रष्टव्य चित्र सं.१४) । ३$x$३ फिटको बर्गाकार योजनामा बनेका यी थान पछि एउटा थुम्को आउँछ । उक्त थुम्कोमा एक मन्दिर र यस्तै, तर जीर्ण थान रहेको छ । यो थानको पूर्व झञ्ज्याङ्मा एउटा पोखरी र एउटा चौतारो देखा पर्दछन् ।  यसै थानबाट दक्षिण तर्फ अर्को एउटा अग्लो थुम्को आउँछ जसलाई स्थानीय जुम्लिठानाका साथै माझठाना पनि भन्ने गर्दछन् । यसै स्थानमा एक किल्लाको अवशेष देखिन्छ ।

१०$x$ १० मिटरको बर्गाकार कोठाको चारैतिर मध्यभागबाट बुर्जा निकालिएको छ (द्रष्टव्य चित्र सं.१२, स्केच सं.३ ) । प्रत्येक बुर्जाको भित्रीभाग १ मिटर फराकिलो गरी बनाइएको छ । यी बुर्जाहरूमा सेना बसेर लड्नका लागि बनाएको देखिन्छ भने यसको पर्खालको भाग १मिटर चौडा गरी माटो र ढुङ्गाबाट बनाएको छ । १ मिटर बाक्लो मूख्य पर्खाल सँगै बाहिर २ मिटर जति फराकिलो पेटीको भाग देखा पर्दछ । यो भाग पनि भित्री पर्खाललाई मजबुत पार्नका लागि बनाएको देखिन्छ । कुल २० मिटर बर्गमा फैलिएको यो किल्ला बोटबिरूवाको कारण पुरिएर पूर्णतः अत्यन्त जीर्ण र भग्न भई नष्ट हुन पुगेको कारण पर्खालको बारेमा बुझ्न यहींको यस्तै अर्को किल्लाको सहयोग लिइएको थियो । यो पहाडी टाकुरामा रहेर पनि यसको वरिपरि ४ मिटर टाठाबाट २ मिटर गहिरो र त्यतिनै फराकिलो आर्कषक स्पष्ट सँग देखिने खाई रहेको छ । यो खाई पूर्णरूपले झाडीले भरिएको हुनाले वास्तवीक नाप यसको सफाइबाट नै  थाहापाउन सकिने देखिन्छ ।

### ४.२.३.२.३ **छेउठाना**

माझठाना देखि दक्षिण तर्फ ५ मिनेटको वाटो हिँडे पछि अर्को एउटा टाकुरा आउँछ । यसै टाकुरालाई छेउठाना भनिन्छ (द्रष्टव्य चित्र सं.९,स्केच सं.२ ) । यसै टाकुरामा एक भग्न अवस्थाको किल्ला रहेको छ । भौगोलिक दृष्टिले छेउमा भएको हुनाले यसलाई छेउठाना भनिएको हो । यो किल्ला माझठाना भन्दा राम्रो अवस्थामा रहेको छ । यसको नाप पनि माझठाना सँग मिल्ने भए पनि यसको भौगोलिक बनावटका कारण केहि भिन्नता रहेको देखिन्छ । यहाँ १ मिटर फराकिलो पर्खाल सजिलै देख्न र नापजोख गर्न सकिन्छ । भित्री पर्खालको साथै बाहिरी पेटी पनि भग्न तर प्रष्ट देख्न सकिन्छ । यसमा डेढ मिटर भन्दा अग्लो पर्खालको भाग देख्न सकिन्छ । यहाँ मूख्य पर्खालको बाहिरी पेटीको भाग पूर्वतर्फको भाग भन्दाबाहेक अन्य भागमा २ मिटर फराकिलो गरी बनाइएको छ । यही किल्लाकै आधारमा माझठानाको नाप लिइएको थियो । पूर्वतर्फको भाग अग्लो भिरालो ढलान रहेकाले अजेय दुर्ग हुनुको साथै या भागमा दोहोरो पर्खालको भागमा केही कमी

पाइन्छ । यस किल्लामा वरिपरी खाईको स्वरूप देख्न सकिँदैन् । भौगोलिक दृष्टिले पूर्वतर्फ भिर र दक्षिण तर्फ चट्टाने चौर भएको हुनाले खाई बनाएको देखिँदैन । तर किल्लाको पश्चिमी र उत्तरी भागमा भने खाईको अवशेष देख्न पाइन्छ । किल्लाको दक्षिणी भागमा फराकिलो ठूलो चौर रहेको छ भने यसै चौरको बिचभागमा खाल्टो खनेर आड बनाइएको छ । सादा पत्थरलाई सामान्य तरिकाले काटेर ठूलाठूला टुक्रा पारेर माटोको मसलाले जोडेर फराकिलो गरी बनाएको यो पर्खाल निकै बलियो रहेको कुरा हाल सम्मको अवस्थालाई देख्दा सजिलै अनुमान लगाउन सकिन्छ । यो किल्लाको निकाशको वारेमा कुनै संरचना देख्न सकिएन । आवश्यकताको कारण यसको उत्तरी र दक्षिणी भागमा निकाश हुनु ज्यादा सम्भव देखिन्छ ।

### ४.२.३.२.४ पुरानो झादीठाना

नामअनुसार झादी क्षेत्रको पुरानो ठाना भएको हुनाले यो ठाना सामरिक दृष्टिले अत्यन्तै महत्वपूर्ण स्थानमा रहेको छ (द्रष्टव्य चित्र सं.७, स्केच सं.१ ) । यस क्षेत्रको सवैभन्दा अग्लो टाकुरामा रहेको यो किल्ला ठूलो घना जङ्गल भित्र हराउनै लागेको अवस्थामा रहेको छ । किल्लाभित्रै जङ्गल हुर्केका हुनाले यसको भित्रको पुरावस्तुवारे थाहा हुन सकेन । तर यसको बनावट चाहिं केहीमात्रामा उल्लेखित अन्य किल्लाको जस्तै रहेको छ भने आकार पनि मिल्छ । यो किल्ला जङ्गल भित्र रहेर पनि यसको पर्खालको भाग अन्यको भन्दा केही अग्लो रूपमा रहेको छ । यसमा बाहिरी पेटीको प्रयोग गरिएको देखिंदैन । यो किल्लामा पनि भौगोलिक बनावटका कारण वनावटमा केही भिन्नता रहेको देखिन्छ । किल्लाको पूर्व र दक्षिणी भागमा भिरालो ढलाने भाग रहेको हुनाले यो भागमा बाहिरी पेटी देखिँदैन भने खाई पनि बनेको छैन । यो किल्ला चट्टाने टाकुरामा हुनुको साथै पूर्व र दक्षिण भागमा प्राकृतिक सुरक्षा भएको हुनाले यसको आवश्यकता र बनाउन पनि असहज भएको हुनाले नबनेको देखिन्छ । अत्यन्तै बलियो किल्लाको रूपमा रहेको यो किल्लाको उत्तर पश्चिमी भागमा अत्यन्तै आकर्षक तरिकाले फराकिलो र गहिरो खाई रहेको छ । यो २ मिटर चौडा र २ मिटर भन्दा पनि गहिरो रहेको छ । यसको अन्य किल्लासँगको सम्पर्कको कारण यो किल्लाको निकाश पश्चिमीभागबाट हुने देखिएको छ । यस किल्लाको अन्य किल्लाको तुलनामा केही मिहिन पारेर ढुङ्गालाई कुँदेर पर्खाल लगाइएको छ ।

यी किल्लाहरू सबै एउटै आकारमा कुल २० मिटरको वर्गमा बन्नुको साथै किल्लाको बनावट पनि मिल्दो गरी बनेका छन् । किल्लाहरूको बनावटका आधारमा लडाईको लागि बनाएका किल्ला हुन भन्ने देखिन्छ । पुरानो झादीठानाको पर्खाल भित्रको संरचना देख्न नसकेका कारण यसको वारेका अन्य सूचना संकलन गर्न सकिएन । तै पनि प्राप्त प्रमाणका आधारमा यी किल्लाहरू लडाईकै लागि बनाएको देखिन्छ । यी किल्लाहरू केहीमात्रामा आडसँग पनि निकट देखिन्छन् । तर यिनमा खाईको प्रयोग र नजिकै आडको निर्माण पाइनुले पनि लडाईको लागि प्रयोग गरिएका किल्ला नै भएको स्पष्ट हुन्छ ।

### ४.२.३.२.५ अर्जिकोट

ठूलीपोखरी गा.वि.स. वडा ५ मा रहेको केही फराकिलो टाकुरामा पूर्वपश्चिम भएर लम्बबत्‌रूपमा यो किल्ला रहेको छ (द्रष्टव्य चित्र सं.२३) । उत्तरतर्फ पहाडी ढलान र घनाजङ्गलको कारण सुरक्षित बनदुर्गकोरूपमा रहेको यसको पश्चिमतर्फ पहाडी ढलान रहेको छ । कुल १०० मिटर भन्दा केही लम्बवतरूपमा फैलिएको यसको धेरैजसो भाग खेती गरिनुका

साथै जङ्गलले पनि ढाक्नै लागेको अवस्था रहेको छ । यसकारण यसको वास्तविक नापजोख गर्न असहज रहेको छ । पूर्व र दक्षिणी भागबाट केहीमात्र उँचाई रहेको यो किल्लाको प्रमाणका रूपमा हाल २ ओटा थुम्का रहेका छन् ।

**थुम्को नं.१**

दुईटा थुम्को मध्ये पश्चिम तर्फको रहेको यो थुम्को जस्तो देखिन्छ तर यसमा ठूला ठूला ढुङ्गाले घेरिएर रहेको खुल्ला स्थान रहेको छ । ४ मिटरको व्यासको यो संरचनाको पूर्वी भागमा ठूलो ढुङ्गाको आडमा रहेको गोलाईंचोको रूख रहेको छ । यसै गोलाईंचोको फेदमा स्थानीयहरू हालसम्म पनि भवानी मान्दै पूजागर्ने परम्परा रहिआएको छ । यो ठूला ठूला पत्थरद्वारा निर्मित बृत्ताकार संरचना रहेको हुनाले यो शुरक्षाको निम्ति निर्मित आड हुनसक्ने देखिन्छ ।

**थुम्को नं. २**

पूर्वतर्फ रहेको यो थुम्को पहिलो भन्दा ठूलो बृत्ताकार १० मिटर व्यासमा रहेको छ । यो एउटा पूर्णतः जमिनमा मिलेको अवस्थामा रहेको छ । तर यसको वर्तमान स्वरूपका आधारमा यो निकै महत्वपूर्ण संरचना भएको अनुमान लगाउन सकिन्छ । हाल यसको बाहिरी भागमा पर्खाल बनाउन प्रयोग गरिएका ढुङ्गाहरू केहीमात्रामा देख्न सकिन्छन् । थुम्काको माथि रूखहरू र घाँसकाकारण बाहिरी स्वरूप ढाकेको हुनाले यो प्रष्ट देख्न सक्ने अवस्थामा रहेको छैन । यसकोटको वरिपरि नजिकै बसोबास रहेको देखिँदैन । यसको वरिपरि खेती गरिने जमिन रहेको छ । केही फरकमा ब्राह्मण, क्षेत्री आदि विभिन्न जातिहरूको वसोबास रहेको छ । विस्तृत उत्खनन् बिना यसको वास्तविक स्वरूपको बारेमा अनुमान गर्न सजिलो छैन । खौलाज्ञादीकोट र जुम्लिठानाको भौतिक प्रमाण र सतहुँज्ञादीको ऐतिहासिक प्रमाणका आधारमा यो किल्ला स्थानीय जनताको सुविधाको लागि यस स्थानमा स्थापना गरेको हुनुमा कुनै शङ्का रहेन । यहाँको भौतिक स्वरुप पूर्णरुपले जमिन मुनि रहेको अवस्था हुनु र सानो कम टिकाउयुक्त वनेको देखिन्छ ।

### ४.२.३.२.६ **लिमिभूमेकोट**

थापाठाना र शंकरपोखरी गा. वि. स.को सिमानामा १६०५ मिटर अग्लो टाकुरामा अजेय किल्लाको रूपमा यो स्थापित भएको छ । यो किल्ला ३ रोपनी जति क्षेत्रफलमा चतुष्कोणाकार योजनामा रहेर फैलिएको छ । फैलिएको किल्ला दक्षिणाभिमुख भएर रहेको छ (द्रष्टव्य चित्र सं.१९,स्केच सं.५) । पश्चिम तर्फको भाग भने केही घुमेको देखिन्छ । दक्षिण पश्चिमबाट प्रमुखद्वार प्रवेश गरेपछि भित्र फेरि यहि दिशाको अर्को द्वार प्रवेश गरेपछि मुख्य किल्लामा पुग्न सकिन्छ । पहिलो ढोकासँग जोडिएको पर्खालको कुल घेराई १६० फिट रहेको छ । यसको केही भाग भत्केर पछि केही माथिबाट बनाएको देखिन्छ जसको कारण यसको वास्तविक घेराई अझ बढि हुने देखिन्छ । पर्खाल४ फिट जति फराकिलो रहेको छ भने १० फिट अग्लो रहेको छ (द्रष्टव्य चित्र सं.२० ) । पहिलो द्वार प्रवेश गरेपछि मुख्य किल्लाकोद्वारसँग जोडिएर पिंडीको भाग आउँछ । पिंडी १० फिट जति फराकिलो रहेको छ । पिंडीको अगाडि मौलो गाडिएको छ ।

यस पछि दोस्रो मूख्य द्वार आउँछ । द्वारको भागमा १० फिट जति फराकिलो पर्खाल बनाइएको छ (द्रष्टव्य चित्र सं.२१ ) । यो पर्खाल को उँचाई ७ फिट रहेको छ । दायाँतर्फको ८ मिटर र १० फिट फराकिलो बनाइएको छ, जुन बाहिरी घेरामा गएर टुङ्गिएको छ । यो भित्री

पर्खालको कुल घेराई १२७ मिटर रहेको छ । यो पर्खाल ४ फिट चौडा रहेको छ । भित्री द्वारको दायाँभाग विशेष किसिमले बनाइएको छ । यसमा द्वारपाले बस्नमिल्ने गरी द्वारपक्षमा पर्खाललाई बनाइएको छ । यसकै माथि पर्खालमा आडको सानो भाग बनेको छ । किल्लाको पश्चिमी भाग भत्केको अवस्थामा रहेको छ । तर यसको पर्खाल एकैनासको छैन मूख्य द्वारको भाग बाहेक अन्य भागमा फरक फरक आकार रहेको देखिन्छ । यसको पूर्वी भाग पूर्णतः भत्केको हुनाले उँचाई देख्न सकिँदैन भने पश्चिमी भाग भित्रतर्फबाट १ मिटर जति अग्लो रहेको छ । उत्तरी भाग भने असाध्यै मजबुत तरिकाले बनेको देखिन्छ । बाहिरबाट भने यो पर्खाल निकै अग्लो गरी बनाएको छ । यसको बाहिरबाट ४ मिटर भन्दा पनि अग्लो उँचाई रहेको छ । मुख्य किल्लाको भाग देखि धेरै तलसम्म पनि पर्खालका भागहरू देखा पर्दछन् । किल्लाको मध्य भागमा पूर्वतर्फ कोतघर रहेको छ । दुर्गापूजा र चैत्राष्टमीमा विशेष पूजाआजा हुने गर्दछ । माटो र ढुङ्गाले बनेको कोतघरको छाना पनि सिलेट ढुङ्गाले नै छाइएको छ । कोतघरको सामुन्ने ठूलो मौलो रहेको छ । यसै मौलाको अगाडि प्राचीन २x१ फिटको ओखल रहेको छ । किल्लाको उत्तरी भागको पर्खालमा जोडिएर आधुनिक पाटी बनेको छ । यसको उत्तर पूर्वी कुनामा यहाँको सांस्कृतिक घरोहर बाँचेको अवस्थामा रहेको छ । यसै स्थानमा पुरानो मौलो, भूमेको थान, देवीदेउरालीका मठ स्थापना गरिएका छन् । यसै स्थानमा प्रशस्त घण्टहरू रहेका छन् ।

किल्ला निर्माणमा माटो र ढुङ्गाको प्रयोग गरिएको छ । अत्याधिक मात्रामा ढुङ्गाको प्रयोग गरी निर्माण गरिएको पर्खाल निकै मजबुत रहेको छ । पर्खालका अंश लाग्ने तल्लोभागमा खेती गरिएको हाल खेती गरिएको छ । किल्लाबाट मुख्य बाटो दुवैतर्फ पर्खाल लगाएर फराकिलो गरि दक्षिण पश्चिमी दिशातर्फ मोडिएको छ । त्यस्तै अर्को बाटो किल्लाको पूर्वतर्फ हुँदै घुमेर पहिलो द्वारमा जोडिएको छ । किल्लाको वरिपरि पहिले बस्ती रहेको देखिन्छ । हाल भने केही तल दलित बस्ती रहेको छ । अग्लो टाकुरामा रहेको कोटबाट पर्वत लगायत बाग्लुङ, म्याग्दी जिल्लाका धेरै क्षेत्रहरू देख्न सकिनाको साथै शत्रुसँगको युद्धका दृष्टिले पनि मजबुत यो किल्ला तत्कालिन व्यवस्थाको सांस्कृतिक धरोहरको रूपमा रहेको छ । यसको साथै यसकोटको पश्चिम आधा घण्टाको समय पछि पुर्कोट भन्ने पुरानो कोट रहेको छ । यहाँ पहिला गढ रहेकोमा हाल सामान्य फराकिलो टाकुरो मात्र बँचेको छ । यसको व्यवस्थित खोज हुनु आवश्यक छ । यस लिमिभूमेकोटको ५ मिनेट पूर्व जीताकोट केही होचो टाकुरामा रहेको छ ।

**सामाजिक महत्व**

कोटमा पूजाहुने परम्परा सबै ठाउँमा एकै समयमा हुने गर्दछ । त्यस कारण यसबारेमा विशेष चर्चा गर्न आवस्यक देखिएन । यसक्षेत्रको विशेषता कोटमा भूमेको मूख्य रूपमा पूजागर्ने प्रचलन यहाँ पनि प्रमुख रूपमा नै मान्ने गरिन्छ । चैत्राष्टिमी र नवरात्रको वेलामा पनि भूमेकै नाममा भाकल र बली दिने गरिन्छ । दुर्गापूजाको वेलामा यहाँ पारम्परिक व्यवस्था रहेको छ । यस बेलामा फलेवासले फूलपाती, शंकरपोखरीले तेल र खुमले कोतघर छाउनको लागि खर ल्याउने परम्परा थियो । यसकोटको नजिकै पश्चिम पाखोमा बाक्लो दलित वस्ती रहेको छ भने अन्यत्र क्षेत्रीहरूको पनि बसोबास रहेको पाइन्छ ।

**४.२.३.२.७ जीताकोट**

त्रिकोणात्मक आकारमा ३ रोपनी क्षेत्रफलमा फैलिएको यो कोट पूर्ण रूपमा वाहिरी महत्वपूर्ण संरचना मेटिने अवस्थामा पुगेको छ । पूर्व तर्फको भागमा १ मिटर फराकिलो पर्खालको केही भागमात्र बचेको देखिन्छ भने उत्तरी भागमा भित्रबाट १ फिट अग्लो पर्खालको भाग पुरानै ढुङ्गालाई प्रयोग गरी पुनः निर्माण गरिएको छ (द्रष्टव्य चित्र सं.२२) । यस भागमा जगको भाग पुरानै अवस्थामा रहेको छ । यसै पर्खाल सँग जोडिएर पश्चिमी भागमा एउटा चौतारो रहेको छ यसै चौतारोको पश्चिमी भागबाट तल पाखोमा पौड्याल र सापकोटा बन्धुहरू बसोबास गरेको साँधको रूपमा खुल्ला डहर जोडिएर गएको छ । यो चौतारो माथि देवीको पूजागर्ने परम्परा रहेको छ । कोटको पूर्वी भागमा देवी देउरालीको थान स्थापना गरिएको छ । हाल बचेको पर्खाल र सांस्कृतिक परम्पराको आधारमा यो कोटको केही उल्लेख गर्न सकिन्छ । केन्द्र भागमा नागको प्रतीक प्राकृतिक शिलालाई ठाडो गरी चौका माथि राखिएको छ । यस बाहेक यहाँ भौतिक प्रमाणका रूपमा अन्य अवशेष प्राप्त गर्न सकिएन । पहाडी अग्लो धारको टाकुरामा रहेको हुनाले यो सुरक्षाको दृष्टिले बलियो अवस्थामा रहेको देखिन्छ ।

### ४.२.३.२.८ दुर्लुङकोट

जिल्लाको सदरमुकाम कुश्मा बजार देखि उत्तर ३ घण्टाको उकालो चढे पछि यस कोटमा पुग्न सकिन्छ । पहाडी ठाडो अग्लो टाकुरामा पश्चिमाभिमुख रहेको यो कोट सांग्रामिक दृष्टिले महत्वपूर्ण स्थानमा रहेको छ (द्रष्टव्य चित्र सं.२४) । हालको कोटको स्वरूप पुरानै स्थानमा फराकिलो गरी  नवनिर्मित भएको हुनाले यसको विस्तृत चर्चा गर्न मनासिब देखिँदैन । पुरानो खरले छाएको कोतघरमा प्राकृतिक शिलालाई देवी र नृसिंहको प्रतीक स्वरूप पूजागर्ने प्रचलन हाल दुई तले तले शैलीको नयाँ मन्दिरमा रहेको छ । पुजारी बस्नका लागि पनि नयाँ सिलेट ढुङ्गाले छाएको घर बनेको छ । मन्दिरको पछाडि पिठशैलीमा भूमेको मन्दिर बनाइएको छ ।  यो मन्दिर छानोबिहीन अवस्थामा पर्खालले चारैतर्फबाट घेरेर दक्षिण दिशामा मुख्य प्रवेशद्वार राखिएको छ । पर्खालको भित्र चौको बनाएर चौको माथि प्रमुख भूमे सहित अन्य देवताहरूलाई साधारण प्राकृतिक शिलाकारूपमा पूजागर्ने गरिन्छ । यहाँको प्रमुख देवता पनि भूमेलाई मान्ने गरिन्छ । हाल कोटको पुरानो प्रमाण स्वरूप २ ओटा ओखलाकार पाषाणहरू रहेका छन् (द्रष्टव्य चित्र सं.२५) । स्थानीयहरू यी गोलाकार विचमा खाल्टो भएका पत्थरलाई तत्कालीन राजाले प्रयोग गरेका ओखल मान्छन् । तर यी गोलाकार ढुङ्गाहरू ओखल भन्दा लडाईंमा प्रयोग गरिने चक्का जस्ता पत्थर देखिन्छन् । लडाईंको वेलामा यस्ताखाले पत्थरहरूको बिचमा डण्डी राखेर ओरालोमा गाडीको पाङ्ग्रा जस्तै गुडाएर शत्रुक्षलाई धपाउन प्रयोग गरिने जनश्रुति पाइन्छ । यी गोलाकार ढुङ्गाको अगाडि भागमा केही ओखलको जस्तै आकारमा खाल्टो बनेको छ भने पछाडिको भागमा केही सानो प्वाल परेको छ । पछाडिको प्वाल केही मिलाएर काटेको जस्तो देखिने हुनाले यो लडाईंको लागि प्रयोग गरिने चक्का जस्तो देखिन्छन् । कोटको पश्चिमी भागमा यसको प्रमुख प्रवेशद्वार रहेको छ ।  यस द्वारको दायाँ तर्फ थानपतिको पूजास्थल सानो मन्दिर जस्तै देउदेवी शैलीमा बनाइएको छ (द्रष्टव्य चित्र सं.२६ ) । यो थानपति शाब्दिक दृष्टिले हेर्दा ठान वा थानको पति बाट थानपति भएको देखिन्छ । यसलाई मुख्य द्वारको नजिकै स्थापना गरिनुले पनि यस प्रसङ्गलाई पुष्टि गर्नका लागि सहयोग गर्ने दखिन्छ । यसको साथै कोटको पूर्व १० मिनेटको बाटोमा अर्को एउटा तारेकोट भन्ने स्थान रहेको छ । यस स्थानमा पनि कुनै भौतिक संरचना देख्न सकिँदैन । तत्कालिन सेनाले तारो हान्न सिक्ने हुनाले यस स्थानलाई तारेकोट भनिएको हो भन्ने भनाई रहेको पाइन्छ । यस्तै रानीले पानी खाने हुनाले रानीकुवा हुन पुगेको मानिन्छ । रानीकुवा र सेनाले परेड

खेल्ने भनेर मानिने हाल काफलचौर उच्च मा.वि. भएको स्थान यस कोटसंग सम्बन्धित रहेको देखिन्छ । यस्तै कोट बाट उत्तर दिशाको पहाडी वस्ती नजिकै एक भुजेलथाना नामक स्थान पनि यस कोट सँग सम्वन्धित रहेको जनश्रुति पाइन्छ । तर हाल यहाँ भुजेल समुदायको बसोबास पाइँदैन । यो कोटको स्थापनाकर्ता यी भुजेलहरू नै हुन् भन्ने यहाँ जनविश्वास रहेको पाइन्छ । यी विषयहरू हाल सामाजिक किंबदन्तीका रूपमा मात्र रहेका छन् । यस स्थानमा अन्य भौतिक संरचना फेलापार्न सकिएन ।

**सामाजिक महत्व**

नवरात्र र चैत्रअष्टमीमा विशेष पूजा हुने अन्य कोट जस्तै यस कोटमा पनि पूजा हुने गर्दछ । यस बाहेक यस कोटमा विशेष रूपमा भुमेको पूजा विधि विधान सहित सम्पन्न हुन्छ । खेतीपाती, वस्तुचौपाया र मानिसको उन्नतिमा भूमेकै अनुकम्पा मानिन्छ । कोटमा पूजा राम्रोसँग होस् खेतीपाती राम्रोसँग थन्काउन पाइयोस् भनेर असिना, पानीको विपत्तीबाट बच्नका लागि भूमेको नै पूजागर्ने चलन रहेको छ । जेष्ठ शुक्ल पक्षको गैडुँ पूर्णिमा भित्र पञ्चमी तिथि कटाएर मंगलवारका दिन उभौंली पूजा विधि विधानपूर्वक सम्पन्न गरिन्छ । यस कोटमा पूजाको व्यवस्थाको लागि १९११ सालको एक पत्र प्राप्त भएको छ । यसै पत्रका अनुसार यहाँ पूजा व्यवस्था चलिआएको पाइन्छ ।[282] यस पूजामा विशेष गरी जलसिंभू र उनका सहायका देवीदेवताहरूको पूजा गरिन्छ । जेष्ठ महिनामा हुने उभौंली पूजाको विशेष महत्व हुन्छ । यस दिन मनोकामना सिद्ध गराउन विभिन्न स्थानबाट बलिसहित पूजागर्नेको भिड हुन्छ । सयौंको संख्यामा बोकापाठाहरू बलि दिइन्छ । त्यस्तै मंसिर महिनामा पनि भूमेकै उघौंली पूजा गरिन्छ । यस पूजामा भने जेष्ठ पूजामा जस्तो चाप हुँदैन । यस पूजामा पनि मुख्य रूपमा जलसिंभू भूमेको र अन्य देवी देवताको पूजा गरिन्छ । यसप्रकार भूमे प्रतिको विश्वास पाइनु यस क्षेत्रको विशेष विशेषता देखिन्छ । यस कोटको नजिकै पश्चिमोत्तर भागमा हाल गुरूङ जातिको बसोबास रहेको छ भने दक्षिणी भागमा विभिन्न दलितहरूको बसोबास रहेको छ । यसको तल्लो भागमा ब्राहमण लगायत छेत्री जातिको पनि बसोबास रहेको छ ।

### ४.२.४ मृण्मयकला

मानव जातिले गरेको कलाको विकास मानव सभ्यताकै एउटा उत्कृष्ट उपलब्धी हो । यो कलालाई प्रस्तुत गर्नका लागि कलाकारले विभिन्न माध्यमहरू अपनाएको पाइन्छ । प्रागैतिहासिक कालदेखिनै कलाको विकास भएको सन्दर्भमा कलाकारहरूले माटो, ढुङ्गा, हाड आदिमा कलाका नमुना हाल सम्म पनि देख्न पाइन्छ । ढुङ्गा, हाडमा कला उतार्ने कलाकारले काठमा पनि अवस्यै पनि कलाको माध्यम बनाए होलान् तर कम टिकाउयूक्त हुनेहुनाले हाल सम्म जीवित रहन सकेका छैनन् । कला उतार्ने किसिमले माध्यम मध्ये सर्वसुलभ, सहज र लचकदार हुनेहुनाले मानिसहरूले माटोलाई पहिलो रोजाइको रूपमा प्रयोग गरिएको पाइन्छ । प्राचीनकाल देखि नै साँचो र हातद्वारा काँचो र पाको माटोबाट बनेका विभिन्न कलापूर्ण भाँडाकुँडा, सजावटका सामाग्री र उपासनाका लागि मूर्तिहरू समेत पाइएका छन् । यो परम्परा हाल सम्म पनि यथावत देख्न पाइन्छ ।

#### ४.२.४.१ नेपालमा मृण्मय कलाको विकासक्रम

[282] **परिशिष्ट** सं २ ,नं. २ ।

नेपालमा मृण्मय कलाको ईतिहासको शुरूवात दक्षिण तराईबाट भएको देखिन्छ । कपिलवस्तु, लुम्विनी र बन्जराहिको उत्खननबाट बुद्धकालिन मृण्मय कलाका प्रमाणहरू प्राप्त भएका छन् । तिलौराकोटको उत्खननबाट उत्तरिय कालो पालिस गरिएका भाँडाहरू प्राप्त भएका छन् ।[283] यही स्थानबाट मौर्य र सुँगकालिन मातृशक्तिका भग्न मृण्मय मूर्तिहरू पनि प्राप्त भएका छन् । यसका साथै, माटोबाट बनेका गोरू, घोडा, गाई लगायतका खेलौना स्वरूप पनि प्राप्त भएका छन् ।[284] बन्जराहिको उत्खनन्बाट ईसापूर्व तेस्रो शताब्दीको नारी मूर्ति समेत प्राप्त भएको छ ।[285] तिलौराकोटको उत्खननबाट प्राप्त पूर्ण विकशित कमलाशनमा त्रिभङ्ग मुद्रामा रहेकी श्रीलक्ष्मीको मूर्तिलाई नेपाली विद्वान् लैनसिङ् वाङ्देलले ईसापूर्व पहिलो शताब्दीतिरको मान्नु भएको छ ।[286] यसरी नेपालमा ईसापूर्वकालमा नै मृण्मय कलाको विकास भएको देखिन्छ । यो परम्परा ईस्वीको थालनी पछि पनि कायमै रहेको देखिन्छ । चाँगुनारायणको भण्डारबाट ईस्वीको दोस्रो शताब्दी पुरानो एक श्रीलक्ष्मीको मूर्ति प्राप्त भएको छ ।[287] यसलाई मोहनप्रसाद खनालले कुषाणकालीन मान्नु भएको छ ।[288] यस पछि भने उपत्यकामा मृण्मय कलाको निरन्तरता रहेको छ । काठमाडौको हाँडीगाउँ तथा धुमबाराही उत्खननबाट पूर्वलिच्छवि र लिच्छविकालीन मूर्तिहरू प्राप्त भएका छन् ।[289] उपत्यकामा पहिलो पल्ट मृण्मय मातृकाको उल्लेख पाटन सिकुबहिको उमामहेश्वर मूर्तिफलकको पादपीठमा अंकित संवत् ४९५ को अभिलेखमा परमभागवत देशबर्माकी आमा पतिवर्ता धर्मात्मा देश भट्टारिकाले स्वर्गवासी व्रभूवर्माको स्वर्गवासको कामना सहित आफ्ना आमा बाबु, पति र आफ्नो समेत पुण्य वृद्धिका लागि पहिल्यै देखि रहँदै आएका वाग्मती र विष्णुमतीको संगममा जीर्ण भएका माटाका मातृकाहरूका मूर्तिको स्थानमा ढुङ्गाका मातृका स्थापना गरेको उल्लेख पाइन्छ ।[290] लिच्छविकालकै परम्परा बोकेका राता मच्छिन्द्रनाथ, सेता मच्छिन्द्रनाथ, जयवागेश्वरी आदि प्रख्यात मूर्तिहरू हालसम्म पनि माटोबाटै बनेका छन् ।[291] लिच्छविकालमा नै अंशुबर्माको वटुमा रहेको अभिलेखमा 'पण्यानी मृदभाण्डानि' भन्ने उल्लेख हुनाले यस भेगमा लिच्छविकालमा माटाका भाँडा बनाउने व्यवसाय रहेको देखिन्छ ।[292] यसबाट यसकालमा मृण्मय एउटा व्यवसायकै रूपमा विकास भएको स्पष्ट हुन्छ ।

मध्यकालमा मृण्मय कलाको अझै विकास भएको थियो । यसकालमा मृण्मयकला साना मूर्ति र भाँडाकुँडामा मात्र सीमित नरहेर बृहत वास्तुका स्वरूप समेत बन्न पुगेका थिए । पशुपति आर्यघाटको अनन्त आदिनारायणको मूर्ति र पाटन महाबौद्ध मन्दिर यसकालमा बनेका विशाल

283 विडारी, **पूर्ववत्** ,( पादटिप्पणी सं. १३५) , पृ.२१८ ।
284 **ऐजन**, पृ.२२४ ।
285 कल्पना श्रेष्ठ, " मृण्मयकला : एक सिंहावलोकन" **भ्वाईस अफ कल्चर,** काठमाण्डौ : संस्कृति विभाग पद्‌मकन्या बहुमुखी क्याम्पस, वि.सं.२०६६), पृ.५६ ।
286 वाङ्देल **पूर्ववत्** ,(पादटिप्पणी सं.२२) , पृ.१८ ।
287 मोहनप्रसाद खनाल, **चाँगुनारायणका ऐतिहासिक सामाग्री**, ( काठमाडौ : नेपाल र एसियाली अनुसन्धान केन्द्र, वि.सं.२०४०), पृ.६३ ।
288 **ऐजन** ।
289 श्रेष्ठ, **पूर्ववत्** ,(पादटिप्पणी सं. १७४) , पृ.५६ ।
290 वज्राचार्य, **पूर्ववत्** ,(पादटिप्पणी सं. २७), पृ.२११ ।
291 **ऐजन** ,पृ.२१३ ।
292 **ऐजन** , पृ.३५२ ।

स्वरूप हुन् । यो आदि नारायणको मूर्ति कान्तिपुरका राजा अमरमल्लको समयमा पोलिएका १२१ ओटा ईंटाका टुक्राहरू जोडेर बनाइएको छ ।[293] पाटनको महाबौद्ध भने स्थानीय पण्डित अभयराज र जीबराजले भारतको बौद्धगयाको स्वरूपमा ने.स. ७०५मा निर्माण गराएका थिए ।[294] शिखर शैलीको यो मन्दिरका प्रत्येक वास्तु अङ्गहरू पोलेका ईंटाबाट बनेका छन् । प्रत्येक ईंटामा बुद्धको प्रतिमा अंकित गरिएकाले यो मन्दिरलाई महाबौद्ध भनिएको हो । मृण्मयकलाको उत्कृष्ट नमुनाको रूपमा भक्तपुर दरवार क्षेत्रको रामेश्वर मन्दिर पनि एक हो । यस्तै नमुना मध्ये भक्तपुरको तुछिःमला टोलको आवाल आगम घर पनि रहेको छ ।[295] यो आवाल जातिको घर ने.स. ८३०मा निर्माण भएको थियो ।[296] तीनतला भएको यो घरका झ्याल, कार्नेस, चौकोस, तोरण लगायत सम्पूर्ण वास्तुकला पाको माटोबाट बनेको मृण्मय कलाको एक उत्कृष्ट लौकिक वास्तुकला हो ।[297] मध्यकालीन कलाकारले विभिन्न स्वरूपमा माटोलाई कलाको माध्यम बनाएको देखिन्छ । यस्तै, काठमाडौं तलेजुको पश्चिमी द्वारको अर्धबृत्ताकार तोरण पनि उत्कृष्ट मृण्मय कलाको नमुना हो । दोहोरो अर्धबृत्ताकार यो द्वार मकर, नाग सहितको गरूड, विभिन्न तान्त्रिक देवीदेवताहरू उत्कीर्ण गरिएको उत्कृष्ट कलाकृतिको रूपमा रहेको छ । यसैकालका हाल राष्ट्रिय संग्रहालयमा रहेका नवदुर्गा, विरूपाक्ष आदि उत्कृष्ट नमुना हुन भने काठमाण्डौं कुमारी घरको पेटीमा रहेका कला पनि रहेका छन् ।

आधुनिक कालमा पनि मृण्मय कलाको निरन्तरता देख्न पाइन्छ । यसकालमा त झन् यो एउटा व्यवसायकै रूपमा विकास भएको छ । यस्तो काम गर्ने व्यवसायिक जातिलाई कुमाले पनि भनिन्छ । यस प्रकार मृण्मयकला हाल आधुनिक भवनका कोठा, बगैंचा, बारतली आदिमा विभिन्न स्वरूपमा रहन पुगेको छ ।

### ४.२.४.२ अध्ययन क्षेत्रमाप्राप्त मृण्मयकला

### ४.२.४.२.१. पर्वत जिल्लाको पाङबाट प्राप्त मृण्मयकला

### ४.२.४.२.१.१ माटोको घैंटो

यहाँको खाल्डोबाट पाकेको माटोबाट बनेको १० सेन्टिमिटर व्यास भएको माटोको घैंटो प्राप्त भएको छ । यो घैंटोको बाहिरी भागमा मान्द्रोको डाम बसेको छ । यसको गला भन्दा तल्लो भाग अत्यन्तै मिहिन पारेर बनाएको उत्कृष्ट गोलाकार रहेको छ । यो पूर्ण पाकेको रातो नभएर केही भागमा डढेको कारण कालो पनि देखिन्छ । यो डाम घैंटो बनाउँदै गर्दा आलो छँदै मान्द्रोले बेरेर यसको आकारलाई बनाई राखेको जस्तो देखिन्छ । तर चारपाटे एकोहोरो डामका कारण यो कस्तो खालको मान्द्रो हो विस्तृत अध्ययनबाट नै थाहा हुनेछ ।

---

293 श्रेष्ठ, **पूर्ववत्** ,(पादटिप्पणी सं. १७४) , पृ.५८ ।

294 **ऐजन** ।

295 **ऐजन** ,पृ.६९ ।

296 **ऐजन,** ।

297 **ऐजन** ।

### ४.२.४.२.१.२ माटोबाट बनेको माला

यसै स्थानबाट पाकेको माटोबाट बनेका मालाका दाना पनि प्राप्त भएका छन् । यी अत्यन्तै सानो आकारमा रहेका छन् । यी दानाको बाहिरी भित्ता एकनासको सपाट र केही चिल्लो हुनुको साथै यी विभिन्न आकारका छन् । यी दाना साँचोबाट बनेका देखिन्छन् । यी मालाका दाना सुनौलो रङमा बनेका छन् ।

### ४.२.४.२.२ खौलाझादीकोटबाट प्राप्त झिँगटी

यस स्थानमा हाल दरबारको भौतिक स्वरूप प्राप्त नभए पनि झिँगटी प्राप्त भएका छन् । पाकेको माटोबाट बनेका यी झिँगटीका आकार विभिन्न रहेका छन् । लम्बाई २० देखि ११ सेन्टिमिटर र चौडाई ९ सेन्टिमिटर र २ सेन्टिमिटर जति मोटा झिँगटी पाइएका छन् । यी झिँगटीको एकातर्फमात्र खप काटिएको कारण किलाकाँटीको प्रयोग नगरी एकअर्कामा खप्टाएर छाउने गरिन्थ्यो भन्ने देखिन्छ । यस्तो खालका झिँगटी पिपलटारी, वडा १ को दक्षिणी पाखो चालिसेबाट पनि प्रसस्त मात्रामा प्राप्त भएका छन् । यस चालिसेमा झिँगटी बनाउने भट्टी थियो भन्ने स्थानीय बुढापाका वताउँछन् । यस स्थानमा अध्ययनका क्रममा हाल झिँगटी प्रसस्तमात्रामा छरिएको पाइयो । यहाँ रहेका भिँगटीका टुक्राहरू मध्ये कुनै पाकेर रातो बनेका छन भने कुनै कालो रङ्का कडा देखिन्छन् । यहाँको ठूलो खेतको गरोमा पहिले दरबार थियो भन्ने स्थानीय भनाई समेत पाइन्छ । तर हाल खेती गरिने हुनाले भवनको कुनै भौतिक स्वरुप देख्न पाइँदैन । यी एकै प्रकारका झिँगटी प्राप्त हुने स्थान सतहुँझादी क्षेत्र हुन् ।

## ४.३ मानव निर्मित गुफा

अखाडाको पूर्वतर्फ चट्टाने पहरोमा एक मानव निर्मित गुफा रहेको छ (द्रष्टव्य चित्र सं.३०) । ६x६ फिटको वर्गाकार कोठा जस्तै यो गुफामा पहिले ढोका समेत रहेकोमा हाल खुल्ला रूपमा नै रहेको छ । यो गुफाको कुनामा भित्र चुल्हो पनि देखिन्छ । यो चट्टाने पहरो काटेर बनाएको गुफा आवासको अभावमा बनाएको हुन सक्ने देखिएकाले यहाँको धार्मिक महत्व निकै पहिले देखि रहेको देखिन्छ । विस्तृत खोज हुन सके यसले यहाँको प्राचीनताबारे थप स्पष्ट पार्न मदतगर्ने देखिन्छ ।

## ४.४ मुद्रा

मुद्रा भन्नाले धातुका पैसालाई बुझिन्छ ।[298] जसलाई मानव जातिले विनिमयको माध्यमको रूपमा प्रयोगमा ल्याएको हो । प्रो. कोलले मुद्रालाई कुनै पनि वस्तु खरिद गर्न सक्ने

[298] सोमप्रसाद खतिवडा, **नेपालका लिपि र मूद्राहरुको परिचय** ( काठमाण्डौं: एम.के. पब्लिसर्स एण्ड डिष्ट्रिव्यूटर्स, वि.सं.२०६०), पृ.१८१ ।

क्रयशक्ति हो भनेका छन् ।[299] यसको उत्पत्ति मानव सभ्यतामा व्यापार वाणिज्यको थालनी सँगै भएको अनुमान गर्न सकिन्छ । त्यसैले किलवनले मूद्रालाई मूल्य मापन तथा भुक्तानीको साधन भनेका छन् ।[300] त्यस्तै, अर्का अर्थशास्त्री जेवन्सका अनुसार "तुलनात्मक कम आवस्यक बस्तुबाट तुलनात्मक बढी आबस्यक बस्तुको आदान प्रदानलाई विनिमय भनिन्छ"[301] यसकारण मुद्रा एक साधन जसले वस्तुको मूल्यसँग तुलनात्मक सम्बन्ध राख्दै खरिद गर्ने वा क्रय गर्ने शक्ति भएको वस्तु भन्ने स्पष्ट देखिन्छ । मानब जातिले दैनिक व्यवहारलाई सहज बनाउनका लागि विकास गरेको मुद्रा सभ्यताकै महत्त्वपूर्ण देन हो । नवपाषण कालमा पशुपालन र कृषिको थालनी सँगै क्रयविक्रयको पनि परम्परा विकास भएको हामी सहजै अनुमान लगाउन सक्छौं । मुद्रा विना मानिसको दैनिक जीवन निकै कष्टकर हुन्थ्यो सजिलै आफूसँग नभएको बस्तु खरिद वा उपभोग गर्न असमर्थ हुन्थ्यो । यस्तो बेलामा मानिसले आफूसँग भएका बस्तु सँग आवश्यक बस्तु साटेर काम चलाउने गर्दथे । विस्तारै यो वस्तु साटासाटको परम्परा पनि असहज हुन जाँदा मानिसले सर्वमान्य वस्तुलाई मुद्राको रूपमा प्रयोगमा ल्याएको थियो । यी मूद्राहरू विभिन्न स्थानमा फरकफरक वस्तुलाई प्रयोगमा ल्याइएको पाइन्छ । प्राचीनकालमा पत्थर,माटोका चक्का, जनावरका हाड, बन्चरो, दास दासी आदिलाई वस्तुमुद्राको रूपमा प्रयोगमा ल्याएको पाइन्छ ।

### ४.४.१ नेपालमा मुद्राको विकासक्रम

नेपाली इतिहास र संस्कृतिको अध्ययनका लागि महत्त्वपूर्ण पुरातात्त्विक स्रोत मुद्राको बारेमा नेपाली भूगोल भित्र खोज गरेको खण्डमा ईसापूर्व छैटौं शताब्दी देखि दक्षिण तराई र ईस्वीको पाँचौ शताब्दी देखि काठमाण्डौं उपत्यकामा प्राप्त भएका छन् । हुन त काठमाडौंमा पाँचौं शताब्दी भन्दा पनि पुराना मुद्रा प्राप्त भएका छन् । तर यी मुद्रा व्यापारको क्रममा नेपाल भित्रिएको भन्ने विद्वान्हरूको मत पाइन्छ । तत्कालिन गणराज्य कपिलवस्तुमा पनि यस्ता आहात मुद्रा प्राप्त भएको हुनाले त्यतैबाट पनि यहाँ नआएहोलान् भन्न सकिंदैन । कपिलवस्तुको उत्खननमा ब्राह्मी लिपिमा सकनस्य अंकित माटाका टोकनहरू पनि प्राप्त भएका छन् जसलाई केही विद्वान्हरूले मूद्रा मानेका छन् ।[302] यी टोकनहरू पनि मुद्रा भएको खण्डमा नेपालको मौद्रिक इतिहासमा एउटा नयाँ आयाम स्थापना हुने देखिन्छ । यसका साथै प्रशस्त मात्रामा पञ्चमार्क मुद्रा पनि उत्खननबाट प्राप्त भएका छन्, जसको साथमा कुषाण राजा विमकदफिसस, कनिष्क र हुबिस्कका मुद्राहरू पनि प्राप्त भएका छन् ।[303] यसको साथै तिलौराकोकोटको सुरक्षा पर्खालको बाहिर दक्षिणी भागमा धातुको काम गर्ने कार्यशालामा (आरन) तामाका मुद्रा[304] पनि प्राप्त भएको हुनाले तिलौराकोटमा नै मूद्रा टकमारी गरिन्थे भन्ने देखिएको छ । कपिलबस्तुमा प्राचीन प्रसिद्ध राजमार्ग उत्तरापथ र दक्षिणापथबाट सिन्धु देशका घोडाहरू पनि त्यहाँ आईपुग्ने कुराको उल्लेख वौद्धजातकहरूमा पाइन्छ ।[305] महावत्थुमा उल्लेख गरे अनुसार कपिलवस्तु एक धन सम्पन्न र

[299] रमेश ढुङ्गेल, **प्राचीन अर्थव्यवस्था,** ( काठमाण्डौंः शारदाप्रसाद ढुङ्गेल, वि.सं.२०४३ ), पृ.१९ ।
[300] **ऐजन** ।
[301] **ऐजन** ।
[302] विडारी, **पूर्ववत्** ,(पादटिप्पणी सं.१३५), पृ.२६५ ।
[303] **ऐजन** ,पृ.२६४-२६९ ।
[304] **ऐजन** , पृ.२६० ।
[305] ढुङ्गेल, **पूर्ववत्** ,(पादटिप्पणी सं.१८८) , पृ.३८ ।

जनकिर्ण नगर थियो जहाँ सिन्धु देशका घोडाहरूले सिद्धार्थको रथ तान्दथे ।[306] यी साहित्यिक स्रोतका अनुसार असल घोडा आउने हुनाले यी घोडा खरिद गर्नका लागि मुद्राको आवश्यकता पर्दथ्यो भने यही मुद्रा बनाउने आरन पनि प्राप्त हुनाले यहाँ मुद्राको प्रचुर प्रचलनलाई स्पष्ट देखिन्छ ।

काठमाडौ उपत्यकामा भने इस्वीको पाँचौ शताब्दीबाट मात्र मुद्राहरू प्राप्त भएका छन् । लिच्छविकालका प्रमाणिक राजा मानदेवले पहिलो पल्ट नेपाल उपत्यकामा मुद्रा प्रचलनमा ल्याएका थिए जसलाई श्रीमानाङ्क भनिन्छ ।[307] यसबाहेका लिच्छविकालमा श्रीगुणाङ्क, श्रयंशुबर्मा, वैश्रवण, पशुपति, जिष्नूगुप्त आदि मुद्रा प्रचलनमा आएका थिए ।[308] तामा धातुबाट बनेका[309] यसकालमा चलेका मुद्राहरूका मौद्रिक प्रणालीबारे विभिन्न अभिलेखहरूमा उल्लेख गरिएको पाइन्छ । विष्णुपादुका फेदिको शिवदेवको अभिलेखमा कार्षापणको उल्लेख पाइन्छ ।[310] थानकोटको भीमार्जुनदेव र जिष्नूगुप्तको अभिलेखमा पण को समेत उल्लेख छ भने नरेन्द्रदेवको पालादेखि पणपुराणको समेत प्रचलन भएको पाइन्छ ।[311] यसप्रकार लिच्छविकालमा पण, पुराण र पणपुराण[312] नामक मुद्राको प्रचलन रहेको देखिएकाले यो वैदिककालीन परम्पराकै निरन्तरता रहेको देखिन्छ । यी मुद्राहरू मध्ये पुराण माथिल्लो तहको हुने गर्दथ्यो भने मुद्राको मूल्य र प्रसारण तिथिविहिन यसकालका मुद्राका तौल भने फरकफरक रहेका हुनाले विद्वान्हरूले तौलको आधारमा मुद्राको मूल्य निर्धारण हुन्थ्योकी ?[313] भन्ने अनुमान गरेका छन् । यसकालका मुद्राहरू साँचोबाट निर्मित रहेका पाइन्छन् ।[314] यसकालका मुद्रा कतिपय शासकले आफ्नै प्रसस्तिकालागि प्रसारण गरेका हुन्थे भने कतिपय देवीदेवताका नाममा पनि प्रसारण गरिएका पाइएका छन् । जस्तै पशुपतिमुद्रा, वैश्रवण आदि । प्रसारित मिति र प्रसारणकर्ताको उल्लेखविहिन विवादास्पद मुद्राहरू पनि प्राप्त भए पनि नेपाली प्राचीनकालीन अर्थव्यवस्थाको बारेमा जानकारी हासिल गर्नका लागि यी मुद्रा महत्त्वपूर्ण रहेका छन् ।

ऐतिहासिक दृष्टिले अँध्यारोकालका रूपमा रहेको पूर्वमध्यकालका केही महत्त्वपूर्ण मुद्रा प्राप्त भएका छन् । यसकालमा शिवका र द्रम्म नामक मुद्रा प्राप्ती वारे उल्लेख पाइन्छ । यी मुद्रा मध्ये शिवका सुनबाट बनेको र यसको अग्रभागमा ठूलो आकारको श्री अक्षर र पृष्ठ भागमा शिवस्य अभिलेख उत्कीर्ण गरिएको पाइन्छ भने द्रम्म चाँहि चाँदीबाट बनेको अग्रभागमा ठूलो श्री र पृष्ठभागमा बसेको सिंह आकृति उत्कीर्ण छ ।[315] गोपालराजवंशावलीमा यी मुद्रा शिवदेवले

---

306 **ऐजन** ।

307 खतिवडा ,**पूर्ववत्** ,(पादटिप्पणी सं. १८७) , पृ.१९१ ।

308 वज्राचार्य, **पूर्ववत्** ,(पादटिप्पणी सं.२७) , पृ.२२३ ।

309 **ऐजन** ।

310 **ऐजन,** पृ.२१४ ।

311 **ऐजन**, पृ.४३४ र २२३ ।

312 **ऐजन** ।

313 खतिवडा, **पूर्ववत्** ,(पादटिप्पणी सं. १८७), पृ.१९८ ।

314 **ऐजन** ,पृ.१९९ ।

315 खतिवडा, **पूर्ववत्** ,(पादटिप्पणी सं.१८७), पृ.२०० ।

प्रचलनमा ल्याएको विवरण पाइन्छ ।[316] मौद्रिक प्रणालीका रूपमा द्रम्मलाई रूप्यद्रम्म तथा द्रम्मको रूपमा पण सरह लिन सकिने मानिएको छ । यो द्रम्म शब्द हाल लोपहुन लागेको दाम को पूर्वरूप हुन सक्ने देखिन्छ । यी मुद्रा बाहेक यसकालमा प्रसारित अन्य मुद्रा प्राप्त भएका छैनन् ।

मध्यकालीन नेपाल राजनीतिक दृष्टिकोणबाट कमजोर रहेपनि यसकालमा मानवीय चाप, वैदेशिक प्रभाव, धार्मिक प्रभाव, उपत्यकामा तीन स्वतन्त्र राज्यको स्थापना जस्ता कारणबाट कला वास्तुकलाको क्षेत्रमा व्यापक विकास भएको थियो । यसकाल मुद्राको विकासका दृष्टिले पनि महत्वपूर्ण रहेको छ । उपत्यका खाल्टोमा तीन स्वतन्त्र राज्य रहे पनि मुद्रा प्रसारण भने उपत्यका बाहिर दोलखाका शासक जयईन्द्रसिंहदेवले पहिलोपल्ट गरेका थिए । यिनले तिथिमिति विहिन चाँदीका मुद्रा प्रसारणमा ल्याएका थिए ।[317] यसको बीस बर्ष पछि उपत्यकाका राजा महेन्द्र मल्लले भारतमा समेत बराबर मूल्य भएका चाँदीका मुद्रा प्रसार गरेका थिए ।[318] यस पछि उपत्यकाका राजाहरूमा मुद्रा प्रसारण गर्ने होडबाजी नै चल्न थाल्यो । उपत्यकामा मल्ल शासन रहँदा भारतमा मुगल शासन चलिरहेको थियो । यसको असर छिमेकी नेपाल उपत्यकामा पर्नु स्वाभाविक थियो । जसको फलस्वरूप मल्ल राजाहरू द्वारा प्रसारण गरिएका मुद्राहरूमा अरबी लिपि र अरबी पदबीहरू मल्ल राजाहरूले पनि कुदाउने काम गर्न थाले । यसका साथै विभिन्न आकारमा समेत मुद्राहरू यसकालमा प्रसारण भए । कान्तिपुरका राजा प्रतापमल्लले मुद्रामा जहाँगीरशाह जस्ता पदवी लेखाउनुको साथै चतुष्कोणाकार मुद्रा समेत प्रसार गरेका थिए ।[319] चाँदीबाट बनेका यसकालका मुद्राको साथमा जयप्रकाश मल्लले भने छालाबाट समेत बनेको मुद्राप्रसारमा ल्याएको विवरण पाइन्छ ।[320] मौद्रिक मूल्यमा समेत भिन्नता रहेको यसकालका मुद्रामा मोट , मोहोरटंका , मोहोर टांका र माहो टंका का साथै राजाहरूकै नामबाट समेत मुद्रा बनेको पाइएका छन् । महेन्द्रमल्ली, कविन्द्रमल्ली आदि राजकिय उपाधिको साथै विदेशी प्रभाव, तिथिमिति अंकित, राजारानी, राजकुमार, भारदार आदिका नाममा मुद्रा प्रसारण गर्नु मूल्य अनुसारको मुद्रा निर्माण गर्नु र साँचोबाट मुद्रा निर्माण गर्नु यसकालका मौद्रिक विशेषता हुन् ।[321]

मध्यकालीन नेपाल भूगोल भित्र अनगिन्ती स्वतन्त्र राज्यहरू स्थापना भएका थिए । पश्चिम तर्फ बाईसे र चौबीसे राज्यहरू स्थापना भएका थिए भने पूर्वमा सेन वंशी राज्य सक्रिय थिए । यी स्वतन्त्र राज्यहरू मध्ये कतिपय निकै सवल राज्यको रूपमा स्थापित थिए भने कतिपय कमजोर अवस्थामा थिए । यसै परिप्रेक्षमा सवल राज्यहरूले आफ्नो राज्यलाई सवल पार्नका लागि स्वतन्त्र रूपमा मुद्रा समेत प्रसारण गरेको प्रमाण पाइएका छन् । यिनै राज्यहरू मध्ये चौबीसे स्वतन्त्र राज्य पर्वत राज्यले देशको मौद्रिक प्रणालीलाई सवल बनाउन स्वतन्त्र मुद्रा प्रचलनमा ल्याएको देखिन्छ । यस राज्यका राजा मलेबमको पालामा मुद्रा प्रसारण गरिएको देखिएको छ ।[322] यिनले कालीगण्डकी र म्याग्दी नदीको संगम स्थलमा टकशाला स्थापना गरी तावाँका मुद्रा प्रचलनमा

316 **ऐजन** ।
317 **ऐजन** , पृ.२०१ ।
318 **ऐजन** ।
319 **ऐजन**, पृ.२४६ ।
320 **ऐजन** , पृ.२०० ।
321 **ऐजन** ,पृ.२९१ ।
322 श्रेष्ठ, **पूर्ववत्** ,(पादटिप्पणी सं. ४१), पृ.१६३ ।

ल्याएका थिए ।[323]मलेबमले आफ्ना गुरू रामेश्वर पन्तलाई प्रतिवर्ष कार्तिक महिनामा श्रीमद्‌भागवत सप्ताह लगाउनको लागि वेणी दरवारमा तावाँका पैसा २०० रूपैयाँ दिने व्यवस्था गरी ताँवापत्र गरिदिएकोबाट वि.सं.१७६५ तिर टकशाला स्थापना गरिएका थिए भन्ने टेकबहादुर श्रेष्ठको भनाई छ ।[324] त्यस्तै राजा कीर्तिबम मल्लद्वारा जारी गरिएका ताम्रपत्रको शिरोभागमा मोहोर छाप लागेका छन् (द्रष्टव्य चित्र सं.४०,४१) । यी ताम्रपत्रहरू मध्ये दुई बाहेक सवैजसो ताम्रपत्रको शिरोभागमा उर्दूलिपि कुँदिएको मोहोर छाप लागेका छन् ।[325] कीर्तिबम मल्लका यी छापलागेका ताम्रपत्रहरूबाट तत्कालिन मुद्रा बारे केही जानकारी प्राप्त गर्न सकिन्छ । हालसम्म पनि मुद्रा प्राप्त भएका छैनन् तर छापलाई पनि मुद्रा भनिने प्रसंगमा यस अध्ययनमा ति दुई थरी ताम्रपत्र मध्ये प्राप्त २ ओटा दुईथरी ताम्रपत्रमा रहेका मोहोर छापबाट मुद्राको चर्चा गरिन्छ ।

### ४.४.२ चौबीसे राज्य पर्वतका राजा किर्तिबम मल्लद्वारा प्रसारित ताम्रपत्रमा अँकित मोहोर छाप

#### ४.४.२.१ . उर्दू लिपिविहीन मोहोर छाप

गोलाकार मोहोर छापको गोलाकार किनारी विन्दुयुक्त घेरा भित्र एउटा वृत्त बनाइएको छ । वृत्तरेखा भित्र वरिपरि ‘श्रीमत्कीर्तिबम मल्ल देवस्येयं मुद्रा’ लिपि कुँदिएको छ (द्रष्टव्य चित्र सं.४०) । यी अक्षर भन्दा भित्र अर्को वृत्त बनाइएको छ । वृत्त भित्र फेरि विन्दुयुक्त वृत्त बनाएर अर्को केन्द्रीय वृत्त बनाइएको छ । वृत्तमा माथिल्लो भागमा त्रिशूल र तल्लो भागमा धनुवाणका विचमा ‘श्रीराम’ अक्षर कुँदिएको छ । यो मोहोरमा तिथि मितिको उल्लेख गरिएको छैन् । कीर्तिबम मल्लले गरिदिएको यो ताम्रपत्रमा श्री शाके १६९३ पौष मासे रहेको छ ।

#### ४.४.२.२ उर्दूलिपि अङ्कित मोहोर छाप

गोलाकार किनारी दोहोरो घेरा भित्र विन्दुयूक्त घेरा बनाइएको छ (द्रष्टव्य चित्र सं.४१) । यी ३ तहको वृत्त भित्र उर्दुलिपि अंकित गरिएको छ । लिपि भएको भागमा दुईवटा रेखा समेत खिचिएका छन् । तर लिपि प्रष्ट नभएको हुनाले के लेखिएको हो बुझ्न सकिएन । कीर्तिबम मल्लद्वारा नै प्रसारित यो ताम्रपत्रमा श्रीशाके १६९९ मुकाम राजधानी बेणी उल्लेख गरिएको छ ।[326]

गोलाकार मोहोर छाप लागेका यी ताम्रपत्रहरूमा अंकित छापका मोहोरमा प्रसारण मिति र मूल्य तोकिएको छैन जसको कारणले तत्कालीन मौद्रिक प्रणालीबारे खुल्न सक्दैन । तर पनि यी मुद्राको प्रसारले गर्दा व्यापार विनिमयलाई व्यवस्थित गरेको हुनाले यहाँको आर्थिक अवस्था मजबुत हुनुका साथै एकरूपता समेत रहेको देखिन्छ । यसका साथै मोहोर छापको सहयोगबाट तत्कालीन धार्मिक पक्षवारे समेत केही जानकारी प्राप्त गर्न सकिन्छ । अरबी लिपि बाहेकको मोहोर छापको केन्द्रमा त्रिशूल, धनुबाण र श्रीराम शब्द उत्कीर्ण गरिएको छ । यहाँ अंकित त्रिशूलले शैव सम्प्रदायको संकेत गर्दछ भने धनुवाण र श्रीराम शब्दले वैष्णव सम्प्रदायको प्रतिनिधित्व गर्दछ ।

---

323 श्रेष्ठ, **पूर्ववत्** , (पादटिप्पणी सं.४१ ), पृ.१६३ ।

324 **ऐजन** ,पृ.१६४ ।

325 **ऐजन** ।

326 टेकबहादुर श्रेष्ठ,“ पर्वतका केही ताम्रपत्रहरु” **कन्ट्रिब्यूसन्ज टु नेप्लीज स्टडिज** , वर्ष ३, अंक २, ( वि.सं.२०३३), पृ.७२ ।

एउटै मोहोरमा वैष्णव र शैव सम्प्रदायको संयोजनका कारण यहाँ धार्मिक सहिष्णुतालाई महत्व दिएको देखिन्छ । यो क्षेत्र वैदिक सनातन धर्मको पकड क्षेत्र रहेको समेत देखिन आउँछ । यसले धर्ममा बहुदेवबाद भन्दा एकेश्वरबादलाई महत्व दिएको देखिन्छ । यसरी मध्यकालीन चौबीसे पर्वत राज्यले मौद्रिक परम्परालाई विकास गरी सवल राज्यको रूपमा स्थापित हुन सकेको देखिन्छ ।

## अध्याय पाँच

# उपसंहार

नेपाल अधिराज्यको इतिहासमा प्राचीन कालदेखि नै महत्त्वपूर्ण भूमिका निभाउँदै आएको पर्वत जिल्लामा लामो समयदेखि मानव संस्कृतिको विकास हुँदै आएको सन्दर्भमा यहाँ मानिसहरूले आफूलाई बाँच्नका लागि जीवनमा प्रयोग गरेका विभिन्न पुरातात्विक तथा सांस्कृति वस्तुहरू

यत्रतत्र छरिएर रहेका छन् । प्रसिद्ध कालीगण्डकी नदीको काखमा रहेर सिञ्चित यो जिल्लाका धेरैजसो उब्जाउ फाँटहरू यसै नदीको काखमा रहेका छन् । धेरै जसो भाग पहाडी भएको यस जिल्लामा नदीनालाका काखमा रहेका उब्जाउयुक्त फाँटहरूमा जीवन बाँचेका छन् । यिनै वेंशीटारहरू कुनैबेला मानव बसोबासका केन्द्र रहेको पनि हालैका प्राप्तिले देखाएका छन् । जिल्लाको पाङमा जमिनमूनी ढुङ्गाका छपनीबाट निर्मित खाल्टाहरूबाट विभिन्न भाँडाकुँडा, औजार र मृण्मय मालाका दानाहरूको प्राप्तिले यस स्थानमा पाषाणकालीन संस्कृति समेत विकास भएको देखिएको छ । जसको व्यवस्थित उत्खननबाट मात्रै नीश्चित निष्कर्ष निस्कने देखिन्छ ।

छिमेकी जिल्लाहरूमा लिच्छवि मुद्रा र लिच्छवि लिपि अङ्कित सामग्रीको प्राप्तिले प्राचीनकालमा पर्वत जिल्ला लिच्छविद्वारा शासित क्षेत्र भएको देखिन्छ । लिच्छवि राजा मानदेवले तरेको समुन्द्रको जोडा जस्तो गण्डकी नदी भनेर कालीगण्डकीलाई स्वीकारेको हुनाले राजा मानदेवले दमन गरेको मल्लपुरी यसै क्षेत्रतिर हुने धनवज्र वज्राचार्यले औंल्याएका छन् । यसै प्रसङ्गमा जिल्लाको उत्तरपश्चिमी क्षेत्रलाई हाल मल्लाज भनिदैं आइएको छ । त्यसैले उल्लेखित मल्लपुरी यही त होइन भन्ने विचार पनि उत्पन्न भएको पाइन्छ । वर्तमान नाम मल्लाज भए तापनि यसको पुरानो नाम मल्लाजा भएको देखिएको छ । यसका साथै यस भेगका स्थान विशेष नामहरू जस्तैः- सालिजा, बरङ्जा जस्ता नामपदको शब्दान्तमा 'जा' आएको छ । अर्कोतर्फ यस क्षेत्रमा बसोवास गर्ने जाति विशेष थरहरू पाइजा, गर्वुजा, तिलिजा, शेर्पाजा आदि शब्दान्तमा पनि 'जा' नै पाइने हुनाले मल्लाज पनि स्थानीय भाषाको प्रभावस्वरूप मल्लाजा हुनु स्वाभाविक देखिन्छ । यसकारण अन्य भाषाबाट खोज नहुँदा सम्म यो नाम यिनै जाति निकट देखिन्छ; जसको ऐतिहासिक पृष्ठभूमि खोजकै विषय रहेको छ । साथै जिल्लाको छिमेकी स्याङजा जिल्लाको टक्सारमा प्रशस्त मानाङ्क मुद्राको प्राप्तिले समेत मल्लपुरी कालीगण्डकीको काखमा हुने विषयलाई थप बल पुग्ने देखिन्छ । यसै जिल्लाको अरमादी नामक स्थानलाई टेकबहादुर श्रेष्ठले पूर्वमध्यकालीन राजा अरमुडीसँग नजिक देखाउन खोजेका छन् । यो स्थान हाल कालीगण्डकीकै पूर्वी किनारमा नै भए पनि यो विषयलाई पुष्टि गर्ने अन्य भौतिक प्रमाण यहाँ देख्न सकिँदैन । श्रेष्ठले देखेको भनेको दुईतले गुफा भनेर गुप्तेश्वर गुफालाई संकेत गरेको देखिन्छ, तर यो प्रसङ्ग अमिल्दो देखिन्छ । यो गुफा अरमादीदेखि पूर्व शिवालय गा.वि.स.मा पर्दछ । यो गुफामा दुईतला नभएर तीन तला रहेका छन् । पर्वत जिल्लालाई पूर्वमध्यकालीन जिग्लोद्गम विषयको रुपमा कतिपयले उल्लेख गरेको भए पनि यस क्षेत्रका पूर्वमध्यकालीन मंग्वर विषय, धवलस्रोतपुर लगायतका विषयहरू समेतको वारेमा चर्चा पाइनाले यस क्षेत्रको विशेष अध्ययनबाट नै वास्तविकता प्रकाशमा आउने देखिन्छ ।

मध्यकालको सुरूतिर विशाल खस साम्राज्य टुक्रिन पुगेर बाईसे र चौबीसे राज्यहरू विकास हुन पुगे । गण्डकी प्रस्रवणक्षेत्रमा रहेका चौबीसे राज्यहरु आठटिका शाही, शेन र मल्ल थिए । यिनै चौबीसे राज्यहरुमध्ये आठटिका शाही राज्यका सतहुँ, कास्की र नुवाकोट, शेन राज्य पैयूँ र मल्ल राज्य पर्वतका भू-भागहरु मिलेर हालको जिल्ला बन्नपुगेको साहित्यिक अध्ययनबाट खुलेको छ । सतहूँ राज्य हाल जिल्लाको मोदी नदीदेखि पूर्वको ज्ञादी क्षेत्रसम्म फैलिएको उल्लेख पाएन्छ । यस क्षेत्रलाई स्थानीयहरू हालसम्म पनि सतहुँज्ञादीका नामले चिन्दछन् । त्यस्तै कास्की राज्य पर्वत जिल्लाको रती खोला भन्दा पूर्वोत्तोर क्षेत्रमा, नुवाकोट मल्याङ्दी खोलादेखि दक्षिणहुँदै पूर्व कार्किनेटा गा.वि.स. देखि डहरे लेकको क्षेत्रमा फैलिएको देखिन्छ । हाल पैयूँकोटको नामबाट चिनिने शेनवंशी पैयूँ राज्य जिल्लाको दक्षिणी भागमा फैलिएको थियो भने पर्वत राज्यमा मोदी नदीदेखि पश्चिमोत्तर दिशाका क्षेत्र पर्दथे । यो पर्वत नाम चौबीसे राज्य पर्वतको नामबाट

वि.सं.२०१८ सालमा देशलाई विकास क्षेत्रको अवधारणा मुताविक विभाजन गर्दा रहन गएको थियो । चौबीसे राज्यकालको संगमस्थल बन्नपुगेको पर्वत जिल्लामा चौबीसेकालदेखि आधुनिककालसम्म राज्य तथा स्थानीय जनताहरूद्वारा निर्माण गरिएका वस्तुहरु कोट, किल्ला, धर्मशाला, मन्दिर आदि हालसम्म पनि  छरिएर रहेको पाइन्छ । यी वस्तुहरु सांस्कृतिक तथा पुरातात्विक दृष्टिले महत्वपूर्ण छन् । यी वस्तुहरुको सहयोगले पर्वत जिल्ला पुरातात्विक र सांस्कृतिक दृष्टिले महत्वपूर्ण क्षेत्र रहेको स्पष्ट हुन्छ ।

यस अध्ययनमा विशेष गरी प्राचीन र पूर्वमध्यकालका भौतिक संरचना यथेष्ट खोजको अभावमा प्राप्त नभए पनि मध्यकालदेखि आधुनिककालसम्म निर्माण गरेका सांग्रामिक केन्द्र कोट, किल्ला स्थानीयद्वारा स्थापित मन्दिर, पाटिपौवा लगायतका महत्त्वपूर्ण पुरातात्त्विक तथा सांस्कृतिक वस्तुहरू प्राप्त भएका छन् । यसै खोजको क्रममा पर्वत जिल्लाको थापाठाना र कार्किनेटाको सङ्गमस्थल रहेको भान्जीको पोखरी स्थल पनि महत्वपूर्ण देखिएको छ । यो पोखरीको दक्षिणी खुला चौरमा गाग्री ताउला गाडेका छन् भन्ने स्थानीय भनाई सुन्न पाइन्छ । यो पोखरी मध्यकालीन थामका राजाले बनाएको भन्ने स्थानीय भनाइ रहेको पाउनुको साथै पोखरीको उत्तरी टाकुरामा सेनाको परेड खेल्ने मैदान रहेको पनि भनाइ पाइन्छ । उक्त उत्तरी पहाडी टाकुरामा पहिले वृक्षारोपण नहुँदा वृत्ताकारमा घाँस मर्ने गर्दथ्यो, जहाँ पैसा गाडेका छन् भनेर स्थानीयले खन्दा केही प्राप्त गर्न नसकेको भनाइ समेत यस क्षेत्रमा प्रचलित छ । हाल जङ्गल भएको हुनाले यस्तो स्वरूप देख्न सकिँदैन । यस स्थानमा विस्तृत वैज्ञानिक अन्वेषण गरिनुपर्ने देखिन्छ । यस्ता महत्वपूर्ण विषय रहेको यस जिल्लामा व्यवस्थित खोज र अभिलेखीकरण गर्ने उद्देश्यअनुरूप थालिएको यस खोजले लुकेर रहेका विभिन्न कोटकिल्ला, मन्दिर, मानव निर्मित गुफा, अखाडा लगायतलाई प्रकाशमा ल्याउने काम गरेको छ । यस अध्ययनले वर्तमान यस पर्वत जिल्लामा पर्न गएका मध्यकालीन चौबीसे राज्यहरूको भौगोलिक सीमाङ्कन गर्ने काम समेत गरेको छ ।

यस अध्ययनमा विशेषतः कोटहरूलाई समावेश गरिएको भएपनि यस अध्ययनमा पैयूँकोटलाई समावेश गरिएको छैन । कोटहरू प्रायः लडाइँको लागि उपयूक्त हुनेहुनाले अग्लो पहाडी टाकुराहरूमा रहेको देखिए । यस अध्ययन क्षेत्रमा रहेका कोटहरु साधारण ढुङ्गा र माटोबाट बनेका पाइन्छन् । कोटमा हाल साधारण कोतघर र कुनै कोटमा ओखल र झिँगटीको समेत प्राप्तिले दरवार समेतको संकेत गरे पनि हाल अध्ययन क्षेत्रका कोटमा दरवार देखिँदैनन् । कोतघरहरु पहिले खरले छानो छाउने गरिएकोमा हाल सिलेट ढुङ्गा र जस्ताको उपयोग गरेको देखिन्छ । यी कोट अग्ला टाकुरामा भए पनि कोटको पर्खाल चौडा र अग्लो हुनुको साथै पर्खाललाई ठूला-ठूला ढुङ्गाका छपनीले अँठाएर निकै बलियो बनाइएका देखिन्छन् । यिनै किल्लाहरू मध्ये मुख्य किल्लाको संरक्षणको लागि सहायक किल्लाहरु पनि बनेका देखिन्छ । जस्तै :-खौलाझादीकोटको नजिकै जुम्लिठानामा लडाइँका लागि किल्लाहरु बनाइएका छन् । यी किल्लाको पूर्वोत्तर भागमा मात्र पूजापाठको लागि मन्दिर, चौका, बनाएर साधारण शिलालाई शक्तिको रूपमा स्थापना गरिएका छन् । लडाइँको लागि बनाएका किल्लाको वरिपरि सुरक्षाका लागि खाई समेत बनाएको देखिन्छ । यी कोटहरूको वरिपरि मुख्यतः दलित, जनजाति र क्षेत्रीहरूको बसोवास पाइन्छ भने तल्लो बसेको भागमा बाहुन जातिको बसोवास रहेको भेटियो । यी दलितहरू सांस्कृतिक कार्यका साथै शासक तथा राज्यका लागि चाहिने लुगाफाटो, हतियार र गरगहनाको लागि नजिकै बसेको जस्तो देखिन्छ । यस्तै, जनजाति र क्षेत्रीहरू विशेषतः सैन्यबलमा प्रयोग हुने हुनाले नजिकै बसोबास रहेको देखिन्छ । ब्राह्मणहरूको केही बसेको समथर उब्जाउयुक्त

फाँटहरूमा बसोबास रहेको पाइन्छ । कोटमा पूजाआजा गर्ने काम यिनीहरूको रहेको हुन्छ । यी ब्राह्मणहरूलाई राजामहाराजाहरूले विर्ता जग्गा बाँडेर बसोबासको व्यबस्था गरेको देखिन्छ । सतहूँका राजा ऐतबमखानले आफ्ना कुलगुरूलाई ज्ञादीचौरमा बसोबासको व्यबस्था गरेका थिए ।[327] कोटहरूमा मुख्य रूपले शक्तिस्वरुप नवदुर्गाको नवरात्र र चैत्राष्टमीमा उत्सव मनाउने भए पनि यस क्षेत्रमा भुमेको विशेष पूजा गर्ने चलन रहेको छ । मानव आकृतिविहीन साधारण शिलालाई भूमेको नाममा मनोकामना पूरा हुने चाहनामा बलिसहित पूजा गरिन्छ । यस क्षेत्रका कोटको यो विशेषताले केही प्राचीन परम्परा र सभ्यतालाई बोकेको देखिन्छ । शाह वंशका राजाहरूले स्थापना गरेका कोटहरूमा मुख्य शक्तिको रूपमा देवीलाई स्थापना गरेको पाइन्छ । शाहवंशको कुल मन्दिर आलम लसर्घामा दुर्गा भवानीलाई पूजा गर्ने परम्परालाई आठटीकाका शाहराजाहरूले कालिकाको रूपमा आ-आफ्ना कोटहरूमा स्थापना गरिएको पाइन्छ ।[328] यसको विपरित यहाँका कोटहरूमा कालिको स्थापना गरे पनि सांस्कृतिक दृष्टिले कालिकाको भन्दा भूमेको बढि महत्व रहेको देखिन्छ । यो भूमे शाब्दिक रूपले पुरूषवाचक शब्द भए पनि यो स्त्रीलिङ्गी भूमिको परिवर्तित रूप हो भन्ने देखिन्छ । कोट स्थापना गर्ने शासकहरूले आफूलाई भूमिको मालिकको स्वरूप मातृस्वरूप भूमि लाई पूजा गर्ने परम्पराको विकास गरेको देखिन्छ । त्यसैले कोटहरूमा भूमेको नाममा उघौंली र उभौंली नाममा विशेष पूजा हुने गर्दछन् । यसका साथै कोटको व्यवस्था स्थापना गर्दा पनि भूमेलाई संरक्षकको रूपमा राखिएको पाइन्छ । दुर्लुङ कोटको व्यवस्था स्थापना गर्न जारी गरिएको पत्रमा समेत कोटको हेरचाह नगरे भूमेले हानी गर्नेछन् भन्ने विवरण परेको छ ।[329] यसको साथै कोटमा गौडोको पूजागर्ने चलन पनि विशेष देख्न सकिन्छ । यो गौडोलाई पशुको संरक्षकको रुपमा पूज्ने चलनले यस क्षेत्रमा पशुपालनको परम्परालाई संकेत गरेको छ । सांस्कृतिक रूपले जीवित रहे पनि यी कोटहरूको भौतिक स्वरूप भने दिनदिनै जीर्ण हुँदै जान थालेको देखिन्छ । त्यसैले यिनीहरूको वेलैमा संरक्षण गरी पूर्खाहरूको स्मारकलाई बचाउनु आवश्यक रहेको छ । यसको लागि सरकार तथा स्थानीय स्तरमा जनचासो र जनसहभागिता जुट्नु आवस्यक देखिन्छ ।

पर्वत जिल्लामा प्रागैतिहासिक काल देखिकै मानव सभ्यता विकास भएका प्रमाणहरू प्राप्त भए पनि वास्तुकलाको प्रभावको दृष्टिकोणबाट हेर्दा प्राचीन स्वरूप हाल हाम्रो सामु जीवित नरहेको कारण स्पष्ट उल्लेख गर्न सक्ने अवस्था छैन । पाङको पार्वतीगुफाबाट भग्न स्त्री मूर्तिको प्राप्तिले भने जिल्लामा प्राचीनकाल देखि नै मूर्तिकलाको विकास भएको देखिएको छ । यो मूर्ति यस अध्ययनको महत्वपूर्ण उपलब्धि हो । यो मूर्ति स्थानीयस्तरमा नै निर्माण भएको हो वा अन्यत्रबाट ल्याइएको हो यसै भन्न सकिँदैन । यदि यो मूर्ति स्थानीय निर्माण हो भने यस्तो राम्रो मूर्ति कसले बनायो ? यो कला निर्माण गर्ने शिल्प कसरी हरायो ? यी खोजकै विषय रहेका छन् । यो मूर्ति यो पार्वती गुफामा प्राप्त भएको सन्दर्भलाई हेर्दा यो गुफाभन्दा उत्तरतर्फको भागको भागको पानीको निकासहुने गल्छी देखिने हुनाले बगेर आएको अनुमान गर्न सकिन्छ यसको साथै यो गुफादेखि

---

327 राजाराम सुवेदी, “गण्डकी अञ्चलको ऐतिहासिक विवेचना”, **गण्डकी सामाजिक गुठी स्मारिका** ,( वि.सं.२०६६ ), पृ.५८ ।

328 जगमान गुरुङ, **नेपालको राष्ट्रिय समिकरणको परिप्रेक्ष्मा गण्डकीप्रस्रवण क्षेत्रका तीर्थस्थलहरुको विश्लेषणात्मक अध्ययन**,( काठमाण्डौः नेपाल र एशियाली अनुसंधान केन्द्र, त्रि.वि., वि.सं.२०६१ असार १८ गते शुक्रबार), पृ.१३४ ।

329 **परिशिष्ट** सं.२, नं. २ ।

उत्तरी पहाडमा ततरकोट समेत रहेको हुनाले यो विषय विचारणीय देखिन्छ । मध्यकालमा विकसित चौबीसेकालदेखि भने यस जिल्लामा क्रमिक रूपमा आधुनिककालसम्म नै कला वास्तुकलाको विकास भएका प्रमाणहरू प्राप्त भएका छन् । यस कालमा विकसित कला वास्तुकलामा बाह्य र आन्तरिक दुबै शैलीको मिश्रण रहेको पाइन्छ । आधुनिककालमा काठमाडौं उपत्यका र देश बाहिरबाट समेत कलाकारहरू ल्याएर कला वास्तुकलाको निर्माण गर्ने परम्परा देखिन्छ । कुश्मा बजारको धनेश्वर शिवालय र पिपलटारीको पूर्णेश्वर शिवालय काठमाडौंबाट कालिगढहरू ल्याएर निर्माण गरिएको र मल्लाजको कर्णेलको दरबार पाकिस्तानी मिस्त्री ल्याएर निर्माण गरिएको हुनाले यो कुरा स्पष्ट हुन्छ । यसरी बाह्य कलाकारको प्रयोग गर्दा कलाकारसँगै कलाशैलीका साथै निर्माण सामाग्री र प्रविधि समेत भित्रिन पुगेको देखिन्छ । जसको फलस्वरूप मध्यकाल देखि आधुनिककालसम्मका मूर्तिकलामा पालसेन शैली र वास्तुकलामा मुगल राजपूत र यूरोपीयन शैलीको समेत जिल्लामा प्रभाव पर्न गयो । यसको साथै मिश्रित शैलीमा पनि निर्माण भएको पाइन्छ । कर्णेलको दरबार यूरोपीयन र नेपाली शैलीमा बनेको सुन्दर वास्तु हो । यसका साथै स्थानीय कलाकारहरूद्वारा पनि कला वास्तुकलाको निर्माण भएको छ । जुन विशुद्ध स्थानीय मौलिक शैलीमा निर्माण भएका छन् । जस्तो जुम्लीठाना देविस्थानको दुर्गा मूर्ति भद्दा, जिउडाल नमिलेको, श्रृङ्गारिकताको अभाव रहेको पाइन्छ । त्यस्तै मोदिवेणी अखाडा पनि स्थानीय कलाको नमूना हो । यो अखाडा पहाडी घर शैलीमा निर्मित केही ठूलो आकारमा रहेको छ । साधारण काष्ठकला, जस्ता र सिलेट ढुङगाले छानो छाउनु र अगाडि पिँडी निकालेर दोहोरो कोठी बनाउनु पछाडिको भाग सादा छोड्नु पनि यस शैलीका विशेषता हुन् । यस अध्ययनमा मृण्मयकलालाई समावेश गरिएको सन्दर्भमा, यस जिल्लामा प्राचीनकालदेखि नै माटोका सामग्री बनाउने चलन रहेको देखिएको छ । जिल्लाको पाङबाट विभिन्न आकारका पाकेको माटोबाट बनेका मालाका दाना संगै माटोको घैँटो र पाषाण औजार जमिन मुनिबाट प्राप्त गर्नुले यो विषयलाई प्रमाणित गर्न सहयोग गर्दछ । यसका साथै यस क्षेत्रमा रहेका मध्यकालीन कोट, किल्लाहरुमा दरवार छाउनको लागि झिँगटीको समेत निर्माण गरेको देखिन्छ । खौलाकोट र पिपलटारीको चालिसेमा झिँगटी प्राप्त भएका छन् । मुद्रालाई पनि समावेश गरिएको यस अध्ययनमा पर्वत राज्यका राजा कीर्तिबम मल्लको नाम अँकित ताम्रपत्रमा रहेका मोहोर छापका आधारमा पर्वत राज्यका मुद्राको वारेमा चर्चा गरिएको छ । मुद्राका छापलाई पनि मुद्रा भनिने हुनाले यहाँ समावेश गरिएको हो ।

“पर्वत जिल्लाको पुरातात्विक र साांस्कृतिक अध्ययन” शिर्षकमा गरिएको यस अध्ययनमा उपकरणहरुको अभाव र सिमित समयका कारण व्यापकरूपमा अध्ययन हुन सकेन । यसबाट आगामी अध्ययनमा उल्लेखित समस्याको समाधान भएमा उल्लेख्य उपलब्धि हासिल गर्न सकिने देखिन्छ । प्राप्त कला वास्तुकलाका नमूनाहरूलाई ध्यानमा राख्दा पर्वत जिल्ला पुरातात्त्विक दृष्टिले अत्यन्तै महत्वपूर्ण जिल्ला भएको देखिन्छ । यी पुरातात्विक र सांस्कृतिक वस्तुहरुको संरक्षणकालागि राष्ट्रिय र स्थानीयस्तरवाटै जागरूक हुनु जरूरी देखिन्छ । अध्ययनले सिँगो जिल्ला समेट्न नसके पनि पर्वत जिल्लाको पुरातात्त्विक र सांस्कृतिक अध्ययनको सुरूवात गरेको छ ।

## परिशिष्ट

### परिशिष्ट -१ ऐतिहासिक सामाग्री अभिलेख खण्ड

(१)

### धनेश्वर शिवालयको अभिलेख

पर्वत जिल्लाको सदरमुकाम कुश्मा बजार देखि उत्तरपूर्व भित्तामा यो शिवालयको मन्दिर रहेक छ । यो अभिलेख मन्दिरको बाहिर ढोकाको दायाँ भागमा झुण्डाईएको घण्टमा कुँदिएको छ । यसमा वि.सं. १९१७ साल उल्लेख गरिएको छ ।

मूलपाठ

१. स्वस्ति श्री सम्बत् १९१७ साल मिति फाल्गुणवदि १४ रोज १ मा गोसाइ धनराज गिरिका निमित्त पुत्र नरसिंह गिरि प्रताप गिरि ईश्वर गिरि दौलथ गिरि वुहारी राधीका देविले श्री श्री श्री धनेश्वर महादेव प्रति चढाञ्यू शुभम्

(साभारः श्रेष्ठ, २०५९ पृ.२२२ )

(२)

## नरसिंह मन्दिरको अभिलेख

पर्वत जिल्ला सदरमुकाम कुश्मा बजार देखि दक्षिण प्रसिद्ध कालिगण्डकी र मोदी नदीको संगमस्थलमा यो मन्दिर रहेको छ । यसै मन्दिरको भित्र झुण्डाएर यो अभिलेख भएको घण्ट राखिएको छ । यसमा वि.सं. १९६८ उल्लेख गरिएको छ ।

मूलपाठ

१. श्री संम्(त) १९६८ बैशाख शुक्ल १५ रोज ३ मा श्री ७ नरसींघ देवता पृतय गरी पुतलीषेत देवांचौर बस्ने चक्रवीरको छोरा ऊ नारां सेष्टले चढायाको घंत शुभम् ॥

(साभारः श्रेष्ठ, २०५९ पृ.२२४)

(३)

## मोदीवेणी शिवमन्दिरको अभिलेख (अप्रकाशित)

पर्वत जिल्ला मोदीवेणीस्थित नृसिंहको मन्दिर भन्दा पूर्व सँगै रहेको यो मन्दिरमा हालसालै पहिलेको विवरणलाई जनाउनका लागि यो ताम्रपत्र राखिएको देखिन्छ । यो ताम्रपत्रमा मन्दिरको पूजापाठको लागि गुठी स्थापना गरी वि.सं.१९७१ माघ १७ गते मन्दिरका पुजारीलाई कागज गरिदिएको उल्लेख गरिएको छ ।

मूलपाठ

१. शिरूवारी स्याङ्जा हालको स्याङजा जिल्ला पञ्चमूल गा. वि. सं. ४ निवासी स्व. जिजुमुमा धर्मराज गुरूङको प्रथम पत्नी काठमाण्डौ मूख्यबहाल ज्याठा बस्ने स्व. अन्तलक्ष्मी गुरूङ्ले आफ्ना भावी पुस्ताको कल्याणका लागि शिवको नित्य पूजाको निम्ति शंखरपोखरी गा. वि. सं.४ मल्याङ्दी खोलाको फाँट नुआरको खदाले ४० मूरी माटोको खेत गुठी राखी पुजारी हालका प्रेमदाश वैरागीका पितामहालाई संवत् १९७१ ।१० ।१७ मा कागज गरीदिएको ।

(४)

## लिमिभूमेकोटको अभिलेख (अप्रकाशित)

पर्वत जिल्लाको शंकरपेखरी र थापाठाना गा.वि. स.को सीमानामा रहेको लिमिभुमेकोटको पूर्वोत्तर कुनामा प्रसस्त घण्टहरू रहेका छन् । यिनै मध्ये वि.सं. १९८९ अभिलेख अंकित घण्ट रहेको छ । यसमा खोपेर अक्षर बनाइएको छ । जसको कारण केही अस्पष्ट रहेका छन् ।

मूलपाठ

१. १९८९ सालमा (सुरे क वो) जोगीका  छोरा.....रामचद्र (?विकमो) जोगीले लिमिका कोटमा रछे होला भनिकानि यो घण्ट भुमेका थान चडाएको

(५)

**खौलाज्ञादीकोटको अभिलेख (अप्रकाशित)**

**(क)**

पर्वत जिल्लाको खौलालाकुँरी गा.वि.स. मा रहेको खौलाज्ञादीकोटको उत्तरी पर्खालसँगै जोडिएर बनेको सानो पाटीमा यो अभिलेख कुँदिएको घंट रहेको छ । यसमा वि.सं.२००२ साल उत्कीर्ण गरिएको छ ।

मूलपाठ

१. २००२ साल कोटफेर वस्ने डम म सुनारले भूमेका नाउँमा चढाएको घण्ट

**(ख)**

मूलपाठ

१. जीतुले प ४ नं. षौला कोटफेर वस्ने जीत लुहारले सं २००९।४।६ मा चढाएको घण्ट

(६)

**लिमिभूमेकोटको अभिलेख (अप्रकाशित)**

सोहि स्थानमा रहेका घण्टहरूमध्ये यो पनि पर्छ यसमा २०१३ साल मंसिर १६ गते स्पष्ट सँग उल्लेख गरिएको छ ।

मूलपाठ

१. २०१३ सालको मंसिर १६ गते गुल्मी बस्ने मोहलाल सुनारले भुमेको नाममा चढाएको

**परिशिष्ट -२**

**ऐतिहासिक सामाग्री पत्र खण्ड**

(१)

पर्वत, मोदीवेणीको जङ्गल सम्बन्धी खड्गनिशाना

(यो खड्गनिशाना पर्वत मोदीवेणी निवासी श्री भगवानदासको संग्रहमा छ )

श्री दुर्गा

१. स्वस्ति श्रीमदाजकुमार कुमारात्मराज श्री प्राईमिनिष्टर यान् कम्यान्डर इन चिफ जनरल ज -

२. ङ्गबहादुर कुवँर राणाजीकस्य पत्रम् -

३. आगे जयरामदास वैरागीके पर्वतका अम्बल कुस्माचौरको वडागाउँ भन्याको जगा

४. अघिदेखि गौचर रह्याको गौचर राषनु कमोत गर्न कसैलाई नदिनु मोदीवेणीका

५. आसपासका जंगल पनि विवंदेज गरि काट्न नदिनु काठपात चाहियामा वनका अ -

६. षत्यारिसँग मागी काम चलाउनु भनि अघि नारन पुरी नरसिंह गिरिका नाउँमा लाल

७. मोहर पनि भयाको हो तिनिहरूले संभार नगर्दा वेवंदेज भै वन उज्ज्यो भन्या विस्तार

८. तिमीले हामीसँग विंती पारि जाहेर गराउँदा नारन पुरी नरसिंह गिरिका नाउँको मोहर

९. झिकि ताहाको वनको हेर्चाह गर्नालाई अबउप्रान्त तिमीलाई अषत्यारी गरि दियौं आ-

१०. फ्ना षारिज्यामा सँग अधिदेखि गौचर रहयाको गौचर राषि मोदीवेणीका आसपासको

११. जंगल पालन्या कामगर इति संवत् १९०५ साल मिति मार्ग वदि १४ रोज ६ शुभम्...

(साभार: श्रेष्ठ, २०५९, पृ.२५४)

(२)

पर्वत, दुर्लुङ्कोटमा व्यवस्था बाँधेको पत्र (अप्रकाशित)

(यो पत्र सक्कलबाट नक्कल गरी सारेको अबस्थामा पर्वत जिल्ला कुश्माबजार निवासी श्री नारायण आचार्यको संग्रहमा रहेको छ, यो पत्र यसै नक्कलबाट उतार गरिएको हो )

स्वस्ति श्री सुदिवदी नरसिंह गिरि अ विन्ती पत्रबाट स्याङ्जा नुवाकोट जङ्गीपरेटबाट सुविदार खटिईआई दुर्लुङ् कोटको स्थिति राख्न गैर गाउँबासी -कुटुवाल घोकाई कचहरी राखी पुरेत खुर्कोट विष्णु पाद्य पातलेको २० मूरी खेत खानु कोटका पुरेत बस्नु,कुश्मा बस्ने देवु पाद्यले सेराको १० मूरी खेत खानु कोटमा पुरेत बस्नु, कुश्मा वस्ने जिउन भडारी उपासु चिप्ले ढुङ्गा देखि उँभो भाजलेका डिल देखि उँघो ढलेपानी देखि प. भगवान गिरिका कमोद देखि उँभो यति भित्रको जलकेनी वगर पाती टाप्रे भएमा खदा कपास छर्नु जल, भएका जग्गामा सरकारको तिरो तिरी खेत रोपनी गर्नु , अरू जङ्गल पाल्नु, गाई भैसी पाल्नु चराउनु घाँस काट्नु झाडी सल्ला गाई चराउनु गोठ राख्नु गाईको घिउ एक मानो भूमेका थानमा धुप गर्न लानु सेराको ५ मुरी खेत खानु, १ माना नुन कोटमा लानु यति जग्गा जलकेनी वगर खानु, तिमी जिउन भडारी कोटमा रूजुभै सदासर्वदा कोटमा उपासु वस्नु तिम्रा तजबिजबाट पाथी भाई राख्नु, कोटमा द्वारे सेते खत्री वस्नु खौलाको १० मुरी खेत नरसिंह गिरिले खानु ५ पाथी चामल कोटमा लानु, मराङ्सिङ्को नौलेवोट सेतु पाद्यले खानु ४ पाथी चमल लानु, अर्मादीको तालको ५ मुरी खेत भगवान गिरीले खानु ४ पाथी चिउरा कोटमा लानु, पाखाथरको ५ गरा वारी खानु गाउँका थरी मुखीयाले ठेकी कोटमा लानु पशुपति कुमालले गाउरा भुड्का चिलिम लानु,दुर्लुङ् काफलचौर ठाडो खोरीका हर्के कामीले

खानु पाटो चिम्टा चिलिम पाठाकाट्ने खुँडामा साँध लगाउनु, कोटमा लानु कुश्मा वस्ने धने नेवारले घर्ती खाल्टो भन्ने जग्गा खानु, कोटमा सिन्दुर सुपारी डेढ भाग लम्पट दुर्लुङ् कोटमा लानु ,डाफडिका रैकरका तालुकदारले राँगा पाठा दशैंदशैंमा राँगापाठा दिनु, हल्हलेको ठाडो स्वारो केवर्री मगरले खानु आलु सिमि रक्तचन्दन ठेकी दुर्लुङ्कोटमा लानु, दुर्लुङ् फायरे वस्ने गुँदे दमाईले नगरा लगाउनु राँगाका टाउका खानु, दुर्लुङ् कोटफेर वस्ने हरिलाले सार्किले दाउरा लानु राँगाका साँप्रा खानु, कुश्मा वस्ने कुते नेवारले २ गरा वारी खानु कोटमा खर लानु , अड्डाबाट जभिन्न सिंह सुविदार आई दुर्लुङ्कोटका भूमेको स्थिति राखी दिन यस व्यहोराको साक्षी ,

कुश्मा वस्ने नरसिंह गिरि साक्षी -१

ऐ. कुश्मा वस्ने ठाकुर पुरी साक्षी -१

ऐ. कुश्मा वस्ने वखत गिरि साक्षी -१

खरेहा वस्ने गौतम पाद्य साक्षी -१

चुवा वस्ने कण्ठुपाद्य साक्षी -१

ऐ. दुर्लुङ् वस्ने भइमान गुरूङ् साक्षी -१

ऐ. कुशमा वस्ने पिताम्बर पाद्य साक्षी -१

ऐ. कुश्मा वस्ने विजन्ने लामिछाने साक्षी -१

ऐ. कुश्मा वस्ने सिवाधर पाद्य साक्षी -१

ऐ. रोहटे वस्ने गडमो पाद्य साक्षी -१

ऐ. वस्ने गोकुल पाद्य साक्षी -१

यसमा जानी जानी खोजी गरेनौ भने दुर्लुङ्कोटका भूमेले क्षय गर्नु,

ईति सम्बत् १९११ साल जेष्ठ ४ रोज ५ शुभम्

## सन्दर्भ ग्रन्थ सूची

### नेपाली भाषाका पुस्तकहरू

१. आचार्य, महेशकुमार,**प्रागइतिहास र पुरातत्त्वको सामान्य परिचय,** काठमाण्डौंः रत्न

पुस्तक भण्डार, वि.सं.२०५६ ।

२. खनाल, मोहनप्रसाद, **चाँगुनारायणका ऐतिहासिक सामाग्री,** काठमाण्डौः नेपाल र एशियाली अनुसंधान केन्द्र, वि.सं.२०४० ।

३. खनाल,मोहनप्रसाद **नेपाली कला (प्रारम्भ देखि उत्तरमध्यकालसम्म** ) काठमाण्डौः साझा प्रकाशन, वि.सं. २०५२ ।

४. खतिवडा सोमप्रसाद, **नेपालका लिपि र मुद्राको परिचय,** काठमाण्डौः एम.के. पब्लिसर्स एण्ड डिष्ट्रिव्युटर्स, वि.सं. २०६० ।

५. खत्री, प्रेमकुमार, **उत्पत्तिः मानव सभ्यताका केही पक्षको ऐतिहासिक एवम् मानवशास्त्रीय अध्ययन,** काठमाण्डौः नेपाल र एशियाली अनुसंधान केन्द्र, वि.सं. २०५५ ।

६. गुरूङ, जगमान, **नेपालको राष्ट्रिय समिकरणको परिप्रेक्षमा गण्डकी प्रस्रवणक्षेत्रका तीर्थस्थलहरूका विश्लेषणात्मक अध्ययन,** काठमाण्डौः नेपाल र एशियाली अनुसंधान केन्द्र, वि.स २०६१ असार १ गते ।

७. गुरूङ्, जगमान, **गण्डकीप्रस्रवणक्षेत्रको सांस्कृतिक सम्पदा**, काठमाण्डौः पश्चिमाञ्चल विकाश मञ्च, वि.सं.२०६७ ।

८. जोशी, हरिराम, **उत्तर प्राचीनकालीन मुद्रा,** काठमाण्डौः साझा प्रकाशन, वि.सं.२०३३ ।

९. दाहाल पेशल र सोमप्रसाद खतिवडा,**अनुसंधान पद्धति,** काठमाडौः एम.के. पब्लिसर्स एण्ड डिष्ट्रिब्यूटर्स, वि.सं.२०६५ ।

१०. पाण्डे, रामनिवास र दिनेशचन्द्र रेग्मी, **नेपालको प्रागितिहास,** काठमाण्डौः नेपाल र एशियाली अनुसंधान केन्द्र, वि.सं.२०६२ ।

११. पौड्याल, वीणा, **नेपाली मूर्तिकला र चित्रकला,** काठमाण्डौः नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व केन्द्रिय विभाग, त्रि. वि., कीर्तिपुर, वि.सं. २०५७।

१२. वज्राचार्य, धनवज्र, **लिच्छविकालका अभिलेख,** काठमाण्डौः नेपाल र एशियाली अनुसंधान केन्द्र, वि.सं. २०५३ असार ।

१३. वज्राचार्य धनवज्र, **गोपालराजवंशावलीको ऐतिहासिक विवेचना,** काठमाडौः नेपाल र एसियाली अनुसंधान केन्द्र, वि.सं.२०६६ ।

१४. ढुङ्गेल, रमेश, **प्राचीन अर्थव्यवस्था,** काठमाण्डौः शारदाप्रसाद ढुङ्गेल, वि.सं.२०४३ ।

१५. रेग्मी, जगदीशचन्द्र,**शाहकालीन कला र वास्तुकला**, काठमाण्डौः साझा प्रकाशन, वि.सं. २०३३ ।

१६. रेग्मी, जगदीशचन्द्र, **नेपालको वैधानिक परम्परा,** काठमाण्डौंः तन्नेरी प्रकाशन, वि.सं. २०६० ।

१७. श्रेष्ठ, टेकबहादुर, **पर्वत राज्यको ऐतिहासिक रूपरेखा,** काठमाण्डौंः नेपाल र एशियाली अनुसंधान केन्द्र, वि.सं.२०५९ ।

१८. शर्मा, डिल्लीराज, **नेपालको किल्ला वास्तुकला,** काठमाण्डौंः नेपाल र एशियाली अनुसंधान केन्द्र, वि.सं.२०५५ ।

१९. शर्मा डिल्लीराज, **पश्चिम नेपालको मूर्ति तथा वास्तुकला,** काठमाण्डौंः नेपाल राजकिय प्रज्ञा–प्रतिष्ठान, वि.सं.२०५८ ।

**नेपाली भाषाका लेख तथा वुलेटिन**

१. पौड्याल, षडानन्द, "पाङ्को परिचयात्मक मूल्यः शिक्षा र साहित्य " **स्वर्ण महोत्सव स्मारिका पाङधैरेनी उच्च मा.वि.कुनाचौर पर्वत**, वि.सं.२०६६ ।

२. प्रधान, रूक्मिणी (वन्त),"गढी-किल्लाको कवितात्मक वर्णन" काठमाण्डौंः **कन्ट्रिब्यूसन टु नेप्लिज स्टडिज,** भोलम् २४, नं.१, जनवरी १९९७ । १.

३. रिजाल, तेजनाथ, "पाङमा ज्योतिष संस्कृतको उद्भव र श्री पाङ धैरेनी उ.मा.वि.को संस्थापन केही चर्चा" **स्वर्ण महोत्सव स्मारिका पाङधैरेनी उच्च मा.वि.कुनाचौर पर्वत,** वि.सं.२०६६ ।

५. रिमाल, मदनकुमार, "प्राचीन मल्लपुरीको खोजी चुनौती र सम्भावना " **नेप्लिज कल्चर** भोलम् ११,काठमाडौः त्रि. वि.,संस्कृति केन्द्रिय विभाग, वि.सं.२०६८ ।

६. रिमाल, मदनकुमार, "सिम्रौनगढको सांस्कृतिक र त्यसको आयाम" **सिम्रौनगढ विषयक सङ्गोष्ठी,** काठमाण्डौंः नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान वि.सं.२०५७ ।

७. सुवेदी, राजाराम, "गण्डकी अञ्चलको ऐतिहासिक विवेचना" **गण्डकी सामाजिक गुठी स्मारिका,** वि.सं.२०६५ ।

८. श्रेष्ठ, कल्पना, "मृण्मयकलाः एक सिंहावलोकन" **भ्वाईस अफ कल्चर,** संस्कृति विभाग पद्यकन्या बहुमुखी क्याम्पस, काठमाण्डौंः वि.सं. २०६६ ।

९.श्रेष्ठ, टेकबहादुर,"पर्वतका केही ताम्रपत्रहरू"काठमाण्डौंः **कन्ट्रिब्यूसन टु नेप्लिज**

**स्टडिज,** वर्ष ३, अङ्क २, वि.सं.२०३३ ।

१०. शर्मा, बाबुराम,“ दुर्लुङकोटको एक चिनारी” **दुर्लुङ चौतारी,** वि.सं.२०६२ ।

११. त्रिपाठी, चन्द्रप्रसाद,“ सिमरौनगढको पुरातात्त्विक अध्ययन” **सिमरौनगढ विषयक सङ्गोष्ठी,** नेपाल राजकिय प्रज्ञा-प्रतिष्ठान काठमाण्डौंः वि.सं.२०५७ ।

१२. श्री५को सरकार,“मेचीदेखि महाकाली” भाग३,**सूचना विभाग,**काठमाण्डौंः वि.सं.२०३१।

१३. पर्वत जिल्लाको संक्षिप्त चिनारी (ब्रोसर) **जि.वि.स.को कार्यालय सूचना तथा अभिलेख केन्द्र पर्वत,** वि.सं.२०६७ ।

१४. प्राचीन स्मारक संरक्षण नियमावली २०४६, नेपाल सरकार संस्कृति पर्यटन तथा नागरिक उड्यन मन्त्रालय, **पुरातत्त्व विभाग** २०६५ ।

१५. **गाउँविकास समितिको प्रोफाईल, उरामपोखरा,** वि.सं. २०६८ ।

१६. **गाउँविकास समितिको प्रोफाईल, थापाठाना,** वि.सं. २०६८ ।

### हिन्दी भाषाका पुस्तक

१. उपाध्याय, वासुदेव, **प्राचीन भारतीय मूर्ति-विज्ञान,** वाराणसी : चौखम्बा विद्याभवन सन् १९८२ ।

२. गुप्त, परमेश्वरीलाल, **भारतीय वास्तुकला,** वाराणसी : विश्वविद्यालय प्रकाशन, सन् १९८९ ।

### अंग्रेजी भाषाका पुस्तक

1. Banerjee, J.N. , **The Development of Hindu Iconography**, Delhi, Munshiram Manoharlal Publisher Pvt., 1974.
2. Banerjee, N.R., **Nepalese Architecture**, Delhi, Agamkala Parkashan, 1980.

3. Bangdel, Lainsing, **The Early sculpture of Nepal,** Delhi, Vikash Publishing House Pvt. Ltd., 1982.
4. Bernier M. Ronald, **The Nepalese Pagoda**, New Delhi, S. Chand and Company Ltd., Ramnagar, 1979.
5. Bidari, Basanta, **Kapilvastu : The World of Siddhartha,** Lumbini, Author, The Sacred Garden, 2007.
6. Burkitt, M.C. **The Old Stone Age,** Calcutta, Rupa and Co. 1963.
7. Brown, Percy **Indian Architecture (Buddhist and Hindu ),** Bombay, D.B., Taraporevala Sons and Co. Pvt. Ltd., 1976.
8. Colin Renfrew Paul Bahan **ArchaeoLogy: Theories, Method and Practice**, , London, Thamas and Hadson Ltd., 2000.
9. Craven, C. Roy **A Concise History of Indian art**, New York , Praegar Publishers, 1976.
10. Grover, Satish, **The Architecture of India( Buddhist and Hindu )** U.P., India, Vikash Publishing House, Pvt. Ltd., 1980.
11. Gupta, P. L. **Coins,** New Delhi, National Book Trust, India, 1969.
12. Harle, F.C. **The Art and Architecture of Indian Sub-continent,** Penguin Books, 1986.
13. Havell, E.B. **Indian Sculpture and Painting,** New Delhi, Cosmo Publications, 1980.
14. Hutt, Michael, **Nepal,** Shambhala, Boston, 1995.
15. Korn, Wolfgang, **The Traditional Architecture of Kathmandu Vally,** Kathmandu, Ratna Pustak Bhandar, 1976.
16. Upjonn M. Everard Paul S. Wingert and Jane Gaston Nahler **History of World Art,** Oxford University Press,1958.
17. Wenkey, Robert J. **Patterns in Prehistory,** Oxford, 1990.


**स्थलगत अध्ययनका क्रममा विवरण दिने व्यक्तिहरू :–**

१. पर्वत, खौलालाँकुरी गा.वि.स. स्थित कोटका पुजारी, वर्ष ७१ का श्री धुर्वलाल सुवेदी ।

२. पर्वत,मोदीवेणी नृसिंह मन्दिर संरक्षण समितिका अध्ययक्ष, वर्ष ४९ का श्री गोपालदास वैरागी ।

३. पाङ, सहस्रधारास्थित श्री मुक्तिनारायण मन्दिरका स्वामी, वर्ष ५२ का श्री नारायण आचार्य ।

४. पर्वत, मल्लाज–८, माझफाँट निवासी निवृत शिक्षक, श्री थल वहादुर घर्ती क्षेत्री ।

५. पर्वत, दुर्लुङ, काफलचौर निवासी शिक्षक, श्री शंकर गुरूङ् ।

६. पर्वत, थापाठाना गा.वि.स., वडा ६–जीताकोट निवासी, वर्ष ५९ का श्री जुद्ध बहादुर के.सी. ।

७. पर्वत, कुश्मा निवासी दुर्लुङ्कोटका पुजारी, विद्यालय श्रोतव्यक्ति, श्री नारायण आचार्य ।

८. पाङ, सहस्रधारा निवासी, श्री तेजनाथ रिजाल ।

## चित्रसूची

चित्र सं. १. पाङबाट प्राप्त नवपाषाणकालीन माटोको घैंटो ।

चित्र सं. २. खाल्टोमा रहेको माटोको घैंटो ।

चित्र सं. ३. खाल्टोमा प्राप्त प्वाल पार्ने उपकरण (बोडकिन्स् ) ।

चित्र सं. ४. जमिन मुनि पत्थरको फलेकबाट बनेको वास्तु स्वरूप ।

चित्र सं. ५. खाल्डोबाट प्राप्त पाको माटोबाट निर्मित मालाका दाना ।

चित्र सं. ६. पाङको पार्वती गुफाबाट प्राप्त भग्न नारी मूर्ति ।

चित्र सं. ७. पुरानो ज्ञादीठानाको पूर्वी बुर्जाको बचेको भाग (ठानाको स्केच सहित ) ।

चित्र सं. ८. पुरानो ज्ञादीठानाको पश्चिमी भागको खाई ।

चित्र सं. ९. छेउठाना (स्केच सहित) ।

चित्र सं. १०. छेउठानाको बचेको पर्खालको मोटाई भाग ।

चित्र सं. ११. छेउठानाको उत्तरपश्चिमी खाई ।

चित्र सं. १२. खाई सहितको माझठाना (स्केच सहित) ।

चित्र सं. १३. जुम्लिठाना दुर्गा मन्दिर ।

चित्र सं. १४. जुम्लिठानामा रहेका दोहोरो वेदिकाकार थान ।

चित्र सं. १५. जुम्लिठाना दुर्गा मूर्ति ।

चित्र सं. १६. खौलाज्ञादीकोट (स्केच सहित) ।

चित्र सं. १७. खौलाज्ञादीकोटको प्रवेशद्वार र पर्खाल ।

चित्र सं. १८. खौलाज्ञादीकोटमा प्राप्त झिँगटी ।

चित्र सं. १९. लिमिभूमेकोट (स्केच सहित ) ।

चित्र सं. २०. लिमिभूमेकोटको पहिलो द्वार र पर्खाल ।

चित्र सं. २१. लिमिभूमेकोटको दोस्रो भित्रीद्वार र पर्खाल ।

चित्र सं. २२. जिताकोट ।

चित्र सं. २३. अर्जिकोटका दुई थुम्का ।

चित्र सं. २४. दुर्लूङ्कोट ।

चित्र सं. २५. दुर्लूङ्कोटमा रहेका प्राचीन ओखलाकार पाषाण खण्ड ।

चित्र सं. २६. दुर्लुङ्कोटको पहिलो द्वारमा रहेको थानपतिको थान ।

चित्र सं. २७. मोदीवेणीको नृसिँह मन्दिरमा रहेका शालिग्राम शिला ।

चित्र सं. २८. मोदीवेणीको अखाडा ।

चित्र सं. २९. अखाडाको भित्रीभाग ।

चित्र सं. ३०. मोदीवेणीमा रहेको मानव निर्मित गुफा ।

चित्र सं. ३१. मोदीवेणीको शिव मन्दिरमा रहेको श्रीविष्णु मूर्ति ।

चित्र सं. ३२. कुश्माको धनेश्वर शिवालय ।

चित्र सं. ३३. धनेश्वर शिवालयमा रहेको धातुको उमामहेश्वर मूर्ति ।

चित्र सं. ३४. धनेश्वर शिवालयको सूर्य मूर्ति ।

चित्र सं. ३५. धनेश्वर शिवालयको श्रीविष्णु मूर्ति ।

चित्र सं. ३६. धनेश्वर शिवालयको सिंहवाहिनी मूर्ति ।

चित्र सं. ३७. धनेश्वर शिवालयको गणेश मूर्ति ।

चित्र सं. ३८. धनेश्वर शिवालयको गर्भगृहमा  रहेको सादा शिवलिङ्ग ।

चित्र सं. ३९. पर्वत पिपलटारीस्थित पूर्णेश्वर शिवालय मन्दिर ।

चित्र सं. ४०. पर्वते मल्ल राजा किर्तिबम मल्लद्वारा जारी उर्दूलिपिविहिन मुद्रा अँकित ताम्रपत्राभिलेख ।

चित्र सं. ४१. राजा किर्तिबम मल्लद्वारा जारी उर्दूलिपि भएको मुद्रा अँकित ताम्रपत्र ।

चित्र सं. ४२. मोदी र कालीगण्डकीको संगमस्थल मोदीवेणीधाम ।

चित्र सं. ४३. पाङको ततरकोटबाट देखिने पाङदेखि कुश्मा, र पारी वाग्लुङ जिल्ला सम्मको कालीगण्डकीको वारिपारी देखिने भू-दृष्य ।

चित्र सं. ४४. काठमाडौं आर्यघाटबाट प्राप्त प्राचीन मन्दिर वास्तुको स्वरूप ।

चित्र सं. ४५. काठमाडौंको सतुँगलस्थित महालक्ष्मी मन्दिर भित्र रहेको प्राचीन तल्ले शैलीको मन्दिर स्वरुप ।

चित्र सं. ४६. मल्लाजमा रहेको पाकिस्तानी मिस्त्रीद्वारा निर्मित कर्णेलको भग्न दरबार ।

चित्र सं. ४७. दुर्लुङस्थित घण्ट सहितको देवीदेउरालीको थान ।

## चित्रफलक



चित्र सं. १ पाङबाट प्राप्त माटोको घैंटो (सौजन्यः पुरातत्त्व विभाग)



चित्र सं. २ खाल्टोमा रहेको घैंटो (सौजन्यः पुरातत्त्व विभाग )



चित्र सं.३ घैंटोसँग प्राप्त प्वाल पार्ने औजार (बोडकिन्स्) (सौजन्यः पुरातत्त्व विभाग )



चित्र सं.४ जमिनमुनि रहेको ढुङ्गाको फलेकबाट बनेको वास्तु(सौ.पुरातत्त्व विभाग)



चित्र सं.५ खाल्डोबाट प्राप्त पाको माटोबाट बनेका मालाका दाना (सौ.पुरातत्त्व विभाग)।



चित्र सं. ६ पर्वत, पाङको पार्वती गुफाबाट प्राप्त स्त्री मूर्ति ।




चित्र सं. ७ पुरानो ज्ञादीठानाको पूर्वीबुर्जाको बचेको पर्खाल ।



चित्र सं. ८ पुरानो ज्ञादीठानाको पश्चिमी खाई ।

स्केच सं. १. पुरानो ज्ञादीठाना






चित्र सं. ९ छेउठाना ।



चित्र सं. १० छेउठानाको पर्खालको भाग ।

स्केच सं. २. छेउठाना






चित्र सं. ११ छेउठानको उत्तरपश्चिमी खाई ।



चित्र सं. १२ खाईसहितको माझठाना ।

**स्केच सं. ३. माझठाना**





चित्र सं. १३ जुम्लिठाना दुर्गा मन्दिर ।



चित्र सं. १४ जुम्लिठानामा रहेका दोहोरो वेदिकाकार थान ।




चित्र सं. १५ जुम्लिठाना दुर्गा मूर्ति ।



चित्र सं. १६ खौलालाँकुरी गा.वि.स.मा रहेको खौलाज्ञादीकोट ।

**स्केच सं. ४. खौलाङ्ग्रादीकोट**





चित्र सं. १७ खौलाज्ञादीकोटको प्रवेशद्वार र पर्खाल ।




चित्र सं. १८ खौलाज्ञादीकोटबाट प्राप्त झिँगटी ।



चित्र सं.१९ शंकरपोखरी र थापाठाना गा.वि.स.को सीमामा रहेको लिमिभूमेकोट ।

स्केच सं.५. लिमीभूमेकोट





चित्र सं. २० लिमिभूमेकोटको पहिलोद्वार र पर्खाल ।



चित्र सं. २१ लिमिभूमेकोटको दोस्रो भित्री द्वार ।



चित्र सं. २२ थापाठाना गा.वि.स.मा रहेको जिताकोट ।



चित्र सं. २३ ठूलिपोखरी गा.वि.स. वडा ५ मा स्थित अर्जिकोट का दूई थुम्का ।



चित्र सं. २४ दुर्लुङ गा.वि.स.मा  रहेको दुर्लुङकोट ।



चित्र सं. २५ दुर्लुङ्कोटमा रहेका प्राचीन ओखलाकार पाषाण खण्ड ।



चित्र सं. २६ दुर्लुङकोटको पहिलो द्वारमा रहेको थानपति को थान ।



चित्र सं. २७ पर्वत, मोदिवेणीस्थित नृसिंह मन्दिरमा रहेका शालिग्राम ।



चित्र सं.२८ मोदीवेणीमा रहेको अखाडा ।



चित्र सं. २९ अखडाको भित्रीभाग ।



चित्र सं. ३० मोदीवेणीस्थित मानव निर्मित गुफा



चित्र सं. ३१ मोदीवेणीस्थित शिवमन्दिरमा रहेको श्रीविष्णु मूर्ति ।



चित्र सं. ३२ पर्वत, कुश्मावजारस्थित धनेश्वर शिवालय मन्दिर ।



चित्र सं. ३३ धनेश्वर शिवालयमा रहेको धातुको उमामहेश्वर मूर्ति ।



चित्र सं. ३४ धनेश्वर शिवालयको सूर्य मूर्ति ।



चित्र सं.३५ धनेश्वर शिवालयको श्रीविष्णु ।



चित्र सं.३६ धनेश्वर शिवालयमा रहेको सिंहबाहिनी दुर्गा ।




चित्र सं. ३७ धनेश्वर शिवालयको गणेश मूर्ति ।



चित्र सं. ३८ शिवालयको गर्भगृहमा रहेको शिवलिङ् ।



चित्र सं.३९ पर्वत, पिपलटारी वितलबमा रहेको पूर्णेश्वर शिवालय ।



चित्र सं. ४० ताम्रापत्राभिलेख (साभार: श्रेष्ठ,सि.एन.ए.एस.जर्नल भोलम् ८, नं.२ ) ।



चित्र सं. ४१  ताम्रपत्राभिलेख (साभार: श्रेष्ठ, सि.एन.ए.एस. जर्नल बर्ष ३, अंक २ विं.सं.२०३२, पृ.७२ ) ।



चित्र सं.४२ मोदी र कालीगण्डकीको संगमस्थल मोदीवेणीधाम ।



चित्र सं.४३ पाङको ततरकोटबाट देखिने पाङदेखि कुश्मा, र पारी वाग्लुङ जिल्ला सम्मको कालीगण्डकीको काखमा रहेको भौगोलिक बनावट ।



चित्र सं. ४४ काठमाण्डौं, आर्यघाटबाट प्राप्त मन्दिर वास्तुको प्राचीन स्वरूप ।



चित्र सं.४५ काठमाण्डौं, सतुंगलको महालक्ष्मी मन्दिर भित्र रहेको तलेशैली को स्वरूप ।



चित्र सं. ४६ पर्वत जिल्लाको मल्लाजमा रहेको कर्णेलको भग्न दरबार ।



चित्र सं. ४७ पर्वत जिल्लाको दुर्लुङस्थित घण्ट सहितको देवीदेउराली ।